ISSN No. : 2773-8027 (print)
ISSN No. : 2773-8035 (online)

प्यलापौ

# त्रि-रत्न

Tri-Ratna

दँ : २ थ्यं ल्या : ५ बु.सं. २५६५

ने.सं. ११४१ बछला स्वाँया पुन्हि २०७८ जेष्ठ




“बुद्ध शिक्षा संस्कृतिया संरक्षण, सम्वृद्ध बौद्धसमाजया संवर्द्धन”

## बौद्ध विहार संघ

अक्षयेश्वर महाविहार

पुच्वः, यल

# बौद्ध विहार संघया गतिविधिया किपा मुना



महानगरिय प्रहरी प्रभाग ललितपुरया वरिष्ठ प्रहरी उपरिक्षक मयुजु किरण वज्राचार्यजुयात हना ज्याभ्व



श्रीलंका राजदुतावसया प्रथम सचिव मयुजु दिनेशा समराशिंगेजुया विदाई ज्याभ्वः



सर्वोच्च अदालत बार एसोसियशनया अध्यक्ष पदय् निर्वाचित वरिष्ठ संविधानविद् भाजु पूर्णमान शाक्यजुयात हना ज्याभ्वः



बौद्ध विहार संघया कजीसुइ ग्वसाग्वगु ने.सं. ११४१ न्हू दँ समारोह




युट्युव प्रसारणया नितिं डा. गौतमवीर वज्राचार्य पाखें "प्रतीत्यसमुत्पाद" विषयस बिया बिज्याःगु प्रवचन




युट्युव प्रसारणया श्रद्धेय गुरुजु राजभाइ वज्राचार्य पाखें "गुरुमण्डलार्चन" विषयस बिया बिज्याःगु प्रवचन

"बुद्ध शिक्षा संस्कृतिया संरक्षण, सम्वृद्ध बौद्ध समाजया संवर्द्धन"

# त्रि–रत्न

प्यला–पौ

दँ : २ थ्यं ल्या : ५  बु.सं. २५६५  ने.सं. ११४१ वछलाथ्व (स्वाँयापुन्हि)  २०७८ जेठ

संरक्षक
नानीकाजी शाक्य
नायो, बौद्ध विहार संघ

संयोजक/सम्पादक
गौतममुनि वज्राचार्य

सम्पादक मण्डल
चन्द्रबहादुर शाक्य
सानुमान वज्राचार्य
पुष्पराज वज्राचार्य
ज्ञानेन्द्र शाक्य

ग्वहाली
अनिलवीर वज्राचार्य
मिलन शाक्य
सुरेन्द्रकुमार शाक्य
विश्वास वज्राचार्य
सन्दिरा वज्राचार्य
बुद्धलक्ष्मी शाक्य
पूर्ण शाक्य
दीपक शाक्य
पूर्णराज शाक्य

देवः किपा
भवचक्र मण्डल
(व्योमकुसुम बुद्ध धर्म संघया गुम्बाया अंगलय् स्व. दीपक जोशी व समूह पाखें च्वयातःगु चित्रकला)

मुद्रक
राजमति प्रेस
फोन : ५५३४५२७

पिकाक
बौद्ध विहार संघ, यल
अक्षयेश्वर महाविहार
पुच्व, यल ।
फोन : ५५२७६७०

ग्वहालि – १००।– तका



**नानायाननयोपाय जगदर्थविभावक ।**
**यानत्रितयनिर्यात एकयानफले स्थित ।।**

*नामसङ्गीति*

जगत कल्याणया नितिं थी थी यानया उपदेश कनातःगु खः ।
स्वंगू याना देशना जूगु खःसां अन्तय् छगू हे फलय् स्थित जुइ ।

---

**चित्तं नयति देवेषु चित्तञ्च नरभूमिषु ।**
**चित्तं नयत्यपायेषु चित्तं भ्रामयति प्रजा ।।**

*धर्मसमुच्चय, चित्त वर्ग*

चित्तं भ्रीत देवलोके यंकी, चित्तं हे मनुष्य भूमि नं ।
अथेहे चित्तं अपाय भूमिइ यंकीगु खःसा चित्तं हे भ्रमय् तयातैगु खः।।

---

**संवृत्ति धर्ममापन्नाः सत्त्वाः क्लेशवशानुगाः ।**
**चिरं भ्रमन्ति संसारे परमार्थमजानका ।।**

*नैरात्म्य परिपृच्छा सूत्र*

परमार्थ ज्ञान मदुगुलिं क्लेशयागु वसय् लाना संवृत्ति धर्मय् जक भुलय्
जुइपिं सत्त्वपिं ताःकाल तक संसार चक्रय् चाःचाः हुला च्वनी ।

## सम्पादकीय

# २६४५ औं बुद्ध जयन्तीया भिन्तुना

अनन्त गुणं सम्पन्नम्ह अनुत्तर सम्येक्सम्बोधि लाभ याना मानव जगतयात सत्यया लँ क्यंम्ह वसपोल भगवान् बुद्ध खः । वसपोलया गुणानुस्मरण यायेगु व बुद्धोपदेशया प्रचार प्रसार यायेगु आज्जुतया हलिंन्यंकं बैशाख पूर्णिमा हनेगु यानावयाच्वंगु दु । बुद्धया जन्म, बोधि लाभ व महापरिनिर्वाण स्वंगू संयोग चूलाःगु दिं थ्व बैशाख पूर्णिमा खःसां नेपाले बुद्ध जन्मस्थल लुम्बिनी लाःगु हुनिं थुकिया गौरव स्वरूप स्वंगूलिं संयोगयात लुमंकुसे 'बुद्ध जयन्ती' अर्थात् 'जन्म'यात जक उच्चारण याना हनेगु यानावयाच्वंगु खनेदु । नेपालय् वि.सं. १९८३ पाखें निसें तिनि हनेगु शुरु जूगु थुगु पर्व थ्वयाँ न्हापा गुकथं हनीगु खः धैगु उलि स्पष्ट मजू ।

बैशाख पूर्णिमायात नेपाःमिपिन्सं परापूर्वकालं निसें 'स्वाँयापुन्हि' धका धायेगु यानावयाच्वंगु दु । गोपालराज वंशावलीइ लिच्छिवि जुजु मानदेवया इले 'पोष्प पूर्णमी होली कृतम्' अर्थात् 'स्वाँयापुन्हि कुन्हु होली हन' धका च्वयातःगु दु । यदि थ्व वंशावलीया खँ सत्य खःसा स्वाँयापुन्हि धायेगु चलन मानदेवया पाले नं दूगु स्पष्ट जू । नेपालय् जक मखु बैशाख पुन्हियात जापानय् 'हानामाचुरी' अर्थात् 'स्वाँया जात्रा' धका बुद्धया जन्म दिं हनेगु परम्परा दु । थ्व कुन्हु बालक सिद्धार्थया मूर्तियात लखं लुना पूजा यायेगु परम्परा दु । थ्व परम्परा चीनं जापानय् वंगु व सन् ६०६ निसें हनावयाच्वंगु इतिहास दु । थुकथं स्वंगू देशय् स्वाँयापुन्हि धैगु अर्थय् नाँया परम्परा ज्वलाःगु अर्थपूर्ण खनेदु । भारत, नेपाल, चीन जुजुं जापानय् बुद्धधर्म दुहाँवंगु इतिहास अनुसार नेपाःया हे प्रचलन कथं चीन व जापानय् स्वाँयापुन्हिया नामं बुद्ध जयन्ती मानेयायेगु आतक न्ह्यानाच्वंगु तर नेपालय् थ्व प्रचलन तोफिना ववं स्वाँयापुन्हि बुद्धलिसे स्वापू दु धैगु तक हे लोमनावंगु खनेदु ।

नेपालय् हनीगु बुद्ध जयन्तीया परम्पराय् (थुगु दँय् उदाहरण कथं) '२५६५ औं बुद्ध जयन्ती' धका धायेगु याः । नेपाली, हिन्दी वा संस्कृत न्ह्यागगु हे शब्दकोष पुइका स्वसां - 'जयन्ती' धैगुया अर्थ 'जन्म दिन' अर्थात् 'जन्मोत्सव' धका हे च्वया तैगु लुयावइ । तर '२५६५' धाःगु अङ्क जन्म वर्ष मजूसे महापरिनिर्वाण वर्ष खः । उकि '२५६५ औं बुद्ध जयन्ती' धका धायेगु तथ्यगत रूपं त्रुटिपूर्ण खः । मस्युपिन्संला छ्यलीगु स्वाभाविक हे खः तर स्युपिन्सं नं थ्व त्रुटियात परम्पराया नामय् न्ह्याकावयाच्वंगु खँ आश्चर्यजनक खः । मुक्तकण्ठं 'थ्व गलत खः' धका धायेगु व थुकियात भिंका आवंनिसें '२६४५ औ बुद्ध जयन्ती' धायेनु धाये फयाच्वंगु मदु । थुकिं बुद्ध जन्मस्थल नेपाः धका गौरव तायेकिपिं नेपामिपिनिगु दथुइ आतकनं बुद्ध जयन्तीया अर्थ, उद्देश्य व इतिहासय् स्पष्टता मवोनिगु बोध जुइ । थ्व खँयात वाःचायेका यलय् थुगुसिनिसें '२६४५ औं जन्म दिवस, २६१० बोधिलाभ दिवस व २५६५ औं महापरिनिर्वाण दिवस' धका स्वंगूलिं दिवसयात उल्लेख याना बुद्ध जयन्ती हनेगु सुरुवाट यायेत्यंगु दु ।

थुगुसिया बुद्ध जयन्ती नं कोरोना महामारीया हुनिं प्रभावित जुइगु खनेदु । अथेसां नं भर्चुअल माध्यमं साप्ताहिक धार्मिक प्रवचन व बौद्ध सभा हनेगु ग्वःसा च्वछायेवहः जू । थ्व महामारीं आक्रान्त जुया जनजीवन अतिकं प्रभावित जूगु इलय् थ्व प्रकाशन नं इलय् पिदनेत छुं इ लिबाःगु जुल ।

भगवान् बुद्धया गुण लुमंकुसे बुद्धोपदेशया सार प्रतीत्यसमुत्पादया विषययात थ्व अंकय् विशेष स्थान बियातःगु दु । पालि स्रोतया आधारय् छगू लेख व संस्कृत स्रोतया आधारय् मेगु लेख दुथ्याःका प्रतीत्यसमुत्पाद ज्ञानयात ध्वाथुइकेगु कुतः जूगु दु । बहाबहिया सर्वप्राचीन अभिलेख, पञ्चोपचार पूजा, आर्यताराया त्रिउत्तम साधना व अरनिको सम्बन्धी सारगर्भित लेख थ्व अंकय् दुथ्याःगु दु । लेखक लगायत थ्व अंक प्रकाशनय् ग्वहालि याःपिं सकल महानुभावपिन्त आपालं साधुवाद बिया च्वना ।

# विषय सूची


| क्रसं. | विषय | च्वमी | पेज नं. |
|---|---|---|---|
| १) | भवचक्र मण्डल | पुष्पराज वज्राचार्य व ज्ञानेन्द्र शाक्य | ४ |
| २) | बहा:बहि:या सर्वप्राचीन अभिलेख | ज्ञानेन्द्र शाक्य | १६ |
| ३) | पञ्चोपचार पूजाविधि व उकिया भावार्थ | राजभाई वज्राचार्य | २० |
| ३) | आर्यतारा व उहाँबाट निसृत त्रि–उत्तम अभ्यास | मिलन शाक्य | २७ |
| ४) | प्रतीत्यसमुत्पाद | डा. गौतमबीर वज्राचार्य | ४० |
| ५) | प्रा. डा. श्रद्धेय वज्रराज शाक्यजु लिसे खँल्हाबल्हा | सुरेन्द्र कुमार शाक्य | ५२ |
| ६) | Nepali Artist Arniko's Artistic Legacy and its Influence on the Buddhist Art in China | Dr. Miroj Shakya | ५६ |
| ७) | बौद्ध विहार संघ, यल सामाजिक व्यवहार सुधार नियमावली (वि.सं. २०७७) | | ६३ |
| ८) | बौद्ध विहार संघया गतिविधि | | |





**भगवान बुद्धया २६४५ क्वःगु जन्म दिवस, २६१० क्वःगु बोधिलाभ दिवस व २६६५ क्वःगु महापरिनिर्वाण दिवस स्वंगू संयोग चूलाःगु पावन दिं स्वाँया पुन्हिया लसताय्**

**सकलयात भिंतुना ।**



**वज्राचार्य पूजाविधि अध्ययन समिति**

**ईखाछें, यल ।**

**फोन नं : ५५५०४०८**



# भवचक्र मण्डल

**पुष्पराज वज्राचार्य**
**ज्ञानेन्द्र शाक्य**




भवचक्र, पञ्चगण्डक चक्र, प्रतीत्यसमुत्पाद मण्डल आदि नामं म्हसिका वयाच्वंगु विशेषत: तिब्बती परम्पराय् आपालं प्रचलनय् दूगु अत्यन्त सारगर्भितगु थुगु चित्रकला बुद्धोपदेशया सारयागु चित्रमय अभिव्यक्ति ख: । विहारे दुहां वनेबले छक्व:पतिं जीवनया सत्ययात भावना यायां दुहाँ वनेत तिब्बती गुम्बा विहारया लुखाया खवपाखे थ्व चित्र च्वयेगु परम्परा दु । थ्व चित्रयात स्वया थुकिया अर्थ थुइकेगु वा लुमंकेगु हे छगू कथंया ध्यान भावना जूवनि । थुकिइ अनित्य, दु:ख, कर्म, जन्ममरण, षडगति, द्वादशाङ्ग प्रतीत्यसमुत्पाद, हेतुफल, शून्यता आदि विषयवस्तु दुथ्याका त:गु दु । भगवान् बुद्धयागु हे निर्देशन कथं परमार्थ धर्मयात चित्रमययाना स्यनेकने यायेगु विधि भगवान् बुद्धया अनुपम उपायकौशल्यया उदाहरण ख: । थुकिया प्रयोग भारत (अजन्ता गुफा) निसें चीन, तिब्बत, मंगोलिया, जापान आदि देश तक्क जुयाच्वंगु दु । थ्व लेखय् चित्रया दुने दूगु प्रमुख विषयवस्तुत व उकिया भावार्थ, थुकिया ग्रन्थ प्रमाण, प्रचलन, प्रचारप्रसार व विकास, नाँया निरुक्तियात प्रस्तुत यायेगु कुत: जूगु दु ।

थुकिइ प्रमुखत: निम्नानुसार विषयवस्तुयात प्रतीकात्मक कथं कलापूर्ण संयोजन याना त:गु दु ।

### १) त्रिविष चक्र

राग, द्वेष व मोह रूपी स्वंगू विषयात क्रमश: ग्वंग:खा, ताहा व फां पाखें प्रतीक याना थुपिं छ्म्हसिगु म्हुतुं मेम्ह पिहाँ वयाच्वंगु कथं क्यना त:गु चित्र ।

**२) सुगति दुर्गति गमन चक्र**

वृत्ताकारयात बच्छि तुयुगु व बच्छि हाकुगु वा वचुगु रंगं क्यना क्रमशः सुगति गमन व दुर्गति गमन जुइगु कारण चित्रांकित याना तःगु ।

**३) पञ्चगण्डक वा षड्गति चक्र**

वृत्ताकारयात न्याब्व वा खुब्व थला च्वय् निसें छ्सिकथं देव, असुर, मनुष्य, पशु, प्रेत व नरक थुपिं खुगू गतिया स्वभाव व अनया दुःख प्रतिबिम्बित याना च्वया तःगु थ्व भवचक्र खः । दिव्यावदानया बुद्ध वचन अनुसार न्याब्व थलेगु निर्देशन दु । अथे यायेबले देव व असुरयात छगू हे लोक खः धका थुइकेमाः ।

**४) द्वादश निदान प्रतीत्यसमुत्पाद चक्र**

१. कांम्ह मनू, २. भाडा दयेका च्वंम्ह कुमा, ३. माकः, ४. निम्ह मनू छगू डुंगाय् च्वना समुद्र छिना च्वंगु, ५. खुपाः झ्याः दूगु छें, ६. मिसामिजं आलिंगन याना च्वंगु, ७. मिखाय् वाणं कया च्वंगु, ८. अयला त्वना च्वंगु, ९. सिमाय् फल खाया च्वंगु, १०. गर्भवतीम्ह मिसा, ११. मचाबुइकाच्वंगु, १२. सीम्ह पाछ्राया दिपे यंका च्वंगु - थुपिं झिंनिगू चित्रया माःहना क्रमशः अविद्या, संस्कार, विज्ञान आदि प्रतीत्यससमुत्पादया झिन्निगू हेतु फल चाकःया प्रतीक क्यना तःगु चित्र ।

**५) वृत्ताकार मण्डलाकृति कत्ताना वान्याना च्वंम्ह यम**

ग्यानापुसे च्वंगु जीव आकृतिं तःपागु वृत्ताकारगु मण्डलयात ल्हातं व तुतीं कत्ताक्क ज्वना हानं म्हुतुं नं वान्याना च्वंगु चित्र च्वया तइ । थ्व क्रोधरूपी जीवाकृति यम अर्थात् मृत्यराज खः । मेगु कथं थ्व आकृति काल अर्थात् समयया प्रतिक नं खः । दक्व अस्तित्व हे अनित्य, दुःख व अनात्म धर्मया अधीनय् लाना च्वंगु खः धैगु परमार्थ सत्ययात प्रतीकात्मक कथं थुकथं क्यना तःगु जुल । थुकिइ यमया मुकुटय् दूगु न्यागः कंकाल छ्योँया अर्थ यम धैम्ह जरा, ब्याधि, मरण, क्षय व पुनर्जन्म पाखें मुक्तम्ह खः धैगु जुल । उकिं संसारय् नित्य धर्म छुं दःसा मृत्यु धर्म छता जक हे दु । थ्व जीवाकृतिया भयंकर रुप पाखें संसार चक्रयागु भयावहता क्यना च्वंगु खः।

**६) तथागतं पूर्णचन्द्र रूपी निर्वाणमण्डलयात क्यना च्वंगु**

चित्रया च्वय्या जवपाखे तथागत व खवपाखे छ्पाः पूर्णचन्द्र दयेका तइ । पूर्णचन्द्रया शितलता निर्वाण सुखया प्रतीक कथं कासे तथागतं पतिंचां उगु निर्वाण मण्डलपाखे क्यना च्वंगु दई । भवचक्रया भुमरीइ लाना च्वंपिं सत्त्वपिन्त निर्वाणया लँपु तथागतपिन्सं क्यना बिज्याइगु खः धैगु थ्व चित्रया अर्थ खः ।

तिब्बतया परम्पराय् आपालं छ्यलाबुलाय् दःसां नेपाः लगायत मेमेगु परम्पराय् थ्व चित्रया प्रयोग खने मदय् धुंकल । थुकिया इतिहास स्वयेवले थुगु परम्परा भारत नेपाल पाखें हे तिब्बत प्रवेश जूगु खँ स्पष्ट सिइदु । नालन्दा व विक्रमशील महाविहार यदि ध्वस्त मयाःगु जूसा उपिं विहारया दुहाँ वनेगु लुखाया जःखः वा अंगले पक्का नं पञ्चगण्डक चक्रया चित्र च्वया तइगु लुइके फैगु जुइ तर थौंकन्हे थ्व चित्रया प्रयोग तिब्बती गुम्बाय् जक खने दु । थ्व चित्र निर्माण स्वयम् भगवान बुद्धयागु हे निर्देशन अनुसार जूगु खः धैगु खँ सर्वास्तिवादी विनयपिटक व दिव्यावदानस उल्लेख जुयाच्वंगु दु । थुकथं थ्व चित्रया प्रचलन बुद्धकालं निसें दूगु जुल । ग्रन्थ प्रमाण कथं जक स्वसां नं थ्व चित्रया प्रचलन इसापूर्वया दोस्रो शताब्दि निसें दूगु खनेदु । थुगु चित्रकलाया प्रचलनया बारे प्राचीन ग्रन्थय् उल्लेख जुयाच्वंगुया सन्दर्भया विषय थुकथं दु ।

**१) गुणप्रभा रचित विनय सूत्र (८औं शताब्दि)**

तिब्बती भिक्षु परम्परा सर्वास्तिवादी विनय कथं न्ह्याइगु खः । तिब्बती भाषां अनुवाद जुयाच्वंगु गुणप्रभा रचित विनय सूत्रस विहारया प्रवेश स्थानय् थ्व भवचक्र मण्डलया चित्र तया तयेमा धका स्पष्ट उल्लेख जुया च्वंगु दु । थुकिइ थ्व चित्र दयेकेगु नितिं विस्तृत निर्देशन समेत च्वया तःगु दु (Sopa, 1984 – pp 125) (सांकृत्यायन, १९६३) । विनयपिटकस उल्लेख जुया च्वंगु विनयधर्मयात हे पुनरुद्धरणयाना गुणप्रभां वसपोलद्वारा रचित विनयसुत्रस न्ह्यब्वःगु खः । ८ औं शताब्दिया गुणप्रभा आचार्य वसुवन्धुया शिष्य खः।

### २) विनयक्षुद्रकवस्तु

गुणप्रभां उद्धरण या:गु स्रोत सर्वास्तिवादी विनयपिटक अन्तर्गत विनयक्षुद्रकवस्तुयागु ख:। छगू समय अनाथपिण्डकया जेतवन विहारयात चित्रकला पाखें छाय्पा यायेगु लागि बुद्धयाके अनुमति फ्वंबले बुद्ध पाखें स्वीकार यासे थ्व भवचक्रया चित्र दयेकेत निर्देशन जूगु प्रसंग थुकिइ उल्लेख दु । (Sopa, 1984)

### ३) भिक्षुणीविभङ्ग

सर्वास्तिवादी विनयया भिक्षुणीविभङ्गय् भगवानं थ्व चक्रया चित्र दयेकेगु निर्देशन जूगु खँ उल्लेख दु । छगू समये भगवान बुद्ध राजगृहया वेणुवनय् बिज्याना च्वँबले आपालं उपासक उपासिकापिं मौद्‌गल्यायनया उपदेश न्यनाच्वंगु क्यना वसपोलं थुकिया कारण भिक्षु आनन्दयाके न्यना बिज्यात । "न्यागू लोकय् चाहिलिइगु जन्ममरण चक्रया विषय कल्याणकारी जुइक तसकं बाँलाक्क देशना याइगुलिं थथे आपालं उपासक उपासिकापिं मौद्‌गल्यायनया उपदेश न्यनाच्वंगु ख:।" धका आनन्दं लिस: बिल । थुकियात क्या हे भगवान बुद्धं धया बिज्यात - "हे आनन्द ! मौद्‌गल्यायन न्ह्यावलेंनं न्ह्याथाय् नं उपस्थित मजुइफु । उकिं थुपिं न्यागू लोक चित्रांकितयाना भवचक्रया चित्र प्रवेशद्वार क्षेत्रया अंगले तयेगु या ।" थनंलि थ्व गथेयाना दयेकेगु धैगु नं निर्देशन याना बिज्यात । थुजा:गु हे प्रसंग दिव्यावदानय् नं उल्लेख जुया च्वंगु दु ।

### ४) दिव्यावदान

दिव्यावदानया नीछगूगु अवदान सहोसद्‌गतावदानस उल्लेख जुया च्वंगु कथं भगवान बुद्ध राजगृहया वेणुवनया कलन्दक निवापय् बिज्याना च्वँवले पञ्चगण्डक चक्र दयेका प्रवेशद्वार क्षेत्रय् तयेमा:गु निर्देशन जूगु ख: । भगवान् बुद्धया अग्रश्रावक महामौद्‌गल्यायन थ:गु ऋद्धिबलं थी थी लोकय् चाह्य्‌यु वनीगु जुयाच्वन । गुबलें नरके, गुवलें पशुलोके, प्रेतलोके, देवलोके बिज्याना अन च्वंपिं सत्त्वपिन्सं भोगयाना च्वंगु नाना दु:खया अवलोकनयाना हानं जम्बुद्विपय् लिहाँवया थम्हं खंगु थुजा:गु दृश्यया बारे चतुपरिषद्‌पिन्त कना बिज्याइगु जुयाच्वन । थुगु देशनापाखें आपालं श्रोतापिन्सं धर्मचक्षुलाभ याइगु जुयाच्वन । थनंलिपा सुं नं भिक्षुपिं भिक्षु जीवनपाखें निराश व असन्तुष्ट जूगु सिलकि मौद्‌गल्यायनथाय् छ्वया थ्व हे न्यागूगतिया देशना न्यंका बोध याकीगु जुयाच्वन ।

छक्व: भगवान् बुद्ध राजगृह बिज्या:वले आयुष्मान् मौद्‌गल्यायन चतुपरिषद् पाखें घेरेयाकाच्वंगु जुयाच्वन । थ्व खना भगवान् बुद्धं आनन्दयाके न्यना बिज्यात - "छाय् मौद्‌गल्यायनया उपदेश सकसिनं न्यनाच्वंगु ?" आनन्दं लिस: बिल "मौद्‌गल्यायनया अनुभवया लिधँसाय् असन्तुष्ट भिक्षु पिन्त बोध यायेफैगु कथंया उपदेश बिइगु जुया थुकथं सकसिनं उपदेश न्यंवंगु ख: ।" अनंलि भगवानं आज्ञा जुया बिज्यात -"आनन्द ! मौद्‌गल्यायनथें जा:म्ह परिपक्वम्ह व्यक्ति न्यंकनं न्ह्यागगुइले नं उपलब्ध जुइमखु । उकिं न्यागू खण्ड दूगु चाक:या चित्र विहारया प्रवेशद्वार क्षेत्रय् तयेमा: ।" थ्वहे खँय् दिव्यावदानस उल्लेख जुया च्वंगु बुद्धवचनया मूल संस्कृत पाठ व भावार्थ थन न्ह्यथनेगु जुइ ।

***उक्तं भगवता द्वारकोष्ठके पञ्चगण्डकं चक्रं कारयितव्यमिति ।***

भगवानं थुकथं लुखाप्रवेश कोठाय् पञ्चगण्डक चक्र दयेकेमा धका धया बिज्यात ।

***भिक्षवो न जानते कीदृशं कारयितव्यमिति ।***

हे भिक्षुपिं ! थ्व गुजा:गुपति चक्र ख: ?, गुकथं दयेकीमा: ? धका सिइमखु ।

***भगवानाह - पञ्च गतय: कर्तव्या नरकास्तिर्यञ्च: प्रेता देवा मनुष्याश्च ।***

भगवानं धया बिज्यात - नरक, तिर्यक, प्रेत, देव व मनुष्य नं याना न्यागू गति दयेकिमा: ।

***तत्राधस्तात् नरका: कर्तव्या:, तिर्यञ्च: प्रेताश्च, उपरिष्टात् देवा मनुष्याश्च ।***

दक्वसिवे क्वय्‌पाखे नरक, अनं तिर्यक व प्रेत गति दयेकिमा: । च्वयेपाखे क्रमश: देव व मनुष्य गति नं दयेकिमा: ।

***चत्वारो द्वीपा: कर्तव्या: पूर्वविदेहोऽपरगोदानीय उत्तरकुरुर्जम्बुद्वीपश्च ।***

पूर्वविदेह, अपरगोदानीय, उत्तरकुरु व जम्बुद्वीप याना प्यँगू द्वीप नं दयेकिमा: ।

***मध्ये रागद्वेषमोहा: कर्तव्या:, राग: पारावताकारेण, द्वेषो भुजंगाकारेण, मोह: सूकराकारेण ।***

दथ्वी राग, द्वेष व मोह दयेकिमा: । बखुंया चित्रपाखें राग, ताहा:या चित्रपाखें द्वेष व फाँयागु चित्रपाखें मोहया प्रतीक क्यनेमा: ।

***बुद्धप्रतिमाश्चैतन्निर्वाणमण्डलमुपदर्शयन्त्य: कर्तव्या: ।***

निर्वाण मण्डलयात क्यना च्वंम्ह बुद्धप्रतिमा नं दयेकिमा: ।

***अनुपपादुका: सत्त्वा घटीयन्त्रप्रयोगेण च्यवमाना उपपद्यमानाश्च कर्तव्या: ।***

घटीयन्त्र अर्थात् ल: घडीया प्रयोगयाना अनौपपादुक सत्त्व (माबौ पाखें जन्म जुइपिं) पिन्त च्युत (मृत्यु) जुजुं व उपपत्ति (जन्मे जुजुं) जुया च्वँगु क्यनेमा: ।

***सामन्तकेन द्वादशाङ्ग प्रतीत्यसमुत्पादोऽनुलोमप्रतिलोम: कर्तव्य:।***

छ्चाखेरं झिन्निगू अङ्ग दूगु प्रतीत्यसमुत्पाद अनुलोम व प्रतिलोम नं दयेकीमा ।

***सर्वमनित्यतया ग्रस्तं कर्तव्यम्, गाथाद्वयं च लेखयितव्यम्***

दक्वं फुक्कं अनित्यतां ग्रस्त जुयाच्वंगु क्यनेमा: । निगू गाथा नं च्वयेमा ।

***आरभध्वं निष्क्रामत युज्यध्वं बुद्धशासने ।***
***धुनीत मृत्युन: सैन्यं नडागारमिव कुञ्जर: ।।१।।***

शुरुया, पिहाँ वा, बुद्धशासने लगेजु । किसिं न्हेपंकथिया छेंयात ध्वस्त याइथें मृत्युया सेनायात ध्वस्त या ।

***यो ह्यस्मिन् धर्मविनये अप्रमत्तश्चरिष्यति ।***
***प्रहाय जातिसंसारं दु:खस्यान्तं करिष्यति ।।२।।***

गुम्हसिनं थुगु धर्मविनयस अप्रमादिजुया आचरण याई । उम्हसिनं जन्मया संसारयात त्यागयाना दु:खयात अन्त याई ।

***उक्तं भगवता द्वारकोष्ठके पञ्चगण्डकं चक्रं कारयितव्यमिति भिक्षुभि: कारितम् ।***

भगवानं कना बिज्या:गु थें प्रवेशद्वारक्षेत्रय् पञ्चगण्डक चक्र भिक्षुपिन्सं नं दयेकल ।

***ब्राह्मणगृहपतय आगत्य पृच्छन्ति-आर्य, किमिदं लिखितमिति ?***

ब्राह्मण गृहपतिपिं वया थ्व छु च्वया त:गु ? धका न्यने फु ।

***ते कथयन्ति-भद्रमुखा:, वयमपि न जानीम इति ।***

जिमिसं नं मस्यु धका इमिगु न्ह्योने धायेमालि ।

***भगवानाह - द्वारकोष्ठके भिक्षुरुद्देष्टव्यो य आगतागतानां ब्राह्मणगृह पतीनां दर्शयति ।***

भगवानं कना बिज्यात - आगन्तुक ब्राह्मण गृहपतिपिन्त थ्व चित्र क्यनेया लागि छम्ह भिक्षु नियुक्त यायेमा ।

हानं भगवानं नियुक्त जुइम्ह भिक्षुया योग्यताया बारे नं कना बिज्यात - “थथे नियुक्त यायेबले मूर्खपिं, बाँलाक्क मथूपिं, शीलाचरण मदुपिं भिक्षु लाई धैगु नं विचार यायेमा: । यदि नियुक्त जूम्ह भिक्षुं हे थ्व खँ मस्यु सा वं मेपिन्त गथेयाना व्याख्यायाये फै ? उकिं सक्षमम्ह भिक्षुयात नियुक्त याये मा:।”

च्वय् न्ह्यथनागु उद्धरणस प्रतीत्यसमुत्पादया प्रतीकात्मक चित्रया विषय उल्लेख मदु । थ्व चित्रकला दक्वसिवे न्हापां भारतं तिब्बते साम् ये गुम्बाय् यंकूगु ख: । साम् ये गुम्बा तिब्बतय् दक्वसिवे न्हापां दयेकूगु विहार ख: । थन सर्वास्तिवादी विनय कथं भिक्षुपिन्त अभिषेक दिक्षा ब्यूगु जुल । अनंलिं मे मे थाय् नं थुकथं हे विहार दयेकल ।

## ५) पालि साहित्य

प्रतीत्यसमुत्पादया विषयस भगवान बुद्धया आपालं उपदेशत दु तर चक्रया उपमा विया ब्याख्या याना त:गु पालि बुद्ध वचनय् खनेमदु । अश्वघोष रचित विशुद्धिमग्गस थुजागु चाक:या उपमा प्रयोग जुया च्वंगु दुसां पूर्णरुपं भवचक्र मण्डलया प्रसंग मदु ।

## प्रचलन, प्रचारप्रसार व विकास

च्वय् न्ह्यथनाथें बुद्धपाखें निर्देशित जुया उबलेया विहारय् पञ्चगण्डक चक्रया चित्र च्वयेगु प्रचलन द:सां कालान्तरय् थ्व लोप जुयावंगु खनेदु । तिब्वती स्रोत अनुसार भगवान बुद्धं वा पिना त:गु बुँईं न्यासिबिज्याना च्वँबले जाकिं च्वया थुकिया आकृति दयेका बिज्या:गु ख: धैगु उल्लेख दु । मेथाय् मखुसां कमसेकम सर्वास्तिवादी विहारया लुखाय् दुहाँ वने न्ह्यो थ्व चित्र स्वया धर्म संवेग ब्वलंकि जुइ अथवा अनभिज्ञपिनिगु लागि छगू कौतुहलता ब्वलंकेगु हेतु जुइगु जुइ । भारतय् छगू नं उजागु लुखा ल्यँमदये धुंकल । अजन्ता गुफा नं १७ या छगू खण्डितगु चित्रकला स्वयेवले भवचक्रया चित्र ख:ला धैगु आभाष जू । थ्व ख:सा थ्वहे छगू चित्र ल्यं दनिगु भापिइ मा: ।

तिब्बतय् पुलांगु व न्हूगु याना निगू शैलीया भवचक्र मण्डलत दु । पुलांगु शैली धैगु च्वय् दिव्यावदान वा भिक्षुणी विभङ्गस न्ह्यथनात:थें जा:गु ख: गुकिइ न्यागू गतिया भवचक्र जक च्वया त:गु दइ । न्हूगु शैलीया चित्रण आचार्य चोङ्खापा पाखें या:गु ख: । भवचक्रयात खुगू कथं ब्वथला, अवलोकितेश्वरपिं खुगूलिं लोकय् बुद्धया रुपय् बिज्याना उद्धार या:वनिगु विषय दुथ्याकूगु दु । थथे विषयवस्तुत थपेयाना थ्व मण्डलय् महायानया सिद्धान्त नं दुथ्याकूगु खनेदु । (Khantipalo, 1995)

## नाँया निरुक्ति

भवचक्र मण्डलयात पञ्चगण्डक चक्र, प्रतीत्यसमुत्पाद मण्डल आदि व अंग्रजीं wheel of life नामं म्हसिका वयाच्वंगु दु । थुपिं नां खँगवया निरूक्ति थुकथं दु ।

## पञ्चगण्डक चक्र

भगवान् बुद्धं दिव्यावदानस थुगु चित्रयात पञ्चगण्डक धका नामोच्चारण याना बिज्या:गु ख: । उकिं थ्व चित्रया आधिकारिक नां थ्व हे जुल । थुकिया मूल विषयवस्तु कथं संसारयात न्यागू वर्गय् ब्वथला बिज्याना उकियात चित्रय् क्यना बिज्यागुलिं थुकियात पञ्चगण्डक धा:गु ख: । थुकिइ पञ्च धा:गु न्यागू ख: सा गण्डक धा:गु भाग, वा वर्ग ख: ।

## भवचक्रमण्डल –

'भव' या अर्थ 'अस्तित्व' अर्थात् 'दइगु' वा 'जुइगु' धैगु ख:। प्राणिपिं गुकथं दइगु अथवा दयावइगु ख: ? जन्म मरणया चाक: गुकथं हिलीगु ख:? भवसंसार गुकथंयागु ख:? सुगति वा दुर्गति न्ह्याग्गु जूसां थ्व भवसंसारया धर्म धैगु दु:ख हे जक मखुला ? आदि भवसंसार सम्बन्धी विविध न्ह्यस:या लिस: दुथ्याका रचना याना त:गु जुया थुगु चित्रकलायात भवचक्र मण्डल नं धाइगु ख: । 'भवचक्र' धैगु खँग्व:लिं न्यागू वा खुगू लोक कथं न्ह्यागु कथं ब्वथला त:सां छगू हे अर्थ जूवनि । थुकिं चतुरार्य सत्यया प्यँगू मध्ये दु:ख व दु:ख समुदयया खँ जक क:घाई । उकिं थ्व खँग्व: पाखें बुद्धशिक्षाया बच्छि ब्वयात जक कनि । प्रतीत्यसमुत्पादया अनुलोमज्ञान भवचक्र ज्ञान ख: । अथे धैगु अविद्यां संस्कार उत्पन्न जुइ, अथेहे क्रमश विज्ञान, नामरूप, षडायतन आदि जुजुं जन्म जुइ । जन्म जूगुलिं जरा, मरण, शोक, परिदेव दौर्मनस्य, उपायासादि ब्याक्वं दु:खया उत्पत्ति जुइ । थुकथं दु:खया उत्पत्तिया चाक: हे भवचक्र जूगु जुया थुकियात दु:खचक्र धका नं धाये फु ।

भगवान् बुद्धया शिक्षा दु:खवादी सिद्धान्त मखु । उकिं बुद्ध शिक्षायात पूवंक थुइकेगु जूसा थ्व मण्डल भवचक्र थुइके धुंका थुकियात प्रतिलोम कथं नं थुइकेगु तोफिके मज्यु । हानं प्रतिलोम पक्षस प्रवेश जुइत न्हापां अनुलोम ज्ञान मथुइकुसें मगा: । प्रतिलोम धैगु अविद्या, तृष्णा वा उपादन रूपी क्लेश वर्ग मध्ये न्ह्याग्गुसां छगू त्वाथले फैवले हेतुफलया सिद्धान्त कथं क्रमश: दक्व

हेतुत निरोध जुया जन्म, जरा, मरणादि दक्वं दु:ख निरोध जुइ । थथे प्रतिलोम ज्ञानया दृष्टिं थुइकेबले थ्व हे मण्डल धर्मचक्र जूवनि । थ्व चक्रयात धर्मचक्रया रुपय् थुइकेगु उपदेश चतुरार्यसत्यया दु:ख निरोध सत्य व दु:ख निरोधगामिनी प्रतिपदा सत्य ख:। ज्ञानीजनपिनिगु निर्तिं भवचक्र व धर्मचक्र निथी मखु ।

थनंलि थ्व चित्रकलास दुथ्याना च्वंगु प्यंगू चक्रयात विस्तृत रुपं वर्णन यायेगु जुइ ।

### १) त्रिविष चक्र

भवचक्रया केन्द्रविन्दुइ घ:चा:या मू सा: कथं अर्थात् घ:चा: चाहिकेत मुख्य रुपं बल वइगु थाय् कथं त्रिविषयात कया त:गु दु । त्रिविष धैगु स्वंगू विष अर्थात् राग, द्वेष व मोह गुकिं हानी बाहेक छुं हे कथं भिं याई मखु । दु:ख उत्पत्तिया सम्पूर्ण कारणया संक्षिप्तं कायेवले थुपिं स्वंगू ख: । थ्व चित्रकलाय् रागयात पंक्षीपाखें ( दिव्यावदान कथं बखुंचा, गनं म्हय्खा दुसा गनं ग्वंग:खा च्वयेगु चलन दु), द्वेषयात ताहा पाखें, मोहयात फाँपाखें प्रतिबिम्बित यानात:गु दु । थुपिं चैतसिक धर्मत ख: गुगु भौतिक रूपं खनेदइमखूगु तर प्रत्यक्ष अनुभव याये फैगु ख:। थ्व स्वंगूलिं थुपिं स्वंगू हे उत्पत्तिया हेतु जुइ फैगु जुया फाँया म्हुतं ताहा:, ताहा:या म्हुतुं ग्वंग: व ग्वंग:या म्हुतुं हानं फां उत्पत्ति जुयाच्वंगु कथं चित्र क्यना त:गु दु । त्रिविष मध्ये नं मोह दक्व विषया जननी ख: । उकिं गुलिंगुलिं परम्पराय् फाँया म्हुतुं खा व ताहा पिहावयाच्वंगु याना नं चित्र दयेकेगु चलन दु । थुपिं त्रिविषयात थुकथं म्हसिइके ।

#### क) ग्वंग: खा

रागया प्रतीक कथं ग्वंग:खायागु चित्र तइगु ख: । राग धैगु य: ताइगु भाव, आहा ! बाँला धैगु भाव ख: । य:गु भाव जुलकि उकियात प्राप्त यायेत प्रयत्नशील जुइ । प्राप्त मजूतले नं कोशिसयाना दु:ख सिया च्वनी, प्राप्त जुइधुंका नं व प्राप्तजूगु वस्तु तनी वा स्यनी धका न्ह्यावलें चिन्तित जुया च्वनी । हानं विनाश जुइधुंका नं विलापयाना च्वनी । उकिं रागया ज्या आदि, मध्य व अन्त स्वंगू नं अवस्थाय् दु:ख बियेगु जक ख: । ग्वंग:खा न्ह्यावलें हे नसा मालेया लागि प्रयत्नरत जुया च्वनीगु जुया थ्व रागया स्वभाव लिसे ज्वला:गु जुया रागया प्रतीक कथं ग्वंग:खा यात कया त:गु जुल ।

#### ख) ताहा:

द्वेषया प्रतीक कथं ताहा:या चित्र तइगु ख: । द्वेष धैगु मय: ताइगु भाव ख:, घृणाभाव, क्रोधभाव, इर्ष्याभाव आदि दक्व हे द्वेषया पुच: ख: । राग जूगु विषयवस्तु प्राप्त मजुलकि नं द्वेष उत्पन्न जुइ य: । अथेहे क्रोधयाना थ: त्यात धा:सा नं उगु अवस्थाय् आनन्दित जुया रागभावय् लाये य: । उकिं राग व द्वेषया प्रकृति फरक जूसां उपिं एक आपसया उत्पत्तिया कारण जुइफु । ताहा, सर्पयागु स्वभाव नं द्वेषी जुइगु जुया द्वेषया प्रतीक ताहा:यात कया त:गु ख: ।

#### ग) फाँ

मोहया प्रतीक कथं फाँयागु चित्र तइगु ख: । मोह धैगु मथुइगु, बुलुसे खनिगु अथवा थूसां बाँलाक्क मथुइगु ख: । उकिं मोहयात अविद्या, अन्धकार, मूढता आदि खँग्व:पाखें नं थुइकेफु । अनित्य, दु:ख व अनात्मयात मथुगुलिं संसारया ब्याक्वं विषयवस्तु नित्य, सुख व आत्माभाव तया च्वनी । बाँलासे च्वंगु वस्तु वा व्यक्ति अनित्य, दु:ख व अनात्म स्वभावयागु ख: धैगु वा:मचाइगु हे मोह मूढता ख: । थ्वहे मोहया कारणं उगु वस्तु वा व्यक्तियागु यथार्थ स्वरुप मखँगुलिं वा मस्युगुलिं उकियात हे बाँला भापिया य: ताइगु ख: । हानं मोहया हे कारणं उगु य:गु वस्तु वा व्यक्तिलिसे तापाना च्वने मालीगु अवस्थायात मय: ताइगु ख: । य:गु भाव -'राग' व मय:गु भाव - 'द्वेष' उत्पन्न जुइगुया मूल कारण हे मोह ख: । उकिं मोह छगूयात जक बाँलाक थुइका अमोहया अभ्यास यायेफत धा:सां थुपिं स्वंगूनं विषपाखें मुक्त जुइ फइ । थथे मोह क्षय जूगु अवस्थायात हे मोक्ष धका धाइगु ख: । फाँया स्वभावयात मोहया प्रतीक कथं कया त:गु दु ।

### २) सुगति दुर्गति गमन चक्र

त्रिविष चक्रया पिनेया चाक:या बच्छि ब्व तुयुगु रङ्ग दु सा बच्छि ब्व हाकुगु वा वचुगु रङ्ग दु । थ्व निगू पक्षया प्रतीक ख: । थुपिं निगू पक्ष थुकथं दु ।

**क) शुक्ल पक्ष**

तुयुगु रंगया अर्थ शुक्ल पक्ष अर्थात् सुगति गन सुख, शान्ति, रमणीयता दइ । खुगू गति मध्ये देव, असुर, मनुष्ययात सुगति कथं कया त:गु दु । थुगु गति पुण्य संस्कार पाखें प्राप्त जुइ ।

**ख) कृष्ण पक्ष**

हाकुगु वा वचुगु कृष्ण पक्ष ख: । थ्व दुर्गतिया प्रतीक ख: । भय, दु:ख, कष्ट थनया स्वभाव ख: । खुगू गति मध्ये पशु, प्रेत व नरकयात दुर्गति कथं कया त:गु दु । थुकिइ निम्ह ग्यानापुसे च्वंपिं मानव आकृतिं अकुशल कर्म याइपिन्त सिखलं ल्हातुती चिना अपाय दुर्गति लोकपाखे लुत्तुलुया यंका च्वंगु दृष्य च्वया त:गु दु । थुगु गतिइ अपुण्य संस्कारया कारणं ला:वनीगु ख: ।

अन्तराभव सम्वन्धी ग्रन्थानुसार मरणासन्न अवस्थाय् व्यक्तिं यचुगु प्रकाश खनिगु वा वचुगु प्रकाश खनिगु जुइ । सुगतिइ लाइम्ह सत्त्वं चान्हय् हे यचुसे खनीगु जुइ । हानं दुर्गतिइ लाइम्ह सत्त्वं न्हिनेया सूर्दोया ज: नं हाकुसे खनीगु जुइ । थ्व अन्तराभवया अवस्थाया प्रतीक कथं नं थ्व चक्र च्वया त:गु ख: ।

तुलनात्मक रूपं सुगतिइ सुख दैगु व दुर्गतिइ दु:ख दैगु ख:सां थुपिं खुगूलिं लोक संस्कारित धर्म जूगुलिं अनित्य, दु:ख व अनात्म स्वभावयागु ख: । उकिं सुगति जूसां दुर्गति जूसां वास्तवय् दु:खया भुमरी हे ख: । थ्व खँ थुइका सुगति वा दुर्गतिया पाखेँ नं पुला निर्वाण गतिइ वनेगु उद्देश्य तया धर्माभ्यास यायेगु यायेमा: ।

### ३) भवचक्र/पञ्चगण्डक/षड्गति चक्र

सुगति दुर्गति गमन चक्रयां पिनेया चक्र भवचक्र ख: । पुलांगु शैलीया चित्रय् भवया थ्व चाक:यात देवासुर लोक, मनुष्यलोक, पशुलोक, प्रेतलोक, नरकलोक याना न्यागू लोकय् ब्वथला त:गु जुया उकियात पञ्चगण्डक चक्र धका धाल । न्हूगु शैली चित्रय् भवयात देव, असूर, मनुष्य, पशु, प्रेत, नरक लोक याना खुगू लोकय् ब्वथला त:गु जुया थुकियात षड्गति चक्र धका धाल । थुपिं खुगू गतिया स्वभाव धर्मया थुकथं थुइके ।

**क) देवलोक**

देवलोक, स्वर्गलोक दक्व संसारिक सुख सुविधां भरिपूर्णगु लोक ख: । थन उत्पन्न जूपिं सत्त्वपिनि थ:त सौभाग्यशाली तायेका म्ये हालेगु, प्याखँ हुलेगु, सा:सा:गु नया सुखानुभूति याना जीवन निर्वाह याना च्वनी । कुशल कर्मया कारणं थुकथंया लोक प्राप्तजुइगु ख:। थुपिंके नं मोह अविद्या दया हे च्वनीगु कारणं भोग यायेगुलिइ लिप्त जुया प्रमादि जुया च्वनी । लिपा पुण्यसंस्कार फुइ धुनेवं मेपिं प्राणिपिं सरह हाकनं पशु, मनुष्य वा मेगु लोके जन्म का: वनि । थ्व लोके च्वंपिं सत्त्वपिनि आयु ता:हाक जुइगुलिं थ:यात अमर वा नित्य धका भापिया मोजमज्जाय् भुलेजुया च्वनी । उपिन्त सुखानुभूतियागु अनित्यता बोध याकेत वीणा थाना च्वंम्ह तुयुगु वर्णम्ह अवलोकितेश्वरया चित्र नं क्यना त:गु दु । गथे वीणाया मनमोहक संगीत भचा लिपा फिका जुजुं वनिथें सुखानुभूति नं छुं ई लिपा बुलुसे च्वना ववं अन्त्य जुइ धका देवता पिन्त बोधयायेत बोधिसत्त्वपिं थुकथं न्ह्यब्वाना च्वनी ।

**ख) असुरलोक**

देवलोकया खवपाखे अभिमानी देवतापिनिगु लोक असुर लोक च्वया तइ । शक्ति व प्रकृति अनुसार थुपिं सत्त्वपिं देवता समान हे ख: । तर, ईर्ष्या व अभिमानया कारणं थुपिं भिन्न समूहस च्वनिपिं ख: । छमा कल्पवृक्ष सिमा या चित्र दु गुकियाफल सइगु कचा व ह: दक्व देवलोकय् लाना फल दक्व देवतापिनिगु अधीनय् जुइ अले दँ व हा जक असुरलोकय् लाना फलया लागि न्ह्यावलें हे देवतापिं लिसे युद्ध ल्वाना च्वनी । उकिं इपिं अकालं हे सिना च्वनी । इपिं न्ह्यावलें हे किल्लावन्दि छँ दयेका

हातहतियारं सुसज्जित जुया च्वनी । थ्व लोके वांगु वर्णयाम्ह अवलोकितेश्वर ज्वाला युक्तगु तरवार ज्वना च्वनी । थ्व तरवार प्रत्येवेक्षण ज्ञानया प्रतीक व अविद्याया हा समेतं लेथनाबिइगुया प्रतीक खः ।

**ग) मनुष्य लोक**

सांसारिक सुख सुविधा प्राप्त यायेया लागि असिमित इच्छायाना दुःख सिया च्वनिपिं मनुष्यपिं खः । थ्व ब्वय् बुँ पाला च्वंगु, हलो जोतेयाना च्वंगु (व्यापार याना च्वंगु, मिसापिं कापः थाना च्वंगु, थवंथवे ल्वाना च्वंगु, रोगी, वृद्ध जुया सिना च्वंगु आदि) दैनिक वा नियमित घटनावस्तु चित्रण याना तःगु दु । हानं थुकिइ हे पूजा पाठ याना च्वंगु, ध्यानस्थ जुया च्वंगु नं क्यना तइ । मनुष्यपिन्के जक ठीक बेठीक छुटेयाना बिचायायेफैगु विवेक दैगु जुया थ्व खुगू गति मध्ये दक्वसिवे उत्तमगु गति खः। धर्माभ्यास यायां आश्रव क्षय जुजुं निर्वाण प्राप्त याये फैगु, धर्म श्रवण व अभ्यासया मौका प्राप्त जुइगु जुया मनुष्य जीवन दुर्लभ धका भगवान बुद्धं उपदेश बिया बिज्याःगु खः । थुकिइ म्हासुगु वर्णम्ह अवलोकितेश्वर, भिक्षा पात्र ज्वना शाक्यमुनि बुद्धयागु जीवन अनुशरण यायेमा धैगु सन्देश बिया च्वनीगु कथं चित्र दयेका तःगु दु ।

**घ) प्रेत लोक**

थ्व नयेमास्तिवयेका, लःत्वने पित्याका वाथावाथा कना च्वंपि दुःखी, अशान्ति, असन्तोषी, म्हुतुप्वा चिप्वा, गःपः चिपु तर प्वाः धाःसा तःग्वपिं सत्त्वपिनिगु लोक खः। संताप क्यनेया लागि दक्व प्रेत तयेगु म्हुतुया न्ह्योने मिंया ज्वाला क्यना तःगु दु । नसा, त्वँसा, रत्नं आदिं जाया च्वंगु लोक जूसां उमिसं थ्व छुंनं उपभोग याये मफैगु, इमिगु इच्छा गुवलें पुरेमजुइगु जुया प्रेत लोक अत्यन्त दुःखदायी खः। थन ह्यांगु वर्णम्ह अवलोकितेश्वर, दिव्य भोजन ज्वना उद्धारया लागिइ वयाच्वंगु नं च्वया तःगु दु । तृष्णाया कारणं प्रेतलोक प्राप्त जुइगु खः ।

**ङ) तिर्यक लोक**

थन च्वंपिं सत्त्वपिं जंगली जुया कामवासना, निन्द्रा व नसाया नितिं जक हे म्वाना च्वनी । अथे हे विविध भय पाखें त्रसित जुयाच्वनी । थन वचुगु वर्णयाम्ह अवलोकितेश्वर ल्हातिइ प्रज्ञापारमिता सफू ज्वना उद्धारया नितिं वयाच्वंगु नं च्वया तःगु दु ।

**च) नरक लोक**

देवलोकया ल्यूने, मण्डलया दक्वसिवे क्वय् नरक लोकया चित्र तया तःगु दु । थुकिइ जनावरया छ्यौं, मनू आकृतिया म्ह दुपिं सत्त्वपिन्सं पापीपिन्त कठोर यातना बियाच्वंगु भयानक दृश्य क्यना तःगु दु । थुकिइ हे हानं ल्हाते न्हायेकं ज्वना च्वंम्ह ग्यानापुसे च्वंम्ह यमराज नं च्वया तःगु दु । प्राणिपिन्सं पूर्वजन्मे याःगु अकुशल कर्म न्हायेकं स्वयथें छर्लङ्ग क्यने फुम्ह धैगु थुकिया प्रतीक खः । यमराजया जवरिखे च्याथी क्वाःगु नरक व खवरिखे च्याथी ख्वाँउगु नरकया चित्र नं च्वया तःगु दु । हानं यमराजया न्ह्योने पाखे भालां सुयीगु, दायाच्वंगु चिकं दूगु जःसिइ थुनिगु, कःतिं म्ह फाइगु आदि नाना प्रकारं यातना याइगु नरकया चित्र नं च्वया तःगु दु । पापया कर्मसंस्कार मफूतले हे थुपिं प्राणिपिन्त थुकथं दुःखकष्ट अनुभव याका तई । छपा ल्हातिं अमृत घडा व छपा ल्हातिं मिंया ज्वाला ज्वना च्वंम्ह अवलोकितेश्वर क्वहां बिज्याना च्वंगु दृष्य च्वया तःगु दु । अमृत त्वंका दुःखकष्ट मदयेका बिइगु व ज्वालां कर्म संस्कार च्याका फुका बिइगु याई गुक्यिाना पापीपिं मेगु जन्मे सुगतिइ जन्म जूवनी ।

**४) द्वादशनिदान प्रतीत्यसमुत्पाद चक्र**

मण्डलया दक्वसिवे पिनेया चक्रय् प्रतीत्य-समुत्पादया १२ गू निदानयात प्रतीकात्मक रूपं चित्रं क्यना तःगु दु । प्रतीत्यसमुत्पादया संक्षिप्त परिचय न्ह्यब्वसे थ्व प्रतिकात्मक चित्रया ब्याख्या यायेगु जुइ ।

थन 'प्रतीत्य' धयागु 'निर्भर जुइगु' खःसा 'समुत्पाद' धयागु 'उत्पत्ति' वा 'खने दैगु' खः । उकिं

थुकियागु अर्थ - छुँ नं घटना, वस्तु वा प्रक्रिया थ:हे स्वतन्त्र रूपं उत्पन्न जुइ मफु । उपिं फुक्कं हेतु प्रत्ययया ब: कया अथवा कारण व अवस्थाया लिच्व: कथं जक उत्पन्न जुइगु ख: । प्रतीत्यसमुत्पादया थ्वहे परिभाषायात थुइकेया लागि भिक्षु अस्सजिं उपतिस्स (सारिपुत्र)यात कंगु "ये धर्मा हेतु प्रभवा हेतु तेषां तथागत ह्यवदत्, तेषां च यो निरोधो एवं वादी महाश्रमण" धा:गु वाक्यांश थन लुमंकेगु सान्दर्भिक जुइ । संसारे दूगु गुलिनं मिखा, न्हाय्, न्हेपं, म्ये, छ्यंगु व मनं भोग याइगु अथवा सिइकीगु गुलिनं विषयवस्तुत दु उपिं फुक्कयात धर्म धका धाई । थुपिं दक्व धर्मत बिना कारण उत्पन्न जुइ मखु अथवा खने दइ मखु । न थुपिं थ:हे उत्पन्न जूगु ख:, न छुं अदृश्य अज्ञात इश्वरं सृष्टि या:गु ख: । न थुपिं अनादि कालं निसें दया च्वंगु हे ख: । अथे जूसा थुपिं गुकथं दया च्वंगु ख:? हेतु व प्रत्ययया संमिश्रण व संयोगं जक थुपिं खनेदया च्वंगु ख: । हेतु धैगु मूल कारण ख:सा प्रत्यय धैगु हेतुयात ग्वाहालि याइगु मेमेगु कारणत ख:। थ्व प्रतीत्यसमुत्पादया नियम लागू मजुइगु विषयवस्तु छुं नं दैमखु। उकिं जुया थथे हेतु प्रत्येयया संयोगं उत्पत्ति जुइगु ब्याक्वं धर्मयात 'प्रतीत्यसमुत्पन्न धर्म' धका धाइ । छुँ नं प्रतीत्यसमुत्पन्न धर्मतय्गु थ:गु स्वतन्त्र अस्तित्व धका दैमखु । अथे धैगु छुँनं विषयवस्तुया स्वभाव धैगु हे मदु । दक्वया हे अस्तित्व उकिया हेतुस निर्भर जुयाच्वनी । प्रतीत्यसमुत्पादय् आधारितगु थुगु निस्वभावताया परमार्थज्ञान हे शून्यता ज्ञान ख: ।

हानं दक्व प्रतीत्यसमुत्पन्न धर्मत अनित्य ख:, उकिं व फुक्कं हे दु:ख ख: । हेतु प्रत्यय पाखें बनेमजूगु असंस्कृत धर्म हे निर्वाण ख: । थुगु निर्वाण धर्म पाखे न्ह्यांवनेगु हे मार्गसत्यया उपदेश ख: । उकिं शालिस्तम्भ महायान सूत्रस भगवान बुद्धं **"यो भिक्षव प्रतीत्यसमुत्पाद पश्यति, स धर्म पश्यति । यो धर्मं पश्यति, स बुद्धं पश्यति ।"** अर्थात् "गुम्हेसिनं प्रतीत्यसमुत्पादयात खंकी, वं धर्मयात खंकी । गुम्हसिनं धर्मयात खंकी, वं बुद्धयात खंकी" धका प्रतीत्यसमुत्पादया महत्त्व क्यना बिज्या:गु दु ।

प्रतीत्यसमुत्पादया देशना दुथ्याना च्वंगु प्रमुख सूत्र प्रतीत्यसमुत्पादादिविभङ्गनिर्देशसूत्रम् छगू नं ख: । थुकिया सम्वन्धित उपदेशया अनुवाद न्ह्यथनेगु जुइ ।

**"एवं मया श्रुतम् । एकस्मिन् समये भगवान् श्रावस्त्यां विहरति स्म जेतवने अनाथपिण्डदस्यारामे महता भिक्षुसंघेन सार्धमर्धत्रयोदशभिर्भिक्षुशतै: । तत्र भगवानामन्त्रयते स्म- प्रतीत्यसमुत्पादस्य वो भिक्षव: आदिं वो देशयिष्यामि विभङ्ग च । तच्छृणुत, साधु च सुष्ठु च मनसिकुरुत, भाषिष्ये-**

**प्रतीत्यसमुत्पादस्य आदि: कतम: ? यदुत अस्मिन् सति इदं भवति, अस्योत्पादादिदमुत्पद्यते । यदुत अविद्याप्रत्यया: संस्कारा: । संस्कारप्रत्ययं विज्ञानम् । विज्ञानप्रत्ययं नामरूपम् । नामरूपप्रत्ययं षडायतनम् । षडायतनप्रत्यय: स्पर्श: । स्पर्शप्रत्यया वेदना । वेदनाप्रत्यया तृष्णा । तृष्णाप्रत्ययमुपादानम् । उपादानप्रत्ययो भव: । भवप्रत्यया जाति:। जातिप्रत्यया जरामरणशोकपरिदेवदु: खदौर्मनस्योपायासा: संभवन्ति । एवमस्य केवलस्य महतो दु:खस्कन्धस्य समुदयो भवति । अयमुच्यते प्रतीत्यसमुत्पादस्यादि:।।"**

"जिं थथे न्यना, छगू इले भगवान् श्रावस्तिया अनाथपिण्डकया जेतवन विहारे झिन्स्वस:त्या (१३५०) भिक्षुसंघ नापं च्वना बिज्यानाच्वंगु ख: । अन वसपोल भगवानं भिक्षुपिन्त सम्बोधन याना थथे धया बिज्यात - भिक्षुपिं ! जिं छिमित प्रतित्यसमुत्पादया आदि व अन्त्यया देशना यायेत्यनागु दु । ध्यानपूर्वक न्यँ, थ:गु मन एकाग्र या, जिं कना हये ।

**प्रतित्यसमुत्पादया उत्पत्ति छु ख: ? थ्व थुकथं दु, थ्व दूगुलिं व दूगु ख: । थुकिया उत्पत्तिं उकिया उत्पति जूगु ख: । अथेहे अविद्याया कारणं संस्कार, संस्कारया कारणं विज्ञान, विज्ञानया कारणं नामरुप, नामरूपया कारणं षडायतन, षडायतनया कारणं स्पर्श, स्पर्शया कारणं वेदना, वेदनाया कारणं तृष्णा, तृष्णाया कारणं उपादान, उपादानया कारणं भव, भवया कारणं**

**जाति व जातिया कारणं जरा, मरण, शोक, परिदेव, दु:ख, दौर्मनस्य र उपायास उत्पत्ति जुइ । केवल थुपिं कारणं दु:खस्कन्धया उदय जुइ । थुकियात हे प्रतीत्यसमुत्पादया उदय धाई ।"**

थथे कारण व परिणामया अनन्त चाक: यात हे संसार धका धाइ। प्रतीत्यसमुत्पादया १२ गू कडी मध्ये पुनर्जन्म, जरा मरणादि दु:ख आर्यसत्य ख: । अथे हे अविद्या, संस्कार, तृष्णा व उपादान थुपिं प्यगू दु:ख समुदय आर्यसत्य अर्थात् दु:खया कारण ख: । गथे छ्ग: पुसा चाय् थुनेवं मल जल गा:सा उकिं सिमा बुया वई । अले वहे सिमाय् स:गु फलय् च्वँगु पुँ मेगु सिमा बुइकी । थुगु पुसा व सिमाया जीवन चक्र अनन्त चले जुया तुं च्वनी । अथेहे दु:ख व दु:ख समुदयया चाक: नं अनन्त चाहिला हे च्वनी ।

थ्वहे सिद्धान्तयात सरलीकरणयाना थुइकेया लागि आचार्य नागार्जुनं प्रतीत्यसमुत्पादहृदयकारिकास थुकथं च्वया त:गु दु ।

***द्वादश येऽङ्गविशेषा मुनिनोद्दिष्टा: प्रतीत्यसम्भूता:।***
***ते क्लेशकर्मदु:खेषु सङ्गृहीतास्त्रिषु यथावत् ।***

शाक्यमुनि बुद्धं गुगु प्रतीत्यसमुत्पादया देशना याना बिज्या:गु झिन्निगू अङ्गत दु, उपिं अङ्गतयेत क्लेश, कर्म व दु:ख कथं स्वंगू वर्गय् संग्रहित यानात:गु दु ।

***आद्याष्टमनवमा: स्यु: क्लेशा: कर्म द्वितीयदशमौ च ।***
***शेषा: सप्त च दु:ख त्रिसङ्ग्रहा द्वादश तु धर्मा:।।२।।***

न्हापांगु (अविद्या), च्यागूगु (तृष्णा) व गुंगूगु (उपादान) अङ्ग क्लेश ख: । निगूगु (संस्कार) व झिगूगु (भव) अङ्ग कर्म ख: । ल्यँदनिगु न्हेगू अङ्ग दु:ख ख: । थथे द्वादश धर्मयात स्वंगू वर्गय् दुने दुथ्याके फै ।

***त्रिभ्यो भवति द्वन्द्व द्वन्द्वात्प्रभवन्ति सप्त सप्तभ्य:।***
***त्रय उद्भवन्ति भूयस्तदेव तु भ्रमति भवचक्रम् ।।३।।***

स्वंगू धर्मं निगू जुइ । निगू पाखें न्हेगू, हानं न्हेगू पाखें स्वंगू उत्पन्न जुइ । थथे थ्व भवचक्र मदिक्क चा:हिला च्वनि ।

थ्व कथं १२ गू निदानयात संक्षिप्तं स्वंगू हेतुफल प्रक्रिया कथं थुइके ज्यु । क्लेशं कर्म दयेकि, कर्मया विपाक वई, हानं विपाक दु:ख भोग याइबले क्लेश हे उत्पत्तियाना च्वनि । थ्व क्लेश कर्म व विपाकया दु:खचक्रयात त्वाल्हायेगु शिक्षा यात प्रतीत्यसमुत्पादया प्रतिलोम ज्ञान कथं बुद्ध नं खंका बिज्यात व देशना याना बिज्यात । गुलिनं क्लेश उत्पन्न जुइगु ई ख:, बुद्धिमानम्ह व्यक्तिं उगु ईलय् क्लेशया धर्म थुइका उकियात प्रहाण यायेगु अभ्यासे च्वना च्वनी ।

### क) तृष्णा प्रहाण यायेगु

खुगू आयतन व उकिया विषयया दथुई स्पर्श जुइसाथं उत्पन्न जुइगु वेदनायात शिक्षितम्ह व्यक्तिं उक्त उत्पन्न जूगु वेदना प्रति योगु वा मयोगु भाव मत:से साक्षी भावं, तटस्थ भावं चायेका भाविता याना च्वनी । थथे चायेकेगु विधियात स्मृतिप्रस्थान विपश्यना भावना धाई । थथे निरीक्षणयाये स:सा *'वेदना प्रत्येया तृष्णा'* जुइगु सट्टा *'वेदना प्रत्येया प्रज्ञा'* जू वनी । थथे अनन्त चाक:या क्रम त्वाध:वनि ।

### ख) उपादान प्रहाणयायेगु

प्रमादे लाना चित्तय् तृष्णा उत्पन्न जूसां होसय् वया यदि अनित्य, दु:ख व अनात्म धर्मयात वा:चायेका उपादान अर्थात् पेप्पुना च्वनेगु, ज्वना च्वनेगु स्वभाव मजुइके फ:सा, तृष्णा बुलुहुँ क्वलना ववं निरुद्ध जुइ, नापं उपादान नं निरोध जुइ ।

### ग) अविद्या प्रहाण यायेगु

श्रुत, चिन्तन व भावनाद्वारा प्रज्ञा ब्वलंकेगु या:सा अनित्य दु:ख अनात्मां युक्तगु विद्यां अविद्या यात निरोध याई । अविद्या निरोध जुलकी सम्पूर्ण दु:ख निरोध जुई ।

थुकथं दु:खया अनन्त चाक:यात झिन्निगू निदान मध्ये क्लेशवर्गय् ला:गु अविद्या, तृष्णा व उपादान उत्पन्न जुइगु इले हे होस तये फ:सा उगु इले थ्व दु:खचक्रयात प्रज्ञारूपी तलवारं चन्हंक त्वाथले फई । थुकथं जुइगु प्रतिलोमया क्रियां उत्पन्न जुइगु निर्वाण धर्म निरोध सत्य

खःसा शील समाधि प्रज्ञां युक्तगु आर्य अष्टाङ्गिकमार्ग दुःख निरोधागामिनी प्रतिपदा सत्य खः ।

थुकि क्यना तःगु भिन्निगूलिं निदानया प्रतीकात्मक चित्रया व्याख्या थुकथं दु ।

**१) कांम्ह मनू**

मण्डलया ठीक च्वय् पाखें च्वया तःगु काँम्ह मनूया चित्र अविद्याया प्रतीक खः ।अविद्या धयागु मस्यूगु, मथूगु, मखंगु खः। उकिं अविद्यायात घोर अन्धकारया उपमा नं बिया तःगु खः । अनित्य दुःख अनात्मा बोध मजुइगु, कर्म व कर्मफलया विषय मखुथें थुइकेगु, चतुरार्य सत्ययात मथुइका च्वनेगु आदि हे अविद्या खः । मिथ्यादृष्टि, प्रमाद, तृष्णा, क्लेश, मोह, अज्ञान, मूर्खता आदि दक्व अविद्याया विविध रूप खः । अविद्याया बलं हे दुःख चक्र, भवचक्र, संसारचक्र चाहिकीगु खः ।

**२) थलवल दयेका च्वंम्ह कुमाः**

थ्व संस्कारया प्रतीक खः । अविद्याया कारणं व्यक्तिं संसारे हानं हानं जन्म कायेगु इच्छा याई । गथे कुमाःनं थःत यःगु थी थी वस्तुत दयेकीगु खः अथे हे जीवन, स्वभाव, उद्देश्य, भाग्य व कर्मयात नं दयेका च्वनी । उकिया फल स्वरुप हानं हानं संसारय् जन्मकाः वया च्वनी ।

**३) माकः**

कर्म संस्कारया कारणं माँयागु गर्भय् जन्मे जूवनी । थथे पूर्वजन्मय् च्युत जुया वःगु चित्त थ्व जन्मय् प्रतिसन्धि चित्तया रुपय् उत्पन्न जुइ । चित्तया स्वभाव सामान्यतया चञ्चल जुइगु जुया उखेंथुखें चाहिलाच्वंम्ह माकःया चित्र विज्ञानया प्रतीक कथं च्वइगु खः ।

**४) निम्ह मनू छगू डुंगाय् च्वना समुद्र छिना च्वंगु**

थ्व नामरुपया प्रतीक खः । नाम धैगु चित्त चैतसिकया विषयवस्तु खःसा रुप धैगु भौतिक विषयवस्तु खः। गर्भय् उत्पत्ति जूगु प्रतिसन्धि विज्ञानया कारणं नामरुप उत्पन्न जुइ । थ्व नामरुप हरेक सुखदुःखयात मुंकीगु थल थें खः । थुकि निम्ह मनू नाम व रुपया प्रतीक जुल । अथे हे जन्म पुनर्जन्म याकेत थलथें जुइगु जुया नाम व रुपयात डुंगाया चित्रं नं क्यना तःगु खः ।

**५) न्यापाः झ्याः व छपाः लुखा दूगु खालिगु छें**

थ्व चित्र षडायतनया प्रतीक खः । षडायतन धैगु मिखा, न्हेपं, न्हाय्, म्यें, शरीर व मन याना जम्मा खुगू आयतन खः । नामरुप पाखें थुपिं खुगू आयतन उत्पत्ति जुइ । स्वयेगु, न्यनेगु, नतुनेगु, सवा कायेगु, थिया सिइका कायेगु व विचाः यायेगु क्षमता सहितगु इन्द्रियत विकास जुइ ।

**६) मिसामिजं आलिंगन व चुम्बन याना च्वंगु**

थ्व चित्र स्पर्शया प्रतीक खः । थुपिं खुगू आयतनया विकास जुइधुंका वातावरणया विषयवस्तुलिसें थुपिं आयतनपिनिगु सम्पर्क जुइ । मिखाया रुपलिसे, अथे हे न्हेपंया सः लिसे, न्हाय्या गन्धलिसे, म्येंया स्वाद (रस) लिसे, शरीरया स्पष्ट्रव्य (अनुभव जुइगु विषयवस्तु) लिसे व मनया विचार लिसे सम्पर्क जुया इन्द्रिय, सम्बन्धित चित्त व सम्बन्धित विषय नापं संयुक्त जुया सम्बन्धित संस्पर्श उत्पन्न जुइ । थथे इन्द्रिय व उकिया विषयया दथुइ संसर्ग जुइगु यात प्रतीकात्मक कथं निम्ह मिसामिजं आलिंगन, चुम्बन यानाच्वंगु चित्र क्यना तइ ।

**७) मिखाय् वाणं कया च्वंगु**

थ्व चित्र वेदनाया प्रतीक खः । मिखा धैगु अत्यन्त संवेदनशीलगु अंग खः । मिखाय् वाणं कलकि गुजाःगु प्रकारयागु अनुभव जुइगु खः व अनुभवयात वेदनाया प्रतीक कथं क्यना तःगु जुल । इन्द्रिय व उकिया विषयया सम्पर्कया कारणं सुखद, दुखद वा अदुःख असुख याना स्वथी कथंया वेदना उत्पन्न जुइ ।

**८) अयला त्वना च्वंगु**

थ्व चित्र तृष्णाया प्रतीक खः । सुखद वेदनाया प्रति यःगु भाव पिज्वयेका उजाःगु वेदना हाकनं वयेमा,

सदां ल्यना च्वनेमा धैगु इच्छा याइ । अथे हे दु:खद वेदना प्रति मय:गु घृणा भाव पिज्वयेका मदयावनेमा, फुनावनेमा धैगु इच्छा यायेगु याई । थथे हानं हानं थथे जुइमा वा मजुइमा धका बार-बार इच्छा जुइगुयात तृष्णा धाई । हानं, थ्व हे इच्छा प्रवल जुजुं संसारय् जन्म जुइगु सुख ख: धका खंकी । उकिं वया हानं हानं जन्मकायेगु इच्छा जुया च्वनी । गथे अयला त्वनिम्ह ब्यक्तिया अयलाया तलतल जुया च्वनी वहे तलतलयात थन तृष्णाया प्रतीक कथं क्यना त:गु जुल ।

## ९) सिमाय् फल खाया च्वंगु

थ्व चित्र उपादानया प्रतीक ख: । तृष्णा तीव्र जुलकि उम्ह व्यक्ति सुम्क च्वने फैमखु । इच्छा या:गु वस्तु अप्व:सिवेअप्व प्राप्तयायेया लागि ब्वाँय्ब्वाँय् जुया च्वनी । उगु प्राप्त जुइगु वा जूगु विषयवस्तु प्रति आसक्त जुया च्वनि । अथे पेपुना च्वनीगु स्वभावयात हे उपादान धाइगु ख: । उपादानया कारणं मनूत लाभया नितिं उद्यत जुयाच्वनीगुया प्रतीक कथं सिमाय् फल खाया च्वंगु चित्र क्यना त:गु ख: ।

## १०) गर्भवतीम्ह मिसा

थ्व चित्र भवया प्रतीक ख: । संसार व संसारया विषयवस्तु प्रति तीव्र आसक्तिया कारणं मृत्युलिपा वया:गु कर्म संस्कार अनुरुपगु मेगु जन्मया अवस्था सिर्जना जुइ गुकिइयात भव धका धाई । मेगु जन्मया माँ अबुया सहवास जुया च्वंगु अवस्थाय् उम्ह प्राणिया वा ब्यक्तिया थ:गु कर्म संस्कारलिसे मिले जूसा वयागु प्रतिसन्धि विज्ञान अनेहे वना तासेजूवनी । गुकिंयाना गर्भाधान जुइ । थथे उपादानया कारणं मेगु जन्मया लागि गर्भे च्वंवनिगु प्रक्रियायात क्यनेगु प्रतीक कथं मैथुनरत जुया च्वंगु दृश्य व गर्भवतीम्ह मिसा क्यना त:गु दु ।

## ११) मचाबुइकाच्वंगु

थ्व चित्र जन्मया प्रतीक ख: । गर्भे च्वने धुंका उगु कारणं जन्म जुइ । थुकिया प्रतीक कथं छम्ह मिसां मचा बुइका च्वंगु हे दृश्य च्वया क्यना त:गु जुल ।

## १२) सीम्ह पाछाया दिपे यंका च्वंगु

जन्म जुइधुंका उकिया कारणं अवश्य रोग, मानसिक दु:ख, शारीरिक दु:ख निसें मरण तक जुइ । संसारया दक्व दु:ख मध्ये नं प्रधानगु मरण दु:ख जूगु कारणं दु:खया प्रतिनिधिया रुपय् मरण यात थन क्यना त:गु जुल । छम्ह व्यक्तिं सीम्ह पाछाया दिप पाखें यंका च्वंगु दृश्य मरणया प्रतीक ख: ।

## उपसंहार

समग्र बुद्ध ज्ञान दुथ्याना च्वंगु थ्व अत्यन्त सारगर्भितगु प्रतीकात्मक चित्र थौंकन्हे नेपा:या बौद्ध विहारया निर्माणया परम्पराय् खने मदुसां प्राचीन कालय् दूगु अनुमान यायेफु । गम्भीरगु धर्मयात चित्रात्मक रुपं सरल कथं थुइकेगु उपायकौशल्यया रूपय् न्ह्यानाच्वंगु थ्व पञ्चगण्डक चक्र (भवचक्र मण्डल) या चित्रकला च्वया प्रतिस्थापना यायेगु परम्परा नेपा:या बौद्ध विहारय् (बहाबहि) हानं न्ह्याकेमा:गु खनेदु ।

## सन्दर्भ स्रोत सूची


१२) Dalai Lama XIV Bstan-dzinrgya-mtsho, The Wheel of Life: Buddhist Perspectives on Cause and Effect.

१३) Bhikkhu Khantipalo, 1995. The Wheel of Birth and Death https://www.accesstoinsight.org/lib/authors/khantipalo/wheel147.html

१४) T.B. Karunaratne, 1969. The Buddhist Wheel Symblol, Wheel Publication No. 137/138, Buddhist Publication Society, Kandy, Sri Lanka https://static.sariputta.com/pdf/tipitaka/1159/wh137_karunaratne_the-buddhist-wheel-symbolpdf.pdf

१५) Geshe Sopa, 1984, The Tibetan "Wheel of Life": Iconography and Doxography in *The Journal of the International Association of Buddhist Studies*, Vol 7 No.1 page 125-145 USA

१६) https://journals.ub.uni-heidelberg.de/index.php/jiabs/article/download/8622/2529

# बहाबहिया सर्वप्राचीन अभिलेख

(गुइत:बहिया ६औं शताब्दिया लिच्छिवि अभिलेख)



ज्ञानेन्द्र शाक्य

*लेक्चरर - लुम्बिनी कलेज अफ बुद्धिज्म एण्ड हिमालयन स्टडिज्*

इतिहासया प्रमाणया रूपय् वंशावली, हस्तलिखित पाण्डुलिपि, शिलालेख, कलाकृति, सांस्कृतिक परम्परा, किंवदन्ती आदि थी थी स्रोतत दया च्वनी । थुपिं मध्ये तुलनात्मक रूपं शिलालेखयात विश्वसनीय स्रोत कथं काइ । नेपा:या राजनैतिक इतिहास गोपालवंश, महिषपालवंश निसें सुरु जूगु खँ वंशावलीइ उल्लेख जुयाच्वंगु जूसां शिलालेख प्रमाण कथं नेपा:या राजनैतिक इतिहास लिच्छिविकाल निसें जक उपलब्ध जू । नेपालया दक्वसिवे प्राचीनगु अभिलेखला लुम्बिनीया ई.पू. तेस्रो शताब्दिया अशोक स्तम्भाभिलेखत हे ख: । अनंलिपाया नेपा:या इतिहासया लागि उपलब्ध जूगु शिलालेख धैगु इ.सं. १८५ निसेंया लिच्छिवि शिलालेखत ख: । नेपा:या बुद्धधर्म व बौद्ध विहारया इतिहास नं बुद्धकालं निसें स्वानाच्वंगु द:सां शिलाभिलेखं प्रमाणित जूगु इतिहास लुम्बिनी स्तम्भाभिलेख धुंका स्वनिगलय् थी थी थासय् दया च्वंगु लिच्छिवि शिलालेखत हे ख: । बहाबहि सम्बन्धी दक्वसिवे प्राचीनगु शिलालेख गुगु ख: ? गन दु ? व उकि छु च्वया त:गु दु ? धैगु न्ह्यस: सकल नेपा:मिपिनिगु लागि छगू रोचक जिज्ञासा जुइफु । थ्व लेखय् थ्वहे न्ह्यस:यात समाधान यायेगु कुत: जुइ ।

नेपालय् बुद्धधर्मया प्रारम्भ बुद्धकाल निसें हे जूगु खँ उगु इले भिक्षु आनन्द व श्रावस्तीयापिं भिक्षुपिं ऊन व्यापारीपिं लिसे नेपा: व:गु प्रसङ्ग मूलसर्वास्तिवाद विनय सुत्रस उल्लेख जुया च्वँगु पाखें सी दु (Slusser, 1998 - pg 271; वज्राचार्य, २०३० - पे. १७२) । प्रत्यक्ष रूपं किराँतकालया छुनं अभिलेख प्राप्त मजूसां वंशावली आदिया प्रमाणं सम्राट अशोक नेपालय् आगमन जूगु, चारूमती विहार निर्माण या:गु खँ पाखें किराँतकालय् विहार निर्माणया गतिविधि दूगु खँ क्यँ । अभिलेख प्रमाण हे स्वयेगु ख:सां लिच्छिवि अभिलेखय् उल्लेख जुया च्वँगु 'गुँ विहार' धैगु खँग्व संस्कृत खँग्व मखुगुलिं थ्व विहार लिच्छिविकाल सिवे न्ह्यो हे निर्माण जूगु धैगु धापू इतिहासकार पिनिगु दु (Slusser,1998 - pg 10, वज्राचार्य, २०३० - पे. ४६०) । अभिलेख प्रमाणत दूगु काल धैगु लिच्छिविकालं निसें जक हे ख: । हाल तक्क प्राप्त करिव निस:ति लिच्छवि अभिलेखं नेपालय् थ्व कालय् महासांघिक भिक्षु संघ दूगु, भिक्षुणी संघ दूगु, विहारया लागि जुजु पिन्स गाँ हे दान या:गु नापं आपालं विहारतयेगु नां उल्लेख याना त:गु दु । थुपि मध्ये मुख्य मुख्यगु विहार कथं गुँ विहार, मान विहार, राज विहार, खर्जुरिका विहार, मध्यम विहार, शिवदेव विहार, अभयरूची विहार, वार्त कल्याणगुप्त विहार, चतुर्भालटसन विहार, अर्जिका विहार, जीववर्म विहार, पुष्पवाटिका विहार, वार्त सुजातप्रभ विहार दु । थुपिं मध्ये अप्पो धैथें विहारत थौं छु अवस्थाय् दु ? गन दु ? धैगु खँ रहस्यया गर्भय् हे दु । इतिहासकार पिन्सं थी थी कथंया अनुमान प्रमाण कथं थुपिं विहारया स्थान अनुमान या:गु दु तर थुकिया स्पष्ट किटानी आतक्क याये मफुनि ।

स्वनिगलय् च्वंगु कयौं बहाबहि लिच्छिविकाले हे दयेकूगु जुइ फूगु खँ अन दयाच्वंगु मूर्तिकला, चैत्यया शैली, वंशावलीया उल्लेख पाखें खनेदया च्वंगु दु । तर अभिलेख प्रमाण हे दूगु विहार गुइत: बहि व इबहि जक

खः । थुपिं बाहेक क्वय् धलखय् दुथ्याना च्वंगु मेगु अभिलेखत चैत्याभिलेख, जःह्रुँ अभिलेख, मण्डल अभिलेख जक जूगुलिं थुपिं विहार लिसे प्रत्यक्ष स्वापू दु ? वा मदु ? धैगु धाये थाकु ।

नेपाःया हे आःतकया लुयावःगु शिलाभिलेखत मध्ये दक्वसिवे न्हापांगु सक सम्वत् १०७ (इ.सं. १८५) अंकितगु जयवर्माया पादपीठ अभिलेख खः (Mishra, 2000) । थ्वयां लिपायागु आपालं शिलालेखत नेपाःया बुद्धधर्मया इतिहासया प्रमाण जुयाच्वंगु दु । थुपिं अभिलेखत मध्ये निम्नानुसार अभिलेखत हाल विद्यमान यलया बहाबहिया जःखः दया च्वंगु जुल।

१) प्रथम श्री महाविहार नामं प्रख्यातगु गुसटल महाविहार[1] (तधँ गुइतः बहि) या बुद्ध मूर्ति पादपीठ अभिलेख - शक सम्वत् ४६४ (इ.सं. ५४२)
२) सुवहाल हिटीया लिच्छिवि चैत्यया अभिलेख - मानदेव सम्वत् १८२ (इ.सं. ७५८) (Vajracharya, 1973)
३) सुवहाल हिटीया जःह्रुँया अभिलेख - मानदेव सम्वत् १८७ (इ.सं. ७६३)
४) गुस्तल महाविहार (चिधँ बहि) या चैत्यया पादपीठ अभिलेख - सालमिति उल्लेख मजूगु
५) रक्षेश्वर महाविहार (पुच्व बहि) या बुद्धस्तुति अंकित मण्डःपा अभिलेख - सालमिति उल्लेख मजूगु
६) यम्पिमहाविहार (इबहि) या करूणाचुक नापंया जःह्रुँस दूगु 'वार्त्त सुजातप्रभविहार' उल्लेख जुयाच्वंगु अभिलेख - सालमिति उल्लेख मजूगु
७) त्यागः त्वाःया चैत्यय् 'ये धर्मा हेतु प्रभवा...' गाथा उल्लिखित अभिलेख - सालमिति उल्लेख मजूगु

थ्व वाहेक यंगुबहालय् च्वंगु अभिलेख, चपट त्वाःया लिच्छिवि अभिलेखत नं बौद्ध इतिहास अध्ययन याइपिन्सं मस्वसे मगाःगु अभिलेख त खः । थुपिं बाहेक यैं, यल, ख्वपया बहा बहिस लुया वःगु अभिलेख दक्व फुकं मध्यकालया खः । प्रथम श्री महाविहार (तधँ गुइतः बहि) या मूल गन्धकुटीया बुद्धमूर्तिया पादपीठ अभिलेख मिति २०७२ साल फागुन २३ कुन्हु लुया वयेधुंका स्वनिगःया बहा बहिस दूगु अभिलेखत मध्ये थ्व अभिलेख दक्वसिवे न्हापांगु अभिलेख कथं किर्तिमान जूवंगु खः ।

**अभिलेखया उत्खनन**

प्रथम श्री महाविहार (तधँ बहि) या देगः पुनः निर्माणया नितिं गन्धकुटीया अंग थुनेगु भ्र्वलय् बहिया मूल गन्धुरी देवताया पादपीठ लोहँया दक्षिणपाखे अर्थात् द्यःया ल्यूनेया भागे कियातःगु इस्वीया खुगूगु शताब्दिया शिलालेख मिति २०७२ साल फागुन २३, आइतवार कुन्हु लुया वःगु खः । थुगु शिलालेखं बुद्ध धर्म व बौद्ध कलाया इतिहास अन्वेषक पिनिया लागि न्हूगु सम्भावना त ब्वलंका ब्यूगु दु ।

बहिया गन्धकुटिया छ्चाखेरं चाहिले छिंक प्रदिक्षिणापथ अर्थात् द्यः चाहिलेगु गल्ली दया च्वँगु जुल । जीर्णोद्धारया भ्र्वलय् प्रदक्षिणापथया पिनेया अंग वि.सं. २०७२ साल बैशाख १२ या महाभूकम्प सिवे न्ह्यो हे पुनःनिर्माण जुइ धुंकुगु खःसा दथुया गन्धकुटिया अंग भूकम्पया लिपा तिनि पुनःनिर्माणया नितिं पिया पुनःनिर्माण याःगु खः । थ्वहे भ्र्वले गन्धकुटीया दक्षिणपाखेया अंग पिया हःबले गन्धुरी देवता मूर्ति दना च्वँगु हे शिलाफलक (ने.सं. ३९९ या अभिलेख दूगु लोहँ) या ल्यूने पाखे लिच्छवि शिलाभिलेख लुया वल । थुगु



लुया वःगु अभिलेखया छापा पुरातत्त्व विभागया श्यामसुन्दर राजवंशीजुं कया च्वंगु

शिलालेख दुगु शिलाफलकया ल्यूनेया ब्व: मुक्कं हे पुलांगु अंगया दुने हे ल्हाना च्वँगु ख: । विहारया दुज:पिन्सं थ्व अभिलेख लुया व:गु वारे पुरातत्त्व विभागया अभिलेख विशेषज्ञ श्री श्यामसुन्दर राजवंशीजु यात सूचना ब्यूगु जुल । अभिलेख लुया व:गुया निवा: लिपा मिति २०७२ चैत ८ गते कुन्हु राजवंशीजु गुइत: बहिस वना अभिलेखया उतार कया राष्ट्रिय अभिलेखालयया 'अभिलेख' पत्रिकाय् प्रकाशन यायेगु ज्या नं जुल (राजवंशी, २०७२ - पे ७४०) । अनंलिपा इयान अल्सोप, काशीनाथ तमोट, डा. नयनाथ पौडेल व ज्ञानेन्द्र शाक्य सम्मिलित अन्वेषण पुच:पाखें थ्व अभिलेखया सुक्ष्म अध्ययन याना थ्व अभिलेखया परिष्कृत लिप्यन्तर व भावार्थ 'एसियन आर्टस् डट कम' धा:गु वेभ जर्नलस प्रकाशित जूगु दु (Alsop, 2020; Tamot 2020) ।

थुगु शिलालेखया नाप ११२ से.मी. हाक: व १३ से.मी. ब्या दु । आख:या जा: २ से.मी. निसें ४ से.मी. तक्क दु । थुगु अभिलेख पूर्वलिच्छिवि लिपिं स्वंगू हरफस च्वयात:गु दु । हाल थुगु लिच्छिवि शिलाभिलेख स्वये जिइक भ्र्या थें त:या अंग पुन:निर्माण जुइ धुंकुगु दु। सुँ नं इच्छुक व्यक्तिपिं गन्धकुटी प्रदक्षिणा गल्लीं वना थुगु शिलाभिलेख स्वयेगु वा अध्ययन याये फु ।

## शिलालेखया पाठ व भावार्थ

पूर्व लिच्छिविकालया थुगु शिलाभिलेखय् शक सम्वत् ४६४ (इ.सं. ५४२) स धातुया बुद्धमूर्ति थन प्रतिस्थापन या:गु ख: धका आख: किया त:गु दु । थुकिया पाठ व भावार्थ थुकथं दु ।

## भावार्थ

थुगु दान धर्मया प्रभावं शाक्यभिक्षु यशोमित्रया माँ अबु पूर्व आचार्यपिं व सकल सत्त्वप्राणिपिं अनुत्तर ज्ञान लाये फयेमा । भट्टारक महाराज श्री रामदेव व कुशल बिचायाइम्ह महासामन्त महाराज क्रमलीलया आज्ञा कया लिइयागु बुद्ध प्रतिमा पलिस्था यानागु जुल । मार्गशीर्ष शुक्ल त्रयोदशी सम्वत् ४६४।

थुगु शिलाभिलेख बाँलाक्क संरक्षित दु, सफा व स्पष्ट जु । थ्व अभिलेख प्राप्तिपाखें उजागर या:गु विषय वस्तुत थुकथं दु ।

### १) महायान बुद्धधर्मया प्रमाण

'सर्व सत्वानामनुत्तर ज्ञानावाप्तयै' दक्व सत्त्व प्राणिपिन्त अनुत्तरज्ञान (बुद्धत्त्व) प्राप्त जुइमा धैगु आशिका पाखें थन महायान बुद्धधर्मया अभ्यास दूगु प्रमाणित जू ।

### २) शाक्य भिक्षु यशोमित्रया दान

उबलेयापिं शाक्य भिक्षुपिं धन सम्पन्नपिं ख: धैगु खँ थ्व अभिलेखं सी दु ।

### ३) धातुमूर्तिकलाया इतिहासय् सर्वप्राचीन अभिलेख

'भगवतो बुद्धस्य काङ्श्य प्रतिमा...' धैगु उल्लेखं बुद्धमूर्ति लिइयाम्ह धैगु खँ स्पष्ट जू । थ्व आतक्कया छगू जक हे लिच्छिवि अभिलेख ख: गुकि तोकेयाना धातुया मूर्ति धका उल्लेख याना त:गु दु । थ्वया न्हापा बुद्धया धातु मूर्तिया सर्वप्राचीन अभिलेख धका किम्वेल बुद्धया अभिलेखयात कयावयाच्वंगु ख: । थ्व अभिलेखं थ्व



यु देय धर्म्मोयं शाक्यभिक्षो यशोमित्रस्य मातापितरौ पूर्व्वाङ्गमङकृत्वा आचार्योपाध्यायानां सर्व सत्वानामनुत्तरज्ञानावाप्तयै



स्तु १ भट्टारक महाराज श्री रामदेवस्य साग्र वर्षशतं समाज्ञापयत: महासामन्ते महाराज श्री क्रमलील कुशलिनि



भगवतो बुद्धस्य काङ्स्य प्रतिमा प्रतिष्ठापिता ० मार्ग्गशीर्षे शुक्ल त्रयोदश्याम् संवत् अ-प्क चु प्क (४००+६०+४)

सम्बन्धय् न्हूगु कीर्तिमान त:गु दु ।

**४) निम्ह महाराजपिनिगु नां छगू हे अभिलेखय्**

थुकिइ 'भट्टारक महाराज रामदेव' व 'महासामन्त महाराज क्रमलील' धका निम्ह महाराजपिनिगु नाँ उल्लेख जुया च्वंगु दु । थ्व स्वयेबले थुगु कालय् नेपालय् निम्ह जुजु पिन्सं संयुक्त शासन यानाच्वंगु खनेदु । रामदेव राज्याभिषेक कया जूम्ह महाराज ख:सा क्रमलील महासामन्त कथं शक्तिशाली जुजुं महाराज पदवी तक प्राप्त याना कायेत सफलम्ह व्यक्ति ख: । राजा रामदेव व महासामन्त क्रमलीलया नाँ उल्लेख जुयाच्वंगु मेगु निगू अभिलेखत नं न्हापा लुया वयेधुंकुगु दु ।

**सन्दर्भ स्रोत सूची**


१) राजवंशी, श्यामसुन्दर, २०७२, **पाटन गुइतबहीको अप्रकाशित लिच्छविकालका अभिलेख**, *अभिलेख पत्रिका*, राष्ट्रिय अभिलेखालय, रामशाहपथ, काठमाडौं ।

२) वज्राचार्य धनवज्र, २०३०, **लिच्छविकालका अभिलेख**, नेपाल र एसियाली अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालय, किर्तिपुर ।

३) वज्राचार्य हेराकाजी, २०५६, **गुइत:या वहि विहार संघ-** छगू अध्ययन, दीपावती पुस्तकालय, यल ।

४) Alsop, I., Tamot, K. & Shakya, G., 2020. **The Standing Buddha of Guita Bahi** in *Asianart.com* [Available online] http://asianart.com/articles/guita/part1/index.html

५) Mishra, T.N., 2000. **Dated Figure of King Jayavarma, The Tradition of Figure Making and The Historical Importance of This Discovery** in *Ancient Nepal*, Number 146, November, Department of Archaeology, Kathmandu

६) Slusser, Mary, 1998. **Nepal Mandala: A Cultural Study of the Kathmandu Valley**, Princeton University Press, Princeton, New Jersey.

७) Tamot K. & Paudel, N. 2020. **The Guita Bahi Buddha Licchavi Inscription** in main article Alsop (2020) as Appendix 1, [available online] http://asianart.com/articles/guita/part1/app8.html

८) Vajracharya, G.V., 1973. **Recently Discovered Inscriptions of Licchavi Nepal** in *Kailash* Volume 1, Number 2, [Availableonline] http://himalaya.socanth.cam.ac.uk/collections/journals/kailash/pdf/kailash_01_02_02.pdf


**पाद टिप्पणी**

१) तधँ गुइत: बहियात चलनचल्ती भाषं प्रथम श्री महाविहार धायेगु या । गुलिंगुलिं अभिलेखे थ्व बहिया नां पद्मोच्च श्री महाविहार, दीपावती महाविहार आदि कथं नं उल्लेख जुया च्वंगु दु । तधँ बहिया मूल गन्धकूटी देवताया पादपीठया न्ह्योनेपाखे च्वयात:गु रञ्जना लिपिं च्वया त:गु ने.सं. ३९९या अभिलेखया पाठ प्रकाशन जुइधुंका थुकिइ च्वया त:गु 'तत्र प्राच्यादिशिगुसटलोनामरम्यो विहार...' पाखें थ्व बहिया वास्तविक रूपं पुलांगु नां गुसतल महाविहार ख: धैगु सी दत । अथेसां नं थुगु लेखय् संज्ञा भ्रम मजुइमा धैगु नितिं प्रथम श्री महाविहार, तधँ बहि धका हे उल्लख यानात:गु दु । (वज्राचार्य, २०५६)

# पञ्चोपचार पूजाविधि



**राजभाई वज्राचार्य**
**उप–प्राध्यापक, सुगत बौद्ध महाविद्यालय**

पूजनीय व्यक्ति, वस्तु वा मूर्तियात आदर भावं पूजा यायेगु परम्परा परापूर्वकालं निसें हे न्ह्यानावयाच्वंगु खनेदु । आदिमानवपिन्सं लः, मी, फय्, पृथ्वी आदि प्राकृतिक विषयवस्तुयात पूजा याइगु खँ झीसं न्यना तयागु दु । प्रकृतिं गुवलें आपालं वा वया उकिया ल्यू बा वइगु, चल वनिगु (बाढि पहिरो) जुया धनजनया नोक्सान जुइ । थुजोगु इलय् जलदेवताया पूजा यायेगु याई । अथेहे फय् पाखेंया भय खना ग्याना पवन देवताया पूजा याई । अथे हे वन छगूलिं मी च्याना पशुपन्छी नापं मानववस्ती समेत सखाप याना बी । गुबलें तःतःसकं भ्वखाय् ब्वया यक्व छेँ दुना वनी । छेँ ल्हाना मनूत सी । थुजाःगु चतुर्महाभूत पाखें वइगु थी थी भय मदयेमा धैगु उद्देश्य तया प्रकृतियात पूजा याइगु चलन झीगु संस्कृतिइ नं अद्यापि दनि ।

महायान वज्रयान बौद्ध अभ्यासय् पूजाया उद्देश्य थथे भय निवारण जक मजूसे सकल सत्त्वप्राणीया हितया नितिं पुण्य सम्भार व ज्ञानसम्भार वृद्धियाना वनेगु व अनुत्तरगु बुद्धोपदेश अनुसार चित्तशुद्धि याना क्लेशावरण व ज्ञयावरण क्षययायां बोधिसत्त्वभूमि प्राप्त यायां बुद्धत्त्व तक लाभ यायेगु खः । नेपाःया बौद्धाभ्यास व संस्कृतिइ न्ह्यानाच्वंगु पूजाया पूज्यवस्तु कथं प्रयोग जुइगु निम्नानुसार मूर्ति, मन्दः, व्यक्ति व वस्तुया संक्षिप्तं चर्चा थन यायेगु जुइ ।

### १) मूर्ति

बौद्ध धर्म व संस्कृतिइ नेपाः देय् लगायत मे मेगु देशय् नं मूर्तिपूजाया प्रचलन व्यापक दु । मूर्ति पूजा याइबले मूर्तियात सजीव द्यः हे भापिया स्वाँ, फलफूल, मरी, मत, धुं आदि सामग्री न्ह्योने तया पूजा याइ । नेपालय् नं जाकि, स्वाँ, सिन्हः, घ्यःदेवा, नैवद्य तया पञ्चोपचार पूजा यायेगु चलन दु । बौद्धाभ्यास पूजाय् मूर्तियात प्रतीक वा भावनाया लागि निमित्तवस्तु कथं जक छ्यलीगु खः । मूर्तियात हे ईश्वर भापिइगु, वर फोनेगु, भाकल यायेगु आदि चलन बौद्ध पद्धति मखु । मूर्ति पूजायाना वसपोल बुद्ध बोधिसत्त्वपिनिगु गुणानुस्मरणयाना थःयाके नं उपिं गुणत वृद्धि जुया वयेमा धैगु उद्देश्य तया मूर्ति पूजा याइगु खः । थुगु पुण्य सम्भारया अभ्यासं प्राप्त जूगु पुण्यानुभावं थःगु एवं सत्त्वप्राणिपिनिगु मंगल जुइमा, रोगादि भय दुःख मदयेमा आदि कामना याना पुण्य परिणामना याइगु खः । थुकियात हे कया सामान्य दृष्टिं स्वइपिन्सं बौद्ध पूजाय् नं मे मेगु धर्म परम्परायृथें द्यःयाके कामना याचना याःगु थें तायेका च्वनीगु खः । तर, गम्भीर अर्थ बोधयाना कायेगु कुतःयाइपिं जिज्ञासुपिन्सं थुजाःगु पूजा पूर्ण रूपं मानसिक विकासया लागि याइगु ध्यान व चित्त शुद्धीकरणया विधि कथं थुइकी । वज्रयान पूजा पद्धतिइ बुद्ध, धर्म, संघ, चक्रसम्वर, वज्रवाराही, चण्डमहारोषण, आर्यतारा, वज्रसत्त्व, वसुन्धरा, हेवज्र नैरात्मा, योगाम्वर, ज्ञान डाकिनी, योगिनी आदि थी थी आपालं देवदेवीपिं स्वना पूजा यायेगु चलन दु ।

### २) मन्दः

वज्रयान पूजा पद्धतिइ मन्दः पूजा नं छगू महत्त्वपूर्णगु विधि खः । सामान्य पूजांनिसें कया

दिक्षाभिषेकथें जा:गु तत:धंगु पूजाय् समेत मन्द: पूजा याना मन्त्र जप, ध्यान इत्यादि अभ्यास यायेगु चलन दु । मन्द:या दथ्वी मूलम्ह द्य: बिज्याकी । अनं जवंखवं छचाखेरं मेमेपिं सम्बन्धित द्य:पिं विराजमान याकी । सामान्यतया मन्द: गोलागु आकारया जुइ । थुकी प्यंगू लुखा, तोरण, ध्वाँय्, छत्र, अष्टमंगल इत्यादि पाखें छापिया त:गु दै । मन्द:या पिने पलेस्वाँ, वज्र, मिंज्वाला, ल:मन्दलं घेरेयाना त:गु दै । गुरुमन्द:, बुद्धमन्द:, धर्ममन्द:, संघमन्द:, चक्रसम्वरमन्द:, वज्रवाराहीमन्द:, हेवज्रनैरात्मामन्द:, ग्रहमन्द:, पञ्चरक्षादेवीमन्द:, अमोघपाश लोकेश्वरमन्द:, तारादेवीमन्द:, वसुन्धरादेवीमन्द:, चण्डमहारोषणमन्द:, वज्रधातुमन्द:, धर्मधातुमन्द:, दुर्गतिपरिशोधनमन्द: आदि थी थी कथंया आपालं मन्द:त दु ।

थुपिं मन्द: दयकेत न्हापां पोताय् चूंनं च्वयेगु वा थासां थायेगु याइ । अनंलिं उकिइ थी थी रंग छ्याना मन्द: निर्माण याइ । थी थी उद्देश्यया नितिं उकथंया हे थी थी मन्द:त पूजा याइगु ख: । गथेकि ग्रह शान्तिया नितिं ग्रहमन्द:, अष्टमहाभय मदयेकेया नितिं तारामन्द:, धनधान्य संवृद्धिया नितिं वसुन्धरा मन्द: व मदुम्ह मनू दुर्गती मलायेमा धैगु उद्देश्य तया दुर्गतिपरिशोधन मन्द: पूजा याई । सम्पूर्ण पूजाविधि क्वचायेकालि मन्द: विसर्जन याइ । गुलिं मन्द:त विसर्जन याना वाग्मतीइ वा खुसीइ चुइके छ्वयेगु याइ । थथे मन्द: पूजा यायेगु चलन नेपालमण्डलय् अद्यापि न्ह्याना हे च्वंगु दनी ।

## ३) द्य:या प्रतीक किसली

द्य:थाय् पूजा या:वनेगु इ्वलय् गु गु थासय् तसकं मछिन धालसा द्य:यात पुजाभ: छपा: पूजा याना किसली छग: द्य:यात थीका किसलीयात हे द्य: भापिया पूजा यायेगु याइ । छग: सलिचाय् जायेक जाकि तया उकि द्योने ग्व:ग्वय् छग: व धेवा छग: तयेगु यात 'किसली' धाइगु ख: । थुकथंया किसली नापं गनं गनं द्योयागु तिसा नं कयाहया पूजा यायेगु चलन नं दु । थथे पूजा यायेबले पूजा सिधलकि किसली व तिसा ससम्मान द्य: थाय् लित तये यंकी ।

## ४) वस्तु पूजा

मनूतय् थ:गु जीवन याउँक न्ह्याकेया नितिं विभिन्न ज्याभ:, मेशिन, वाहनयागु नं पूजा यायेगु चलन दु । थ:गु लजगा: बाँलाक न्ह्याके फयेमा धैगु उद्देश्य तया थुकथं पूजा याइगु ख: । चित्रकारया बुरुस, रंग पूजा याइथें गुरुजुपिनि सफू, ता:, जपमा:, मुकुट, वज्र, गँ इत्यादि पूजा याइ । संगीतकर्मीपिनि हार्मोनियम, सितार, बाँसुरी आदि वाद्यसामग्री पूजा याइसा सिक:मितय् बसिला, क:ती आदि ज्याभ: पूजा याइ । दक:मीतय् अप्पा पालेगु चुपि, ज्याभ: पूजा याइथें थी थी पेशायाइपिनि थ:थगु ज्याभ: पूजा यायेगु याइ । अथे हे थ:यात माथाय् थ्यंकाबीगु सवारी साधन मोटर, मोटरसाइकल नापं हवाइजहाज समेत पूजा यायेगु चलन नं दु । तत:धंगु कल कारखाना नं पूजा यायेगु चलन दु ।

## ५) व्यक्ति पूजा

बौद्ध संस्कृतिइ निम्नानुसार विशेष व्यक्तिपिनिगु पूजा यायेगु नं यानावयाच्वंगु दु ।

### क) माँ अबुया पूजा

बुद्ध धर्म संघया क्वसं दक्वसिवे न्हापा माँयागु अले बौयागु गुणयात लुमंकेमा । माँया गुण लुमंका चैत्र कृष्ण औशी कुन्हु माँया ख्वास्वयेगु नख: हे हनेगु प्रचलन नेवा: बौद्धतय् न्ह्यानाच्वंगु दु । अथे हे श्रावण कृष्ण औशी (गोकर्ण औंशी) कुन्हु बौया गुण लुमंका बौया ख्वास्वयेगु नख: हनेगु यानावयाच्वंगु दु । थुपिं नख: हनिबले माँअबुया गुण लुमंका माँअबुपिन्त सासा:गु नसात्वसा नापं यथोचित उपहार बीइगु याइ ।

### ख) गुरु पूजा

अथे हे गुरु परम्परा नेवा: बौद्ध धर्मया मेरुदण्ड हे ख: । गुरुयात बौ सरह व गुरु नं शिष्ययात थ:गु सन्तान सरह भापिया गुरुशिष्य परम्परा निरन्तर न्ह्यानावयाच्वंगु आतक दनी । शिक्षा दिक्षा बिइम्ह गुरु पुरोहितयात विशेष गुरु भावना यायेगु याइ । आषाढ शुक्ल पुन्हिं अर्थात् गुरुपुन्हि कुन्हु गुरुपिन्त विशेष

आदरसत्कार याना पूजा याइ । शिष्यं गुरुपिन्त न्ह्याबले हे नतमस्तक जुया आदर सम्मान यायेगु याई । माँ, बौ गुरुपिन्त लुमंका गुरुयोग यायेगु नेवा: बौद्धपिनिगु न्हिंन्हिंया दिनचर्या ख: । सुं नं देवदेवीपिनिगु पूजा यायेत न्हापां थथे गुरुयोगया अभ्यासपाखें माँ, बौ गुरुपिन्त पूजा यायेगु याइ । हानं गुरुमन्द: सिर्जना याना नं गुरुयोग पूजा याइ । थथे गुरुपिन्त न्हिं न्हिं पूजा यायेगु चलन थेरवाद बौद्ध परम्पराय् नं दु ।

### ग) कुमारी पूजा

बौद्ध संस्कृतिइ रजस्वला मजुनिम्ह मिसा मचायात कुमारीया रुपय् पूजा यायेगु प्रचलन दु । कुमारी पूजा यायेत कुमारी पूजा याइम्हेसिया इच्छा अनुसार छम्ह, स्वम्ह, न्हय्म्ह, नीछम्ह, सच्छी व च्याम्ह कुमारी मचात मुंका पूजा यायेगु चलन दु । गनं स्थायी रुपं हे कुमारी स्थापना याना पूजा याइगु नं भीगु नेपा:गालय् चलन दु । यलय् रत्नाकर महाविहारय् कुमारी स्थापना याना थौंतक पूजा यानावयाच्वंगु दनि । अथेहे कान्तिपुरय् थनेया क्वा:बाहालय्, दथुया मूबहालय् व क्वनेया हनुमान ध्वाखाय् शाक्य कन्या कुमारीयात स्थापना याना पूजा यायेगु यानावयाच्वंगु दु । येंया कुमारीयात राज्य पाखें समेत मान्यता बियात:गु दु । कुमारीयात बौद्ध व हिन्दु निगूलिं धर्मय् उलि हे सम्मान बिया त:गु दु ।

### पंचोपचार पूजा

पंचोपचार पूजा धैगु पुष्प, धूप, दीप, गन्ध व रस ख: । थ्व पूजा यायेगु नितिं छपा: पुजाभ: दयेके मा: । पूजाभलय् जाकी, सिन्ह (म्हासु व भुयु), जजंका, स्वाँ, फलफूल, धुं, धुपायँ, नैवेद्य, पञ्चामृत, इता, ताय्, दक्षिणा, घ्य:देवा तया थ्व नापं छग: ल: थल नं तयार यायेमा: । थुजा:गु पूजा थम्हं हे वा पुरोहित पाखें याकेगु याइ । पूजाविधिइ अभ्यस्त मजूपिं व्यक्तिपिन्सं गुरु पुरोहितया सहायता कया गुरुया निर्देशन अनुरुप थ:म्हेसिन पूजा यायेगु याइ । थ्व पूजाविधि छसिकथं न्ह्यथना च्वना ।

### १) नसला कायेगु

पूजा यायेगु ज्वलय् दक्वसिवे न्हापां *"ओं ह्रीं स्वाहा"* धका: स्वक्व: उच्चारण याना स्वक्व: नसला कायेगु याइ । अनं हानं *"काय विशोधने स्वाहा ।"* धका ब्वना थ:गु शरीरय् ल: हा:हा: याइ ।

### २) पुजाभ: संकल्प

पुजाभ: संकल्प यायेया नितिं ल्हातं पुजाभ: थियेगु याई । संकल्प वाक्योच्चारण याये न्ह्यो पूजाया ज्वलय् छुं प्रकारया विघ्न वाधा मवयेमा धैगु कामना याना वाक्य ब्वनी । *"ओ सिद्धिरस्तु क्रियारम्भे ।। वृद्धिरस्तु धनागमे ।। पुष्टिरस्तु शरीरेषु ।। शान्तिरस्तु गृहादिषु ।।"* भावार्थ - क्रिया आरम्भ यायेबले सिद्धि दय्मा, धन दुहाँ वयेगुलि वृद्धि जुइमा, शरीर हृष्टपुष्ट जुइमा, छेँ शान्ति दयेमा । थुलि कामना यानालि पुजाभ: संकल्पया क्रिया न्ह्याकी । थुकिया ज्वलय् पुजाभ: थिया च्वच्चं अद्य महादान गाथा ब्वनी ।

### ३) गुरु पूजा

पुजाभ: संकल्प सिधयेका पुजाभ: पुरोहितयात ल:ल्हाना बिइ । पुरोहितं जजमानया नामं पूजा सुरु याइ । दकले न्हापां गुरुपिन्त पूजा याइ, अनंलि त्रिरत्न वज्रसत्त्वयात पूजा याइ ।

***ओं गुरुभ्यो नम: ।।३।।***
***ओं गुरुबुद्ध गुरुधर्म गुरुसंघस्तथैवच ।***
***गुरुवज्रधरश्चैव तस्मै श्री गुरवे नम: ।।***

सकल गुरुपिन्त नमस्कार ।
गुरुबुद्ध, गुरुधर्म, गुरुसंघ, गुरुवज्रधर सहित
सकल गुरुपिन्त नमस्कार ।

***वन्दे श्रीवज्रसत्त्वं भुवनवरगुरुं सर्वबुद्धं भवन्तं***
***नानारूपेण येन तिमिरभयहरं निर्मितं मेरुसंस्थं ।***
***धर्माधारं मुनीन्द्रं जिनवरसुभगं मण्डलं वज्रधातुं***
***सर्वानन्दैकरूपं सहजसुखमयं देहिनां मोक्षहेतुं ।***

**भावार्थ –**

फुक्क भुवनया उत्तम गुरु जुया बिज्याम्ह, फुक्क बुद्धपिनिगु स्वरुप जुया बिज्याम्ह, थी थी कथं भय अन्धकार हरणयाना बिज्या:म्ह, निर्मितगु सुमेरु पर्वतस बिज्या:म्ह, धर्मया आधार जुया बिज्या:म्ह मुनीन्द्र, उत्तम जिनपिनिगु लँय् बिज्याम्ह, वज्रधातु मण्डल स्वरूप जुया बिज्या:म्ह, फुक्क आनन्दया नं छगू रूप जुया सहजसुखमय स्वरूपम्ह छलपोल श्रीवज्रसत्त्वगुरुयात जिं प्रणाम यासे जित मोक्षया कारण बियाबिज्यायेत प्रार्थना याना ।

**४) ल: शोधन यायेगु**

थनंलि निम्नानुसार वाक्य ब्वना ल: शोधन याइ ।

***ओं गुरुआज्ञा । ओ आ हूँ वँ वज्रोदके उदक***
***अमृतं भवन्तु हूँ स्वाहा ।।३।।***

ल: शोधन यानालि थुगु ल:यात अमृत भापिया स्नान याकेया लागि निम्नानुसार वाक्य ब्वना ल:धा: हायेकि । स्नान याकेगु ङ्वलय् बहाल वा बहिलिइ जूसा न्हापां ब:भूइ न्हायकं, वज्र तया गँ थाना ल: हायेकी । छेँ वा पिने पूजा याइबले अन ब:भू उपलब्ध मजुइगु जुया थ्वहे क्रिया सलीचाय् वा छुं थले ल: हायेका पूवंकी ।

***यत्मङ्गलं सकलसत्त्व हृदिस्थितस्य***
***सर्वात्मकस्य वरधर्म कुलाधिपस्य***
***नि:शेष दोष रहितस्य महासुखस्य***
***तत्मङ्गलं भवन्तु ते परमाभिषेक ।***

**भावार्थ –**

सकल सत्त्वपिनिगु हृदयस बिज्याना: सकलसियात थ: समान भापिया बिज्याम्ह, उत्तमगु धर्मकुलया अधिपति जुया बिज्या:म्ह, दोष रहितम्ह, प्राणीपिनि महासुख स्वरूपम्ह जुया: गुगु मंगल छलपोलं याना बिज्यात, थ्व परम अभिषेकपाखें सकलयात अज्या:गु हे मंगल ज्वीमा ।

जन्मजन्मान्तरया अविद्या संस्कारया कारणं चित्त दूषित जुयाच्वन । म्हगस थें जक दया च्वंगु संसारयात धात्थे दु धका भापिया च्वन । क्लेशया वसय् लाना थी थी अकुशल कर्मयाना भवसागरया दु:ख भोग याना च्वन । गथे झीगु शरीर म्वमल्हुसे च्वनाच्वनकि खिति थाना नवइगु ख: अथे हे चित्तनं क्लेश मलं अशुद्ध जुयाच्वन । झीसं स्नान याना दक्व खिति चुइका छोइथें विपश्यना अभ्यासं चित्तय् च्वंगु दक्वं खितियात मदयेका बुद्धपिन्सं प्राप्त याना बिज्याइगु प्रभाश्वर चित्तयात प्राप्त याना झी थ: नं बुद्ध जुइफइ धैगु भाव सन्देश थ्व गाथाय् दयाच्वंगु दु । थथे चित्त शुद्धयाना थ्व ससांरचक्र पाखें मुक्त जुइ फय्मा धका भावना याइ ।

**५) न्हायेकं क्यनेगु**

अनंलिपा निम्नानुसार वाक्य ब्वना द्य:यात न्हाय्कं क्यनेगु विधि याइ । द्य:यात क्यने धुंका थ:म्हं नं स्वइ अले मेपिन्त नं क्यनी ।

***प्रतिबिम्ब समाधर्मा: अच्छा: शुद्धा ह्यनाविला: ।***
***अग्राह्या अनभिलाप्याश्च हेतुकर्म समुद्भव:।।***

**भावार्थ –**

संसारय् दयाच्वंगु फुक्क धर्म (विषयवस्तु) न्हाय्कने दुने च्वंगु किच: समान जक ख:, बुलु मजूसे शुद्ध निर्मलगु शून्य स्वभावगु ख:, छुं नं ज्वनेत मदूगु, व्यक्तयाये फइमखूगु, हेतु कर्मं जक उत्पत्ति जुयाच्वंगु ख: ।

थथे परमार्थ सत्य थुइका संसार प्रतियागु आशक्ति निर्मूलयाना दक्व प्रपञ्च पाखें मुक्त जुइया लागि थ्व वाक्य ब्वना न्हाय्कं स्वचा: चाहुयेका क्यनी ।

**६)** अनंलि निम्नानुसार वाक्य ब्वना वहे लखं द्य:यात ख्वा: सिकी वा ल: हा:याना स्नान याकूगु भाव याई ।

***अभिषेकं महावज्रं त्रैधातुक नमस्कृतम् ।***
***ददामि सर्वबुद्धानां त्रिगुह्यालय संभवम् ।***

**भार्वाथ –**

स्वंगू धातु (काम, रूप व अरूप) स च्वंपिं देवमनुष्यपिन्सं नमस्कार यानाच्वंगु, फुक्क बुद्धपिनिगु

त्रिगुह्यालयसम्भवं अर्थात् काय, वाक् व चित्त स्वंगुलिं उत्पन्न जुया च्वंगु महावज्र स्वभावगु अभिषेक जिं बियाच्वना ।

द्य:यात स्नान याका ल्यं दूगु शुद्धगु लखयात महावज्र (शून्यता ज्ञान) यागु अभिषेक भापिया अनुत्तर सम्यक्संवोधि प्राप्त जुइमा धैगु मनंतुना गुरुजुं जल ह्वला स्नानाभिषेक न्हापां थ:त काइ अनं लिपा जजमान यात नं व हे अभिषेक बिइ ।

**७) आवाहन विधि**

थ्व विधि याइबले द्य:यात थिया निम्नानुसार वैरोचन धारणी ब्वनी ।

***ओं नमो भगवते वैरोचन प्रभकेतु राजाय तथागता या्ऽर्हते सम्यक्सम्बुद्धाय ।। तद्यथा ।। ओं सूक्ष्मे सूक्ष्मे समे समे शान्ते शान्ते दान्ते दान्ते अपस्मारंवे तरंवे अनारंवे यशोवति महातेजे निरालम्वे निराकारे निर्वाणे सर्व तथागताधिष्ठानाधिष्ठिते स्वाहा ।***

सामान्यतया छु द्य:या पूजा या:गु ख: वहे द्य:यागु धारणी ब्वनीगु ख: । गुबलें उम्ह द्योयागु धारणी उपलब्ध मजुल धा:सा वैरोचनया धारणी हे ब्वंसां विधि पूवनि ।

**८)** थ्व धुंका द्य:यात धूप क्यना निम्नानुसार वाक्य ब्वब्वं द्य:यात आवाहन याना द्य: उक्त थासय् बिज्या:गु भावना याइ ।

***आगच्छ परमं देव स्वस्थाने परमेश्वर अहं पूजा करिष्यामि सदातोसंमुखो भव । यजमानस्यऽनुकम्पाय आगच्छन्तु सर्व देवता । भगवन् श्रीमत् श्री श्री वैरोचनादि पञ्चबुद्ध देवता आवाहनाय इदं वज्रधूपं निर्यान्तयामि ।***

**भावार्थ –**

यजमानयात अनुकम्पा तयेया नितिं भगवन् श्रीमत् श्री श्री वैरोचनादि पञ्चबुद्ध, परमदेव परमेश्वर सकल देवतापिं थ:थ:गु आसनय् न्ह्याबलें थें जिगु न्ह्य:ने बिज्यायेत थुगु वज्रधूप चढेयासे निमन्त्रणा याना च्वना ।

थथे भावना याना सकल देवीदेवतापिं मन्दलय् बिज्यात धका: भावना याइ । अनंलि वसपोलपिन्त पञ्चोपचार पूजा याई ।

**९) पञ्चोपचार पूजा**

च्वय् न्ह्यथनाकथं पूर्वकर्मादि पूवंका निम्नानुसार क्रमय् पञ्चोपचार पूजा न्ह्याकिइ ।

**पादार्घ तये –**

भगवन् श्रीमत् श्री श्री वैरोचनादि पञ्चबुद्धेभ्य: चरणकमले पाद्याचमनार्घ प्रतीच्छ स्वाहा ।

**स्वाँ ब्वये –**

ओं आर्य्य वैरोचनाय स्वाहा । ओं अक्ष्योभ्याय स्वाहा । ओं रत्नसंभवाय स्वाहा । ओं अमिताभाय स्वाहा । ओं अमोघसिद्धये स्वाहा । ओं लोचनायै स्वाहा । ओं मामक्यै स्वाहा । ओं पाण्डलायै स्वाहा । ओं आर्यतारायै स्वाहा । ओं वज्रपुष्पं प्रतीच्छ स्वाहा ।

**क) धा: मन्द: थिलेगु**

अतिथिपिन्त सुरक्षा बी मा:थें पूजाया न्हापांगु चरणय् द्य:यात नं ल:या मन्द: दयेका सुरक्षा घेराय् तयेगु याइ ।

**ख) सिन्ह: तिकेगु (ओं वज्रगन्धे स्वाहा)**

अनंलि सिन्ह: तिकेगु याइ । न्हापा न्हापा जूसा श्रीखण्ड, रक्तचण्डन च्वला सिन्ह: दयेकीगु ख: तर थौंकन्हे ई मदूगु कारणं म्हासुसिन्ह:, भुयूसिन्ह: धका चायागु सिन्ह: तिकेगु हे चलन जुयावन । तर अप्पो विहारय् द्य:यात ख्वा: सीकेधुंका श्रीखण्ड च्वला सिन्ह: तिकेगु याना च्वंगु दनि । सिन्ह: तिकेबले न्हातिकाय् हे तिकेगु याइ । थ्व सिन्ह: तिकागु तिनागु पाखें (गन्ध) वास्ना पाखें जुइगु पाप पाखें बचय् जुइ । अर्थात् वास्नाया वसय् लाना

छुं नं अकुशल ज्या याये मखुत धका: भावना यायेगु याइ ।

## ग) जजंका छायेगु

जजंका वस्त्रया प्रतीक ख: । गथे अतिथि वर्गपिन्त खादा न्ययेकीगु वा सम्मान याना दोसल्ला गां न्ययेकीगु ख: अथे हे द्य:पिन्त नं निमन्त्रणा याना तास, तिनख्वा काप: छायेगु, खादा छायेगु, काप: छायेगु याइ । वहे वस्त्रयागु प्रतीक कथं पूजाय् जजंका छायेगु याना त:गु ख: । भ्रीगु शरीरयात चिकुलां लुमुगु यो, तानो बले सिचुगु यो । थ्वहे लुमुगु व सिचुगु वस्त्र छानागु भावना याना जजंका छाइगु ख: । शरीरयात नायुगु क्वाचुगु छा:गु पाखें राग व द्वेष पिज्वइगु जुल । उकिं जिं स्पर्शयागु वसय् लाना छुं नं अकुशल ज्या याये मखु धका: वस्त्र छाइगु जुल ।

## घ) स्वाँ छायेगु (ओं वज्रपुष्पे स्वाहा)

अतिथिपिन्त स्वाँया गुच्छा, स्वाँमा कोखायेका सम्मान याइ । अथेहे निमन्त्रणा यानाम्ह द्य:यात नं स्वाँ, स्वाँमा वा विभिन्न वास्ना व:गु तास्वाँ छायेगु याइ । थ्व स्वाँ धयागु बाँलासे खनेदैगु जुया थ्व रूपया प्रतीक कथं कया त:गु दु । रुप मिखां ग्रहण याना क्लेश उत्पन्न याका बीगु हेतु जुइफूगु जुया थुजोगु रूपया वसय् लाना छुं नं अकुशल ज्या याये मखु धैगु भावना यायेया नितिं स्वाँ छायेगु याना त:गु ख: । द्य:यात स्वाँ छायेबले स्वस्ति वाक्य ब्वना छायेगु याइ । थ्व स्वाँ छा:गु पुण्यं बुद्धपिनिगु आनुभाव दयाच्वनेमा सकसिया स्वस्ति जुइमा, मंगल जुइमा, गनं वंसां लुफिं छ्थुनं महायेक लिथ्यनेमा, दक्व थासय् स्वस्ति जुइमा, सुथे, न्हिने, सन्ध्याइलय्, बहनी न्ह्याबलें स्वस्ति जुइमा । निपां चूपिं, प्यपाँ चूपि, भ्रंग पन्छी, भूततय् नं स्वस्ति जुइमा धैगु कामना याना स्वाँ छायेगु याइ ।

## ङ) नैवेद्य फलफूल छायेगु (ओं वज्र नैवेद्य स्वाहा)

द्य:पिन्त सा:सा:गु फलफूल, मरी, बजि, सादुरु छायेगु याइ । द्य: स्वया समय बजि, खाय्, थ्वं, ऐला नं छायेगु याइ । प्वा:थे नयेपित्याम्ह व्यक्तिं धर्म न्यनेगु याये फइमखु । अथे हे छुं ज्या नं याये फइमखु । अथे जुया नसा धयागु सकल प्राणीपिन्त मदयेकं मगा:गु वस्तु ख: । थ्व हे नसा साक्क व भिंक नयेत हे भ्रीसं ज्या वा लजगा: याये मा:गु ख: । हानं साक्क नयेगु बानि जुल धा:सा आम्दानी खर्च मिले मजूगु इलय् अकुशल ज्या समेत यायेफु । अथेजुया द्य:यात चाकु, पाउँ, माकु, चिसवा, पालु, खायु थ्व खुता रस दूगु भोजन छायेगु याइ । थुकिया नितिं फलफूल, नैवेद्य, मधि, खाय्, थ्वँ, अयला, दुरु, घ्य:, कस्ति द्य:यात छाना रसया वसय् लाना याइगु छुं नं कथंया अकुशल ज्या याये मखु धका भावना यायेगु याइ ।

## च) इता मत बीगु वा घ्य:देवा च्याकेगु (ओं वज्र दीपे स्वाहा)

मत पाखें ज्योति पिज्वइ । ज्योति मन्त धा:सा मिखाया ज्या मदु । अथे जुया मत पाखें सकलसित न्ह्यावलें ज: खयेमा, ज: दुथाय् जक जन्म जुइमा धयागु कामना याना मत च्याकेगु याना त:गु ख: । निपु, प्यपु, च्यापु, सच्छि च्यापु, यायाँ द्वोछि, न्याद्वो, निन्याद्वो, छगू लाख तक नं इता च्याकेगु चलन दु । घ्य:देवा नं सच्छि च्याप्वा:, चच्छि न्हिच्छि तक च्याका तयेगु अथे हे गनं गनं गुबलें मसीक (अखण्ड) मत च्याका त:गु नं भ्रीसं खनाच्वंगु दु । हानं मेगु कथं नं थुकिया आयश दु । ज:या कारणं मिखां दृश्य खनी । थुजोगु दृश्यया वसय् लाना याइगु छुं नं अकुशल ज्या याये मखु धैगु भावना कथं नं थथे मत बीगु ख: ।

## छ) स्तोत्र पाठ, गँ थायेगु

पूजाया इ्वलय् गँ व डमरु थाई । द्य:पिनिगु गुण लुमंका पाठ ब्वनी । थ्व बाहेक गनं ज्वा:गं, ता: थाइ, पञ्चताल थाइ । अथ हे पयृता पुइ । नाइक खँ ल्हाइगु, प्रेमपूर्वक सतीगु, वचनं प्रशंसा याइगु सकसितं य: । हानं ब्वबिल धा:सा उजा:गु वचनया कारणं ल्वापु जूगु, घा:पा: तकं जूगु भ्रीसं खनाच्वंगु हे दु । अथेजुया

वाणीया कारण राग द्वेषादि क्लेश पिकाय् मखु धका: भावना याना थथे गँ वा डमरु थाना पूजा यायेगु याना त:गु खः ।

**ज) ताय् नं पूजा यायेगु**

थथे दक्व पूजा याये सिधयेका ताय् नं पूजा यायेगु चलन दु । थथे ताय् नं पूजायायेबले निम्नानुसार वाक्य ब्वनीगु खः । "ये धर्मा: हेतु प्रभवा हेतुस्तेषां तथागत: । ह्यवदत् तेषां च यो निरोध एवं वादी महाश्रवण: ।।" भावार्थ - "दक्व विषयवस्तु (धर्म) हेतु प्रत्यय पाखें जुइगु खः । थथे धका वसपोल तथागतं कना विज्याइ । हानं दक्व हेतु निरोध यायेगु विषय नं कना बिज्याइम्ह वसपोल महाश्रमण खः ।"

थ्व धर्म गाथा चिकिचा हाक:गु जूसानं बुद्ध शिक्षाय् दक्वसिवे सारगर्भितगु गाथा खः । थ्व गाथा अस्सजी भिक्षुं उपतिस्स (सारिपुत्र) यात कना बिज्या:गु खः । गाथा न्यने मात्रं शारिपुत्रं स्रोतापन्न जुया थ: पासा कोलित (मौदगल्यायन) सहित मेपिं निस:त्या परिव्राजकपिं नापं बुद्धया शरणय् वना प्रवजित जूगु खः ।

थ्व गाथा ब्वनिबले तायनं पूजा याइ । ताय् धयागु वा सिया मुइका त:गु खः । थ्व पाखें छु नं बुया वइ मखु । थुकिया हे उपमा कथं फुक्क उत्पन्न जुइगु हेतु धर्म फुकेगु व जन्म मरणया चाक:पाखें मुक्त जुयेगु शिक्षा थ्व गाथाया खः ।

प्राणीपिं अज्ञानया वसय् लाना जि, जिगु धायेगु, थ्व जितमा: वा थ्व मदयेकं जित सुखः दइमखु इत्यादि धया तृष्णा भावय् लाना च्वंगुया कारणं हानं हानं जन्म जुया थ्व भवचक्रय फसय् जुया च्वंगु खः । प्रतीत्यसमुत्पाद कथं थथे तृष्णा उत्पन्न जुइगु वेदनाया कारणं खः व वेदना मिखा, न्हाय्, न्हाय्पं, म्हुतु, शरीर व मनं खुगू आयतनय् सम्बन्धित विषय स्पर्श जुया उत्पन्न जुइगु खः । उकिं थुपिं आयतन पाखें जुइगु वेदना प्रति य: मय: भाव तयेगु प्रवृत्तिपाखें छुटेजुया वने फयेमा धैगु उद्देश्य तया थ्व पञ्चोपचार पूजा याइगु खः ।



**भगवान बुद्धया २६४५ क्व:गु जन्म दिवस, २६१० क्व:गु बोधिलाभ दिवस व २६६५ क्व:गु महापरिनिर्वाण दिवस स्वंगू संयोग चूला:गु पावन दिं स्वाँया पन्हिया लसताय्**

**सकलयात भिंतुना**

श्रीवच्छ धर्मधातु महाविहार, अथ: बहा, न:बहि, यल

**श्रीवच्छ धर्मधातु महाविहार**

**अथ:बाहा:, यल**



# आर्यतारा र उहाँबाट निसृत त्रि-उत्तम अभ्यास एक अध्ययन

**मिलन शाक्य**
**निर्देशक, नागार्जुन बौद्ध अध्ययन संस्था**

**लेख सार** (Abstracts)

नेपालको नेवा: बुद्धधर्म र तिब्बती बुद्धधर्ममा आर्यताराको ठूलो महिमा, लोकप्रियता र आर्यतारासँग सम्बन्धित पूजाविधि एवं अभ्यासहरू पनि धेरै नै रहेको पाइन्छ । तिब्बती बुद्धधर्ममा करुणामय आर्यावलोकितेश्वर बोधिसत्त्व पछि सबैभन्दा बढी लोकप्रिय, चिरपरिचित र प्रचलित बोधिसत्त्व आर्यतारा नै हुन् । धेरैजसो नेवा: र तिब्बती बौद्धहरूको मुखमा आर्यावलोकितेश्वर वा आर्यताराको मन्त्र झुण्डिएकै हुन्छ । नेवा: बुद्धधर्म र तिब्बती बुद्धधर्ममा पनि बोधिसत्त्व तारासँग सम्बन्धित विभिन्न अभ्यासहरू पाइन्छ । ती मध्ये त्रि-उत्तम अभ्यास पनि एक हो । त्रि-उत्तम अभ्यास आर्यताराको तेर्‌मा वा निधि उपदेश अन्तर्गतको अभ्यास हो । त्यो तेर्‌मालाई तिब्बती भाषामा डोल्मा स्हाब्‌टिक भनिन्छ । त्यसकारण आर्यताराको परिचय र आर्यताराको निधि उपदेश अर्थात् डोल्मा स्हाब्‌टिक अन्तर्गतको त्रि-उत्तम अभ्यासको संक्षिप्त व्याख्या गर्नु नै यो लेखको मुख्य उद्देश्य हो । त्यसैले यो लेख दुई खण्डमा विभाजित छ : प्रथम खण्डमा आर्यताराको परिचय समेटिएको छ । यी दुई महायानी परम्परा अर्थात् नेवा: बौद्ध परम्परा र तिब्बती बौद्ध परम्परा बीचको समन्वय र सामञ्जस्यतालाई अझ नजिकबाट बुझ्न सजिलो हुनेछ । दोस्रो खण्ड अन्तर्गत आर्यताराको निधि उपदेश (तेर्‌मा) अर्थात् डोल्मा स्हाब्‌टिक अनुसार आर्यताराको त्रि-उत्तम अभ्यासको संक्षिप्त व्याख्या गर्ने जमर्को गरिएको छ ।



**शब्द कुञ्जिका** (Keywords)

नेवा: बुद्धधर्म, तिब्बती बुद्धधर्म, सम्भोगकाय, डोल्मा स्हाब्‌टिक, बोधिसत्त्व, ज्ञानसत्त्व, ज्ञानचन्द्रा, दुन्दुभिस्वर तथागत, अवलोकितेश्वर, तथागतगर्भ, वज्रयान, पद्‌मसम्भव, शान्तरक्षित, ठिसोङ् देउचन्, चोग्युर देछेन् लिङ्पा, चित्त तेर्‌मा वा गोङ्तेर, छ्योक्यि ञिमा रिन्पोछे, वायुयोग, मुख्य अभ्यास (मौल) का पूर्वागत अभ्यास ( पहिलो उत्तम), दोस्रो उत्तम : मैत्री र करुणाको बोधिसत्त्व मार्ग, तेस्रो उत्तम : गुह्यमन्त्रको वज्रयान मार्ग

**विषय प्रवेश**

नेपाली र विदेशी प्राज्ञिक वृतमा आर्यताराको बारेमा केही अध्ययन अनुसन्धानहरू भएको पाइन्छ ।

उन्नाइसौं शताब्दीको उत्तरार्द्धतिर बोधिसत्त्व आर्यतारा सम्बन्धी प्राज्ञिक अध्ययन अनुसन्धान सुरु भएको देखिन्छ (शो, २००६: ३५०) । हालका दशकहरूमा आर्यताराको विषयमा प्रकाशित अनुसन्धान तथा अनुवादहरू थुप्रै देखा परेका छन् । त्यति मात्र होइन, दक्षिण एशिया, अझ हिमाली क्षेत्रतिरको बौद्ध इतिहास र संस्कृतिमा आर्यताराको नाम उल्लेख नभएको शायद विरलै होला किनभने ती क्षेत्रका बुद्धधर्ममा बोधिसत्त्व आर्यताराको नामलाई कुनै पनि हालतमा छुटाउनै नमिल्ने देखिन्छ । के प्रव्रजित वर्ग वा के गृहस्थ वर्ग, सबैका लागि आर्यताराको पूजाआजा, उपासना, श्रद्धा र तान्त्रिक साधना अत्यन्तै महत्त्वपूर्ण र सबैका माझमा लोकप्रिय पनि भएको देखिन्छ । आपद् विपद् आइपर्दा, रोगले ग्रसित हुँदा सोको शीघ्र निवारणार्थ आर्यताराको नाम नपुकार्ने वा मन्त्र नजप्ने विरलै होला र अन्तिम मोक्ष वा बुद्धत्वका लागि पनि उहाँकै साधना गरिन्छ । विश्व परिवेशमा महायानको दुइटै पक्ष, पारमितायान र मन्त्रयानलाई एकाकार हुने गरी अभ्यास गर्दै आएका मूल परम्पराहरू अहिले नेपाली र तिब्बती समुदायमा मात्र विद्यमान रहेका छन् । नेपालमा सो परम्परा नेवा: बुद्धधर्मका नाममा प्राज्ञिक जगतमा प्रसिद्ध छ भने तिब्बती समुदायमा प्रचलित उक्त परम्परा तिब्बती बुद्धधर्मका नामले प्रसिद्ध छ । पछि तिब्बती बुद्धधर्म भूटान, मंगोलिया, नेपालको हिमाली भेग, लद्दाख, सिक्किम इत्यादि विभिन्न देशहरूमा फैलिँदै गयो । संस्कृतिलाई अलग राख्ने हो भने नेवा: बुद्धधर्म र तिब्बती बुद्धधर्म दुईटै परम्पराका बौद्धधर्मावलम्बीहरूले अभ्यास गर्दै आएका महायान वज्रयान बुद्धधर्मको प्रकृति एउटै भएकाले एक अर्काका बीचमा उपदेशहरूको आपसी आदान प्रदान हुनु नितान्त आवश्यक छ । यसले गर्दा एकले अर्काका परम्परामा रहेको उपदेश र अभ्यासलाई सम्मान गर्ने मात्र नभएर एक आपसमा सौहार्दता, सहकार्यको वातावरण र एक अर्काको कमीकमजोरी एवं अभावहरूलाई पनि सच्याउँदै, पूर्ति गर्दै जाने अवसर प्राप्त भइरहन्छ । यही तथ्यलाई ध्यानमा राखेर तिब्बती समुदायमा मात्र नभएर अहिले धेरै पश्चिमी र पूर्वीय मुलुकका साधकहरूले समेत सफलतापूर्वक अभ्यास गरिरहेको आर्यताराबाट निसृत त्रि-उत्तम अभ्यासलाई घनीभूत रूपमा अध्ययन अनुसन्धान गर्ने जमर्को यहाँ गरिएको छ । यो लेख दुई खण्डमा विभाजित छ : प्रथम खण्डमा आर्यताराको परिचय समेटिएको छ । तिब्बती बौद्ध परम्परामा आर्यताराको महिमा र साधनाको व्याख्या गर्नुभन्दा पहिले नेवा:बौद्ध परम्परामा आर्य ताराको महिमा र साधनाको व्याख्या गर्नु पर्ने कुरा सान्दर्भिक देखिएकोले संक्षिप्त रूपमा सो व्याख्या पहिलो खण्डको आर्यताराको परिचय भन्ने शीर्षक मै समेटिएको छ । दोस्रो खण्ड अन्तर्गत आर्यताराको निधि उपदेश (तेर्मा) अर्थात् डोल्मा स्हाब्टिक अनुसार आर्यताराको त्रि-उत्तम अभ्यासको संक्षिप्त व्याख्या गर्ने जमर्को गरिएको छ ।

### आर्यताराको परिचय

आर्यतारा सबै प्राणीहरूलाई दु:खबाट उद्धार गर्ने वा शाब्दिक अर्थमा भन्नुपर्दा तार्ने र सद्धर्म मार्गमा साधनारत सबैको हेरचाह गर्ने, मद्दत गर्ने र रक्षा गर्ने माता हुनुहुन्छ । निष्पक्ष महाकरुणा र मातृवात्सल्यद्वारा उहाँले सबै प्राणीहरूलाई आफ्नै एक्लो सन्तान सरह माया गर्नुहुन्छ, दया गर्नुहुन्छ र उद्धार गर्नुहुन्छ । उहाँ सबै प्रकारका सांसारिक सौन्दर्य भन्दा माथि हुनुहुन्छ तथा उहाँको प्रभा र तेजलाई अन्य कुनै पनि प्रभा र तेजले जित्न सक्दैन । आर्यताराले सबैको प्रार्थना र आह्वान तुरुन्तै सुन्नुहुन्छ । उहाँको मोक्षदायी चर्या समस्त जगतमा बराबर रूपमा व्याप्त छ । संसारका सबै सत्त्व प्राणीहरूलाई उहाँले करुणाको अमृत वर्षाउनुहुन्छ । सबै प्राणीहरूलाई उहाँले आफ्नो मातृवात्सल्यमयी न्यानो अंगालोमा समेट्नुहुन्छ । उहाँलाई विविध रूपमा पुजिन्छ । उहाँ सबैका माता बोधिसत्त्व पनि हुनुहुन्छ, एक ज्ञानसत्त्व पनि हुनुहुन्छ । उहाँ अन्य विविध रूपहरूमा पनि चिनिनुहुन्छ । चाहे नेपालमा होस् या तिब्बती समुदायको माझमा होस् आर्यतारा अग्र स्थानमा परेका अत्यन्तै प्यारा, एकदमै लोकप्रिय र एकदमै प्रचलित बोधिसत्त्वहरूमा नै पर्नुहुन्छ । नेवा: बुद्धधर्म परम्परानुयायीहरूको घर घरमा आर्यताराको तस्वीर वा प्रतिमाहरू

प्रायः हुने नै गर्दछन् । बहा: र बहीहरूमा पनि आर्यताराको प्रतिमा विद्यमान नै हुने गर्दछन् । माथि भनिए झैं नेवार चित्रकला र मूर्तिकलामा आर्यताराको प्रतिमा अग्रपंक्तिमा नै आउँदछ । आर्यताराका धेरै जसो राम्रा राम्रा तस्वीर, पौभा र मूर्तिहरू नेवारी कलाकारहरूले निर्माण गरेको पाइएको छ । तिब्बती बौद्धधर्मको गोन्पामा पूजास्थान स्वरूप राख्न पनि अक्सर नेवारी कलाकारहरूले नै आर्यताराको प्रतिमा निर्माण गरेर दिने पाइएको छ । त्यसकारण यी सब कुराहरूबाट आर्यताराको नेवा: बुद्धधर्ममा सदियौंदेखि रहिआएको व्यापक उपस्थिति पुष्टि हुन्छ । आर्यतारालाई नै समर्पित गरेर नेवा: बौद्ध परम्परामा सप्तविधानोत्तर पूजा गर्ने र आर्यताराको व्रत बस्ने पनि चलन रहँदै आएको छ ।

नेवा: बुद्धधर्म परम्परामा जस्तै तिब्बती बुद्धधर्म परम्परामा पनि आर्यताराको निकै ठूलो महिमा र लोकप्रियता रहेको कुरा सर्वविदितै छ । यो कुराको पुष्टि विद्वान् स्टेफेन बेयरको संक्षिप्त भनाईले गरिदिएको छ :

*आर्यतारा आफ्ना भक्तजनहरूका लागि सधैं एक देवी नै हुन् । उहाँको पूजा वर्षमा एक दिन वा महिनामा एक दिन मात्र होइन, दिनदिनै गरिन्छ र उहाँको मन्त्र जहिले पनि उच्चारण गरिन्छ । मैले अहिलेसम्म धेरै बौद्ध गुम्बाहरू, पूजाकोठाहरू देखेको छु, घुमेको छु तर ताराको मूर्ति वा एउटा तस्वीर नै नभएको अहिलेसम्म एउटा गुम्बा पनि र एउटा पूजाकोठा पनि देखेको छैन । कुनै कुनै पूजाकोठा वा हल (ल्हाखाङ) मा उहाँको एकल मूर्ति हुन्छ भने कुनैमा उहाँ धेरै देवीदेवताहरूबाट घेरिएर रहनुभएको हुन्छ । शाब्दिक अर्थमा भन्नुपर्दा तारा एक भिक्षुणीको रूपमा भन्दा रक्षा देवी र ईष्टदेवीका रूपमा हुनुहुन्छ । उहाँ साधकहरू एवं भक्तजनहरूकी माता हुनुहुन्छ । उहाँ माथि भक्तजन र साधकहरू सबै दु:खकष्टहरू बिसाउँछन् अर्थात् दु:खकष्ट आइपरेका बेला शरण लिने देवीका रूपमा उहाँ चिनिनुहुन्छ । उहाँको प्रार्थना गर्नेहरूलाई सपनामा प्रकट भएर उहाँले कल्याण गर्नुहुन्छ वा उहाँले उद्धारका केही स्पष्ट संकेत देखाउनु हुन्छ । उहाँको अनुयायीको जीवनमा उहाँले त्यसरी चमत्कारीपूर्ण ढंगले मद्दत गर्नुभएको र दु:खभय मोचन गर्नुभएको कथा बेला बेला सुन्नमा आइरहन्छ । ताराप्रति यति ठूलो श्रद्धा र आस्था रहेको छ । त्यसैले जुनसुकै दु:ख पीडा भयबाट पनि तत्कालै रक्षा गर्ने देवीको रूपमा उहाँको ठूलो महिमा छ ।* (बेयर, २००१: ५५)

आर्यतारा एक बुद्ध नै हुनुहुन्छ । बुद्धत्त्व अर्थात दशभूमिमा पुगिसकेका सबै बोधिसत्त्वहरूका दुई काय हुन्छन् । ती कायहरू रूपकाय र धर्मकाय हुन् । रूपकाय सारा प्राणीहरूको हितार्थ प्रकट हुन्छ भने धर्मकाय स्वयं बुद्धत्व नै हो । रूपकाय पनि सम्भोगकाय र निर्माणकाय गरी दुई थरी हुन्छन् । पारमिता तथा वज्रयानी अभ्यासद्वारा दुई सम्भारहरू अर्थात् पुण्य संभार र ज्ञान संभारको अभ्यास गरेपछि रूपकाय र धर्मकाय प्राप्त हुन्छ । धर्मकायले स्वमुक्ति अर्थात् आफ्नो मुक्ति हुन्छ भने रूपकाय परमुक्तिका लागि प्रयोग हुन्छ । धर्मकाय अर्थात् बुद्धत्व लाभ भइसकेपछि रूपकाय पनि स्वत: प्रादुर्भाव भइ नै हाल्छ । त्रिकायका बारेमा महायान आचार्य असङ्गकृत महायानसूत्रालंकारमा विस्तृत व्याख्या गरिएको छ । (वैद्य, १९७०: १६)

तिब्बती बुद्धधर्ममा आर्यताराका एक्काइस रूपहरूको विशेष साधना गरिन्छ । तिब्बती बौद्ध परम्परामा यसलाई एक्काइस ताराहरूको स्तुती वा केवल एक्काइस ताराहरू (डोल्मा ञ्येर्च्यिग्) मात्र पनि भन्ने गरिन्छ । यस स्तुतीलाई विभिन्न बौद्धाचार्यहरूले व्याख्या गर्नुभएको छ । विभिन्न व्याख्याकारहरूले एक्काइस जना नै आर्यताराका रूपहरूको प्रतिमालक्षण (iconography) लाई विशेष जोड दिएर व्याख्या गर्नुभएको छ । उहाँहरूले आर्यताराका हरेक रूपको वर्ण, मुद्रा, आसन, मुखहरूको संख्या, हातहरूको संख्या, आयुध र हस्तमुद्राका बारेमा व्याख्या गर्नुभएको छ । स्टेफेन बेयर् (पृ. ४६९-४७०) र मार्टिन विल्सन् (पृ. ११८–११९) को अनुसन्धानका विवरणहरू र युम् खा खान्डोए नाङ्डुब् देछेन् ञ्यिङ्पोइ तेर्बुम् यी तीनै ओटा विवरणलाई एकै ठाउँमा राखेर समग्रमा अध्ययन गर्ने हो भने तिब्बतमा

मूलत: आर्यताराका एक्काइस रूपहरूको व्याख्या गर्ने तीनओटा परम्पराहरू विद्यमान रहेको पाइन्छ :

१. सूर्यगुप्त परम्परा

२. नागार्जुन र अतीश दीपंकरश्रीज्ञानको परम्परा

३. जिग्मे लिङ्पा र च्योग्युर् देछेन् लिङ्पाको परम्परा ।

तेस्रो परम्परा मूलत: नागार्जुन र अतीश दीपंकरश्रीज्ञानकै परम्परामा आधारित रहेको छ । तर ताराका रूपहरूको वर्ण र आयुधहरूमा केही भिन्नता चाहिँ अवश्य रहेको पाइन्छ । जिग्मे लिङ्पा र च्योग्युर् देछेन् लिङ्पाको यही परम्परामा आर्यताराको त्रि-उत्तम अभ्यास आधारित छ ।

उहाँका तीन काय (निर्माणकाय, सम्भोगकाय र धर्मकाय) अनुसार उहाँका विविध रूपहरू हुन्छन् । तर मुख्य रूपमा उहाँलाई दुई ओटा रूपमा चिन्ने कोसिस गर्दा उचित हुन्छ :

क) बोधिसत्त्वको रूपमा आर्यतारा

ख) तान्त्रिक देवी अर्थात् ज्ञानसत्त्वका रूपमा आर्यतारा

**क) बोधिसत्वको रूपमा आर्यतारा**

पहिले आर्यतारा पनि सबै प्राणीहरू जस्तै एक सामान्य प्राणी नै हुनुहुन्थ्यो । तर बोधिचित्तोत्पाद गरेर उहाँले पारमिता अभ्यास र बोधिसत्त्व चर्या गर्दा गर्दै उहाँ पछि आर्य बोधिसत्त्व हुनुभयो । १६ औं शताब्दीका तिब्बती बौद्ध साधक तथा इतिहासकार ज्येचुन् तारानाथविरचित *डोल्मेइ ग्युय्क्यि झ्युङ्खुङ् सल्वार् झ्येपेइ लोग्युय् सेर्ध्यि ठेङ्वा श्ह्येझ्यावा* भन्ने तिब्बती ग्रन्थका अनुसार आर्यताराले कसरी बोधिसत्त्व चर्या गर्नुभयो र उहाँको आर्यतारा नाम कसरी रहन गयो भन्ने बारेमा वृतान्त पाइन्छ । सो ग्रन्थबाट उक्त वृतान्त मार्टिन विल्सन महोदयले आफ्नो पुस्तक *In Praise of Tara* मा उद्धृत गरेका छन् । (विल्सन्, १९९६: ३३)

परापूर्वकालमा दुन्दुभिस्वर तथागतको धर्म शासन चलिरहेको बेला एक राजाकी ज्ञानचन्द्रा नाम गरेकी सुपुत्री थिइन् । बोधिचित्तोत्पाद र बोधिसत्त्व संवर ग्रहण गरेर बोधिसत्त्व चर्यामा उहाँ लागिरहनुभएको थियो । उहाँ दुन्दुभिस्वर तथागतको शिष्या हुनुहुन्थ्यो । त्यतिखेर केही भिक्षुहरूले उहाँलाई यस्तो सल्लाह दिए, “आफूले प्राप्त गरेको असंख्य कुशलमूलको कारणले तपाईंले पछि पुरुषको शरीरमा जन्मेर सारा प्राणीहरूको उद्धार गर्ने प्रणिधान गर्नुहोस् ।” यसको जवाफमा ज्ञानचन्द्राले भन्नुभयो,

*यहाँ पुरुष भन्ने पनि छैन, स्त्री भन्ने पनि छैन*
*आत्मा पनि छैन, पुद्गल पनि छैन र विज्ञान पनि छैन ।*
*खालि “पुरुष” वा “स्त्री” भनी संज्ञा दिनुको कुनै सार छैन ।*
*त्यस्तो कपोलकल्पित संज्ञा दुष्टमतिहरूको संसारको एउटा ठूलो भ्रमबाहेक केही होइन ।*

त्यसपछि उहाँले यस्तो प्रणिधान गर्नुभयो, “पुरुषको शरीरमा बोधि प्राप्त गर्ने इच्छा गर्नेहरू त अनेक छन् तर स्त्रीको शरीरमा सत्त्वार्थक्रिया (सत्त्वहरूको हित हुने काम) गर्नेहरू छैनन् । त्यसकारण यो संसार नरित्तिएसम्म यही स्त्री शरीरमा म सत्त्वार्थक्रिया गरिरहने छु ।”

त्यसपछि कल्पौंसम्म ज्ञानचन्द्राले राजप्रासादमै रहेर पञ्चकामगुण (पाँच इन्द्रियका विषयवस्तुहरू) प्रति बडो सजग र उपायकौशल्यपूर्ण चर्या गरेर समाधि अभ्यास गर्नुभयो । त्यसको फलस्वरूप उहाँले अनुत्पत्तिक धर्म क्षान्ति (अनुत्पाद धर्म सम्बन्धी अटल ज्ञान) लाभ गर्नुभयो । (आठौं बोधिसत्त्वभूमिका बोधिसत्त्वहरूले प्राप्त गर्ने सबै धर्महरू मायावत्, अनुत्पन्न र शून्य छन् भनी अंगीकार गर्ने ज्ञानलाई अनुत्पत्तिक धर्म क्षान्ति ज्ञान भनिन्छ) । त्यसपछि उहाँले सर्वसत्त्वतारणी नामक समाधि पनि लाभ गर्नुभयो । ती ज्ञानहरूको बलले हरेक दिन बिहान उहाँले लाखौं करोडौं प्राणीहरूलाई सांसारिक चिन्तनहरूबाट रक्षा गर्नुहुन्थ्यो र त्यस क्षान्ति ज्ञानमा प्राणीहरूलाई स्थापित नगरुन्जेल उहाँ भोजन गर्नु हुन्नथ्यो । साँझ पनि त्यति नै संख्यामा उहाँले प्राणीहरूको उद्धार गर्नुहुन्थ्यो । त्यस्तो सत्त्वार्थक्रियाले गर्दा नै उहाँको नाम “तारा” रहन गयो । त्यसपछि दुन्दुभिस्वर तथागतले उहाँको बारेमा यस्तो भविष्यव्याकरण गर्नुभयो, “सम्यक्सम्बोधि प्राप्त नगरुञ्जेल तिमी देवी ताराकै नामले प्रसिद्ध हुनेछौ ।”

त्यसपछि कालान्तरमा विबुद्ध भन्ने कल्पमा आर्य

ताराले अमोघसिद्धि तथागतको अगाडि दसै दिशाका अनभिलाप्य अर्थात् अनन्त लोकधातुहरूका सत्त्वहरूलाई सबै अपकार (हानि) बाट बचाउने प्रणिधान गर्नुभएको थियो । तसर्थ उहाँ सर्वमारधर्षण नामक समाधिमा लीन भएर पञ्चानब्बे कल्पसम्म बिहान असंख्य सत्त्वेन्द्रियहरू लाई ध्यानमा स्थापित गर्नुहुन्थ्यो भने बेलुकी पनि परनिर्मितवशवर्ति देवभुवनका असंख्य मारहरूलाई दमन गर्नुहुन्थ्यो । अत: उहाँको नाममा तुत्तारे वीरे रहन गयो ।

यसरी उहाँले विभिन्न उपायकौशल्यहरूद्वारा असंख्य सत्त्वहरूको अतिशीघ्र उद्धार गर्दै आउनुभएको छ । हरेक उद्धारकार्यमा उहाँले एउटा एउटा नाम पाउनुहुन्थ्यो । त्यसरी *अष्टोत्तरशतनाम तारा स्तोत्र* मा उहाँको नाम मात्रै १०८ ओटा छन् । (शाक्य (अनु.), २००३: iv)

त्यसकारण आर्यतारा एक अत्यन्तै छिटोछरिटो उद्धार वा तार्ने बोधिसत्त्वको रूपमा परिचित हुनुहुन्छ । कसैले उहाँको नाम मात्र लिने बित्तिकै उहाँले त्यो व्यक्तिलाई भय र खतराबाट बचाउनुहुन्छ । तारा चट्याङ्को वेगभन्दा छिटो मद्दत गर्न आउनु हुन्छ भनिन्छ । आफ्नो मनलाई खुल्ला र शुद्ध राखेर ताराको नाम जप्ने बित्तिकै तारा हाम्रो सामु उपस्थित भएर त्यसै क्षण हाम्रो उद्धार गर्नुहुन्छ भनिन्छ ।

आर्यतारालाई आर्यावलोकितेश्वरकै निर्माण कायका रूपमा पनि लिने गरिन्छ । शुभकरसिँहले ई.सं. ७१६ तिर चीन लगेको महावैरोचन सूत्र पछि शिंगोन नामक जापानी बौद्ध परम्पराको मुख्य सूत्र बन्यो । त्यस सूत्रमा पनि आर्यतारालाई बोधिसत्त्व अवलोकितेश्वरको निर्माणकायका रूपमा उल्लेख गरिएको पाइन्छ । (विल्सन्, १९९६: ३९) The Record of Original Source of the mother of ferrying over भन्ने ग्रन्थमा बोधिसत्त्व अवलोकितेश्वरको करुणाको आँसुबाट आर्यताराको उत्पति कसरी भयो भन्ने कुराको उल्लेख पाइन्छ (शाक्य (अनु.), २००३: iv) । अवलोकितेश्वर बोधिसत्त्वले अनगिन्ती सत्त्वहरूलाई जन्म र मृत्युको महासागरबाट तार्दै रहनुभएको थियो । एक दिन संसारको असह्य दु:ख देख्दा महाकरुणावश उहाँको आँखाबाट आँसु झर्‍यो । आँसु दुई कमल फूलमा परिणत भए र ती कमल फूलमाथि आर्यताराका दुई रूपहरूको प्रादुर्भाव भयो । आर्यताराले आर्यावलोकितेश्वर बोधिसत्त्वलाई यसरी बिन्ति गर्नुभयो, "कृपया निराश नहुनुहोस् । सत्त्व प्राणीहरूको उद्धारकार्यमा म तपाईंको मद्दत गर्नेछु । सत्त्वहरू असंख्य भए तापनि हाम्रो प्रणिधानको पनि सीमा नै छैन । त्यसबेलादेखि दुईजना (हरित तारा र श्वेत तारा)ले पनि दिनहुँ असंख्य सत्त्वहरूलाई उद्धार गरिरहँदै आउनुभएको छ ।"

बोधिसत्त्व ताराका अनेक रूपहरू मध्ये श्वेततारा वा शीततारा (डोल्कार) पनि तिब्बतमा एकदमै लोकप्रिय रहेको पाइन्छ । नेवा: बुद्धधर्ममा शीततारालाई सप्तलोचनीतारा पनि भनिन्छ । श्वेत वर्णकी, सात ओटा नेत्र भएकी वरद मुद्रामा वज्रासनमा रहेकी शीततारा दीर्घायुका लागि र रोग निवारणका लागि अत्यन्तै प्रसिद्ध हुनुहुन्छ । तिब्बतमा दीर्घायु देव (छेल्हा नाम्सुम्) का रूपमा अपरिमितायु बुद्ध, उष्णीषविजय र श्वेततारा अत्यन्तै लोकप्रिय र प्रचलित रहेको पाइन्छ ।

माथि व्याख्या गरिएझैं बुद्धधर्ममा आर्यतारालाई मातृका देवीका रूपमा पनि लिइन्छ । त्यसैले नेवा: बौद्ध परम्परामा आर्यतारालाई तारेमां भन्ने शब्द प्रयोग भएको देखिन्छ । तिब्बती बुद्धधर्ममा पनि आर्यतारालाई "डोल्मा युम्छेन्" अर्थात् "तारा मां" नै भन्ने गरिन्छ ।

आर्यतारालाई आठ प्रकारका महाभयहरूबाट प्राणीहरूको रक्षा गर्ने बोधिसत्त्वका रूपमा पनि लिइन्छ । त्यसैले उहाँलाई अष्टमहाभय तारा पनि भन्ने गरिन्छ । ती आठ प्रकारका भयहरू बाह्य र भित्री दुवै प्रकारका हुने गर्दछन् । बाह्य अष्ट महाभयहरू सिंह भय, हस्ती भय, अग्नी भय, सर्प भय, तस्कर वा चोर उपद्रव भय, जलार्णव भय, राज भय र पिशाच भय हुन् भने हरेक बाह्य भयका भित्री भय पनि हुन्छ जस्तै क्रमश: मद, मोह, द्वेष, मात्सर्य, मिथ्यादृष्टि, अभिध्या, लोभ र विचिकित्सा हुन् । अर्को शब्दमा यसलाई यसरी पनि प्रस्तुत गर्न सकिन्छ : मद-सिंह, हस्ती-मोह, द्वेष-अग्नी, मात्सर्य-सर्प,

मिथ्यादृष्टि-चोर, अभिध्या-राज भय, लोभ-जल र विचिकित्सा-पिशाच । (छोडोन, २००५: ४१-५५) यी भित्री बाह्य दुवै भयहरूबाट प्राणीहरूको रक्षा गर्ने भएकोले नै उहाँको नाम अष्टमहाभय तारा रहन गएको देखिन्छ ।

## आर्यतारा वा हरित ताराको प्रतिमालक्षण

हरित तारा एक तरुणी सुन्दर स्त्रीका रूपमा हुनुहुन्छ । उहाँको पूरै शरीर हरियो हुनुका साथै एक मुख र दुई हात छन् । बोधिसत्त्वले लगाउने सबै प्रकारका रत्नजडित आभुषण तथा रङ्गीविरङ्गी दिव्य वस्त्रले उहाँ सुसज्जित हुनुहुन्छ । उहाँ पद्म चन्द्रमाथि अर्धपर्यङ्कासनमा विराजमान हुनुहुन्छ । उहाँको पछाडि प्रभामण्डल छ । अभय मुद्रामा रहेको उहाँको बायाँ हातले नीलोत्पल पुष्पको डाँठ समातेको छ भने उहाँको दायाँ हात वरद मुद्रामा रहेको छ किनभने उहाँको नाम पुकार्ने व्यक्तिको प्रार्थना उहाँले तुरुन्तै सुन्नुहुन्छ र त्यो व्यक्तिलाई अविलम्ब उद्धार गर्नुहुन्छ । माथि उल्लेखित आर्यताराको प्रतिमालक्षण भावना घोङ्तेर डोल्मा स्हाब्टिक अनुसार हो ।

## ख. ज्ञानसत्वका रूपमा आर्यतारा

डोल्मा स्हाब्टिक तेर्मा अर्न्तगतको त्रि–उत्तम अभ्यासमा भावना गरिने आर्यतारा ज्ञानसत्त्व वा धर्मकाय स्वरूपी हुन् । उहाँ नै प्रज्ञापारमिता हुन् । आर्यताराको ज्ञानसत्त्व रूप हाम्रो आफ्नै चित्त-तत्त्व (Nature of Mind) को अभिव्यक्ति हो र हाम्रो आफ्नै अनादिनिधन (सुरुदेखि शून्यता स्वरुपको), प्रपञ्चातीत सहज मूल चित्तलाई प्रतिबिम्बित गर्ने दर्पण पनि हो । हाम्रो चित्त-तत्त्व वा चित्तको निज स्वभाव (तथागत गर्भ)लाई जस्ताको तस्तै रूपमा बोध गरिसकेपछि हामीले "आफू साँच्चैको हुँ ?" भनी चिन्छौं, यसलाई हेवज्रतन्त्रमा यसरी बताइएको छ:

*सत्त्वा बुद्धा एव किन्तु आगन्तुकमलावृता: । तस्यापकर्षणत् सत्त्वा बुद्धा एव नं संशय: ।।* (२/४/६९, हेवज्रतन्त्र) (त्रिपाठी, २००१: १८८) अर्थ: सत्त्वहरू बुद्ध हुन् तर उनीहरूको बुद्धचित्तलाई आगन्तुक मलले ढाकिएका छन् । ती मललाई हट्नासाथ सत्त्वहरू बुद्ध नै हुन् । यसमा कुनै संशय नै छैन ।

यसलाई यसरी बुझ्न सकिन्छ । जसरी आकाशमा कालो बादल छाउँदा सूर्यको प्रकाश पृथ्वीमा पर्दैन र केही समयको लागि त्यसले सूर्यलाई ढपक्कै छोपिदिन्छ, त्यसरी नै हाम्रो स्वच्छ, निर्मल, अनादिनिधन, प्रपञ्चातीत सहज चित्त, निर्विकल्प चित्त वा तथागतगर्भ पनि सूर्य जस्तै हो र भ्रान्ति सूर्यलाई ढाक्ने कालो बादल जस्तै हो । भ्रान्तिरूपी बादल हटेर जानासाथ तथागतगर्भरूपी सूर्यले स्वतन्त्ररूपमा आफ्नो प्रकाश फिँजाउन थाल्छ । ठीक त्यस्तै किसिमले आर्यताराको करुणामयी उपदेशले हाम्रो सूर्य समान प्राकृतिक र पूर्ण चित्त-तत्त्वलाई अनावरण गर्न मद्दत गर्दछ । त्यसकारण वज्रयान बुद्धधर्म अनुसार आर्यतारा एक ज्ञानसत्त्व देवी हुन् । सबै प्राणीहरूमा तथागतगर्भ विद्यमान रहेकोले एक लक्षणसम्पन्न (तिब्बती भाषा: छेन्देन् लामा) बाट आवश्यक अभिषेक प्राप्त गरेर साधकहरूले आर्यताराको उत्पत्तिक्रम र सम्पन्नक्रमको साधना अभ्यास गर्न सकेको खण्डमा बुद्धत्वको अवस्थासम्म निश्चित रूपमा पुग्नेछन् । त्यसकारण मार्टिन विल्सन् महोदयले लेखेका छन् :

*आर्यतारा बौद्धतन्त्र वा वज्रयानकी देवी हुन् । अर्थात् आर्यतारा हरेक सत्त्वको मनमा एउटा बोधिको सम्भाव्यता (अर्थात् तथागतगर्भ) रूपमा विद्यमान छन् । लक्षणसम्पन्न गुरुको अभिषेक प्राप्त साधकले अभ्यासद्वारा आफूभित्र रहेको तारात्वलाई चिन्छन् र अन्ततोगत्वा पारमिता प्राप्त गरेर तारात्वलाई पूर्ण रूपमा साक्षात्कार गर्दछन् ।* (विल्सन्, १९९६: २०)

आर्यतारा कर्मदेवी पनि हुनुहुन्छ । वज्रयानका सबै देवीदेवताहरू स्वयं बुद्ध नै हुन् र सबैसँग समान बल र शक्तिहरू हुन्छ । हरेक देवी देवताका कुनै विशेष क्षेत्र हुन्छ । त्यो क्षेत्र बोधिपूर्व उहाँहरूको प्रणिधानमा निर्भर हुने गर्दछ । कर्मदेवीका रूपमा आर्यतारा कर्म कुलबाट हुनुहुन्छ । उहाँ अमोघसिद्धि बुद्धको शक्तिको रूपमा मण्डलमा विराजमान हुनुहुन्छ । अमोघसिद्धि बुद्ध पनि उहाँ जस्तै हरियो वर्णकै हुनुहुन्छ । उहाँको विशेषता भनेकै एकदम चट्याङ्ग र वायुको द्रुत वेगले दु:खमा

परेकाहरूको रक्षा गर्नु हो ।

वज्रयान अभ्यासको मूल विशेषता भनेकै आफूलाई ईष्टदेवी वा देवताको रूपमा भावना गर्नु हो । यसैलाई देवयोग भनिन्छ । भावना गर्दा साधकले आफूलाई देवकायका रूपमा भावना गर्दछन् । आफूलाई मासु र रगतको शरीरका रूपमा होइन कि आभास्वरका रूपमा भावना गर्दछन् । त्यो नै देवताको शैली हो अर्थात् त्यो नै शून्यता र करुणा हो । त्यसरी नै आफूलाई पनि देव कर्म गरिरहेको भावना गर्दछन् । देव कर्म भनेको सबै धर्मलाई आदिशुद्ध रूपमा यसरी भावना गर्नु हो कि सम्पूर्ण भाजन लोक (पृथ्वी लगायत समस्त अन्तरिक्ष) लाई मण्डल वा शुद्ध क्षेत्रको रूपमा र सम्पूर्ण सत्त्व लोक (सत्त्वहरू) लाई देवका रूपमा भावना गरिन्छ । अनि सबै शब्दहरूलाई देवको मन्त्रका रूपमा भावना गरिन्छ ।

*सर्वे भाजनलोका: ईष्टदेवस्य विमानानि, सर्वे च सत्त्वलोका ईष्टदेवा: सर्वे चापि शब्दा इष्टदेवस्य मन्त्रा: ।* (नेगी, २००९: १३)

ध्यानप्रहर र पृष्ठलब्ध (ध्यानमा नरहेको अवस्थामा) पनि साधकले आफूलाई ईष्टदेवकै रूपमा नै हेरिरहनुपर्छ । यदि आर्यतारा ईष्टदेवता हो भने आफूलाई आर्यताराकै रूपमा हेर्नुपर्छ र उहाँकै कर्मको अनुकरण गरिरहनुपर्छ । (विल्सन्, १९९६: २२)

वज्रयानमा त्रिमूलको शरणमा जानुपर्छ । त्रिमूल (चावा सुम) भन्नाले गुरु, ईष्टदेवता र डाकिनी हुन् । आर्यतारामा सम्पूर्ण त्रिमूल समाहित हुन्छन् । उहाँ सबै बुद्धहरूको सार हो । यसै सन्दर्भमा ठिन्ले नोर्बु रिन्पोछेज्यू भन्नुहुन्छ :

*सबै बुद्धहरूको स्वभाव नै भावनाका ज्ञानसत्त्व देवता हुन् । तिनमा कुनै भेदभाव हुँदैन । ज्ञानसत्त्वमै सबै गुरु, ईष्टदेव र डाकिनीहरू समेटिन्छन् । बोधिपर्यन्त ज्ञानसत्त्वको चेतनाबाट आफ्नो चित्तलाई कहिल्यै पनि अलग नपार्नुहोस् किनभने ज्ञानसत्त्व नै तपाईंको आफ्नै चित्तको बुद्धको स्वभाव हो, तथागतगर्भ हो ।* (कुन्साङ्, २०१५: iv)

## आर्य ताराको त्रि-उत्तम अभ्यासः एक एतिहासिक परिचय

आर्यताराको त्रि-उत्तम अभ्यास आर्यताराको चित्त तेर्मा वा निधि उपदेशबाट आएको वज्रयानी साधनाभ्यास हो । यो तेर्मालाई तिब्बती भाषामा डोल्मा स्हाब्टिक घोङ्तेर भनिन्छ भने यस अन्तर्गतको त्रि-उत्तम अभ्यासलाई तिब्बती भाषामा लेग् सो सुम् भनिन्छ । वास्तवमा संस्कृत शब्द "साधु" को तिब्बती अनुवाद "लेग् सो" हो । यहाँ उत्तम भन्ने शब्द साधु शब्दको पर्यायवाचीको रूपमा राखिएको हो । सबैभन्दा पहिले तेर्मा वा निधि उपदेश भनेको के हो भन्ने बारेमा नै बुझ्नु पर्छ ।

तिब्बती इतिहासका अनुसार ईशाको आठौं शताब्दीतिर भगवान् बुद्धको उपदेश तिब्बतमा दोस्रो धर्मराज ठिसोङ् देउचन्को पालामा भित्रिएको थियो । धर्मराज ठिसोङ् देउचन् (सन् ७४०-७९८) ले बुद्ध धर्मलाई आधिकारिक रूपमै तिब्बतको राष्ट्रिय धर्मका रूपमा घोषणा गरेर तिब्बतमा पहिलो बौद्ध महाविहार साम्येको पनि निर्माण गर्नुभएको थियो । त्यसको लागि उनले भारतबाट शान्तरक्षितलाई तिब्बतमा आमन्त्रण गरेका थिए । शान्तरक्षितले दश कुशल धर्म, अष्टादश धातु, द्वादशाङ्ग प्रतीत्यसमुत्पाद, कर्म र फल इत्यादिका बारेमा तिब्बती जनतालाई उपदेश दिन थाल्नुभयो । स्थानीय दुष्ट प्रेत पिशाचहरूलाई शान्तरक्षितको यो काम मन परेको थिएन । त्यसैले उनीहरूले त्यहाँ आँधी बेहरी ल्याइदिए, महामारी फैलाइदिए र खेतका उब्जनीहरू बालीहरू पनि नष्ट पारिदिए । ती प्रेत पिशाचहरूलाई तह लाउन र धर्मपालका रूपमा शपथ ग्रहण गराउन गुरु पद्मसम्भवलाई तिब्बतमा आमन्त्रण गरियो । ( सोरेन्सन्, १९९४: ३६८) त्यसपछि धर्मराज ठिसोङ् देउचन्को राजकीय संरक्षकत्वमा गुरु पद्मसम्भवले तिब्बतमा पहिलो महाविहार अर्थात् साम्ये महाविहार बनाएर महायान तन्त्रनय अर्थात वज्रयानको सुरुवात गर्नुभयो । तिब्बतभर पद्मसम्भवले वर्षौंसम्म उपदेश दिनुभयो र त्यस दौरानमा उहाँ र उहाँको शक्ति येशे

छोग्यल र अन्य शिष्यहरूले भावी पुस्ताहरूको कल्याणका लागि असंख्य निधि उपदेश लुकाउनुभयो । ती लुकाइएका वज्रयानी उपदेशलाई नै तिब्बती भाषामा तेर्मा भनिन्छ । तेर्माहरूलाई नष्ट वा दुर्व्यवहार हुन नदिन ती तेर्माहरूलाई कुनै निश्चित समयमा र विशेष व्यक्तिद्वारा मात्र फेला पार्न सकिने भविष्यवाणी गरिएको हुन्छ । तेर्मा फेला पार्ने त्यो विशेष व्यक्तिलाई तेर्तोइन् भनिन्छ । तिब्बतको सबैभन्दा पुरानो ञ्यिङ्मा बौद्धपरम्पराका दुईटा परम्परामध्ये एउटा तेर्मा परम्परा हो भने अर्को कामा परम्परा हो । कामा परम्परा गुरु चेला हुँदै पछिसम्म हस्तान्तरण हुँदै आएको हुन्छ भन्ने तेर्मा परम्परा गुह्य हुन्छ । तेर्माको व्याख्या गर्दै टुल्कु थोन्दुबज्यू लेख्नुहुन्छ:

*तन्त्रका गुह्य र गम्भीर उपदेशहरू एवं पवित्र वस्तुहरूलाई कालान्तरमा प्रदुषित एवं नष्ट हुन नदिन, मिसावटबाट बचाउन र हराएर जान नदिनको साथसाथै तिनको अधिष्ठान र शक्तिलाई पछिका साधकहरूका निम्ति तरोताजा नै राख्नका लागि गुरु रिन्पोछे (गुरु पद्मसम्भव) र येशे छोग्यल्ले तिनलाई लुकाउनुभएको थियो । पछि सिद्ध गुरुहरूले आफ्नो सिद्धि शक्तिद्वारा उचित समयमा ती लुकाइएका तेर्माहरूलाई बाहिर ल्याउनुहुन्छ ।* (थोन्दुप, १९८६)

कामा वर्गका धेरैजसो ञ्यिङ्माका उपदेशहरू ञ्यिङ्मा ग्युबुम्मा संकलित गरिएको छ भने आजसम्म फेला पारिएका तेर्माहरू रिन्छेन् तेरजोको रूपमा संकलित गरिएको छ । तेर्मा विशेषत: दुई प्रकारका हुन्छन् । भौतिक तेर्मा (सातेर्) र चित्त तेर्मा (गोङ्तेर) । भौतिक तेर्मा सांकेतिक भाषामा लेखिएको पहेलो बेरिएको कागज हो । त्यो उपदेश तेर्तोइनले बाहेक कसैले बुझ्न सक्दैन । चित्त तेर्मामा भौतिक बस्तु फेला पारिँदैन । तेर्तोइनले दृश्यहरू देख्छन्, सांकेतिक शब्द वा आवाजहरू सुन्छन् । यसरी चित्त तेर्मा प्रकाशमा ल्याइन्छ । आर्यताराको निधि उपदेश अर्थात् डोल्मा स्हाब्टिक तेर्मा पनि चित्त तेर्मा वा गोङ्तेर हो । त्यस्ता तेर्तोइन् मध्ये एकजना तेर्तोइन चोग्युर देछेन् लिङ्पा (ई.स. १८२९-१८७०) पनि हुनुहुन्थ्यो ।

अब डोल्मा स्हाब्टिक गोङ्तेर अन्तर्गतको त्रि-उत्तम (लेग्सो सुम्) अभ्यास परम्परा कसरी उत्पन्न भयो र गुरुचेला मार्फत कसरी अहिलेसम्म प्रसारण हुँदै आएको छ भन्ने बारेमा यहाँ संक्षिप्त व्याख्या गरिन्छ । उन्नाइसौं शताब्दीमा सबैभन्दा धेरै तेर्मा फेला पार्ने बौद्ध साधकहरूमा चोग्युर लिङ्पा पनि पर्दछ । उहाँले आर्यताराको त्रि-उत्तम अभ्यासको उपदेशलाई पनि चित्त तेर्मा अर्थात गोङ्तेर्कै रूपमा पत्ता लगाउनुभएको थियो । त्यो तेर्मालाई उहाँले "गोङ्तेर् डोल्मा स्हाब्टिक ले लेग्सो सुम्घ्यि धोयन्ठि अर्थात् चित्ततेर्मा आर्यताराको गम्भीर सार - त्रि-उत्तमको सारगर्भित उपदेश" लिपिबद्ध गर्नुभयो । उहाँले आर्यताराबाट चित्ततेर्मा स्वरूप त्रि-उत्तमको उपदेश पाइसक्नु भएपछि सो तेर्मालाई लिपिबद्ध गर्नुभएको कुरा तेर्माको पुष्पिका वाक्यमा लेखिएको पाइन्छ ।

अब यहाँ चोग्युर् देछेन् लिङ्पाले आर्यताराको त्रि-उत्तम अभ्यासको यो गोङ्तेर कसरी प्राप्त गर्नुभयो भन्ने बारे छोटो एतिहासिक विवरण प्रस्तुत गरिन्छ ।

चोग्युर् लिङ्पाविरचित "गोङ्तेर् डोल्मा स्हाब्टिक ले लेग्सो सुम्घ्यि धोयन्ठि" को भाष्य ज्याम्गोएन् कोन्टुलले लेख्नुभएको छ । उक्त भाष्यको शीर्षक *गोङ्तेर् डोल्मेइ स्हाब्टिक ले । लेग्सोसुम्घ्यि धोयन्ठि सल्वार् कोय्पा ढुब्न्यि थिग्ले* हो ।

ज्याम्गोएन् कोन्टुल्को सो भाष्य अनुसार कलियुगको अन्त्यतिर (ञ्यिग्मे धुय्क्यि था) एक निर्विवाद (च्योएपा धाङ् ढल्), सत्त्वहरूलाई विनित गर्ने सुप्रसिद्ध निर्माणकाय महानिधिदेशक वा तेर्छ्रन् (योङ्सु ढाग्पा डोदुय्ल टुल्पे तेर्छेन्) का रूपमा चोग्युर लिङ्पाको यस धर्तीमा आउनुभयो । उहाँले पूर्वीय तिब्बतका २५ ओटा तीर्थस्थल हरूको यात्रा गर्नुभएको थियो । ती तीर्थस्थलहरू *वाक्का बोधिगुण* सँग सम्बन्धित (याग्यल् योय्नतेन् सुङ्घ्यि) थिए । त्यहां अवस्थित पद्म स्फटिक नाम गरेको गुफा (पेमा शेल् फुग्) मा साधना गरी बसिरहनुभएको बेला चोग्युर लिङ्पाले बिहानको

झिसमिसेमा आर्यताराको दर्शन प्राप्त गर्नुभयो । आर्यताराले उहाँको सामु प्रकट भएर “लेग् सो” (अर्थ: “साधु” वा उत्तम) भनेर तीनचोटि भन्नुभयो । आर्यताराको यस्तो वाक् अधिष्ठानको कारणले चोग्युर् देछेन् लिङ्पाले आफ्नो चित्तको बोधि-धातु भित्रबाटै बुद्धधर्मको सम्पूर्ण गम्भीर र संक्षिप्त सार उपदेश स्वत:स्फूर्त उर्लेर आयो । आर्यताराले तीनचोटि उच्चारण गर्नुभएको लेग्सो वा उत्तम शब्द वास्तवमा श्रावकयान, पारमितानय र वज्रयानका उपदेशसँग सम्बन्धित थिए । त्यसपछि चोग्युर् लिङ्पाले आर्यताराबाट दर्शनमाध्यम (revelation) बाट प्राप्त भएको त्रि-उत्तम वा लेग्सो सुम उपदेशलाई लिपिबद्ध गर्नुभयो । त्यसरी लिपिबद्ध गरेर ग्रन्थको रूपमा तयार पारिसकेपछि चोग्युर् लिङ्पाले एक गुरु एक चेलाको परम्परामार्फत सो ग्रन्थ ज्याम्याङ् ख्येन्च्ये वाङ्पोलाई प्रदान गर्नुभयो । ज्याम्याङ् ख्येन्च्ये वाङ्पोको तेर्तोइन् नाम पेमा होएसल् ङाग् लिङ्पा थियो । त्यसकारण यो उपदेश शुरुमा ज्याम्याङ् ख्येन्च्येले नै प्राप्त गर्नुभएको थियो । वास्तवमा यो उपदेश उहाँको स्वामित्वमा थियो र उहाँ (ज्याम्याङ् ख्येन्च्ये) ले नै यो उपदेशलाई सार्वजनिक रूपमा बाहिर ल्याउनुभएको थियो ।

## त्रि-उत्तम अभ्यासको वर्तमान विकासक्रम

अघि बताइएझैं त्रि-उत्तम हाल आर्यताराको चित्त तेर्माबाट उद्धृत त्रि-उत्तम अभ्यासको आगम परम्परा सर्वप्रथम चोग्युर् देछेन् लिङ्पाबाट सुरु भएर ज्याम्याङ् ख्येन्च्येमा प्रसारण भयो । ज्याम्याङ् ख्येन्च्येबाट यो परम्परा ज्याम्गोएन् कोन्टुल्मा सऱ्यो । त्यसपछि अनेक गुरु चेला परम्परा हुँदै अन्ततोगत्वा यो परम्परा गुरु छ्योक्यि ञिमा रिन्पोछेज्यू सम्म प्रसारण हुँदै आइपुगेको छ । छ्योक्यि ञिमा रिन्पोछेज्यू गुरु टुल्कु उर्ग्येन् रिन्पोछेका जेठो सुपुत्र हुनुहुन्छ र उहाँ बौद्ध, काठमाडौंस्थित काञ्यिङ् शेडुब्लिङ्का मठाध्यक्ष वा उपाध्याय पनि हुनुहुन्छ ।

घोङ्तेर् आर्यताराको त्रि-उत्तम अभ्यास अहिले विश्वका धेरै देशका बौद्ध साधकहरूमा लोकप्रिय हुँदै गएको देखिन्छ । यसलाई वतर्मान समयमा इन्टरनेटको सहायताले घरैमा बसी बसी अभ्यास गर्न सकिने किसिमले निर्माण गरिएको छ । त्यसैले यसलाई अनलाइन आर्यतारा त्रि-उत्तम अभ्यास पनि भन्ने गरिन्छ र अंग्रेजीमा Arya Tara Triple Excellence Practice भनिन्छ । हुनत: त्रि-उत्तम अभ्यासको विगत इतिहासका बारेमा लेखिएको मुख्य स्रोत *गोङ्तेर् डोल्मेइ स्हाब्टिक ले । लेग्सोसुम्ध्यि धोय्न्ठि सल्वार् कोय्पा ढुब्ञ्यि थिग्ले* मात्र हो । यस पछिका विकासक्रमका बारेमा विस्तृत अनुसन्धान गरेर कुनै पुस्तक वा लेख छापिएको छैन ।

https://dharmasun.org वेबसाइटमा उपलब्ध प्रतिवेदन अनुसार गुरु छ्योक्यि ञिमा रिन्पोछेज्युले स्वदेशी तथा विदेशी धेरै शिष्यहरूलाई आ-आफ्नो झुकाव र आशय अनुसार प्रारम्भिक देखि गुह्य गम्भीर तहसम्मका उपदेशहरू दिँदै आउनु भएको छ । केही शिष्यहरूको अनुरोधमा आधुनिक परिवेश र व्यस्त जीवनशैली सुहाउँदो एउटा लचिलो अनलाईन अभ्यास कार्यक्रमको शुरुवात गर्नु भयो । उनको अपार करुणाका कारण आर्यताराको गोङ्तेर्को त्रि-उत्तम अभ्यास इन्टरनेटमार्फत घरैमा बसेर अभ्यास गर्नका लागि उपलब्ध भयो । वि.सं. २०६७ सालमा पहिलो पल्ट अंग्रेजी भाषामा तयार पारिएको त्रि-उत्तमका पहिलो उत्तमका अभ्यास सामग्रीलाई गुरु छ्योक्यि ञ्यिमा रिन्पोछेज्यूको संरक्षकत्वमा अनलाइन साधना निर्देशिकाका रूपमा बनाइ सार्वजनिक गरियो ।

## आर्यताराको चित्त तेर्मा त्रि-उत्तम अभ्यासको नेपाली अनुवाद

आर्यतारा त्रि-उत्तम मूलत: अंग्रेजी भाषामा निर्माण गरिएको भए तापनि हाल यो रसियन, स्पेनिस, जर्मन, चीनिया, पोर्चुगिज र फ्रेञ्च भाषामा पनि अनुवाद भइरहेको छ । अहिले नेपाली भाषामा पनि आर्यतारा त्रि-उत्तमको अनुवाद भइरहेको छ । आर्यतारा त्रि-उत्तममध्ये पहिलो उत्तम अभ्यास इन्टरनेटमा अपलोड गरेर दैनिक अभ्यासका लागि अहिले उपलब्ध भइसकेको छ र अभ्यास गर्ने नेपालीहरूको संख्या पनि दिनानुदिन बढ्दै गइरहेको छ । हाल दोस्रो उत्तमको अनुवाद पनि धमाधम भइरहेको छ ।

### आर्यताराको चित्त तेर्मा त्रि–उत्तम अभ्यासको विषयवस्तु

ज्याम्गोएन् कोन्टुलको *गोङ्तेर् डोल्मेइ स्हाब्टिक ले । लेग्सोसुम्घ्यि धोयन्ठि सल्वार् कोय्पा ढुब्भ्यि थिग्ले* नामक उक्त भाष्यका अनुसार त्रि–उत्तम अभ्यासअन्तर्गत पूर्वाभ्यासलाई दुई चरणमा विभक्त गरिएका छ : प्रहरका लागि पूर्वाभ्यास (थुयन्घ्यि ङोयन्डो) र मुख्य उपदेशको अभ्यासकै लागि पूर्वाभ्यास (ठिङोय्) । सोही भाष्यमा आर्यतारा त्रि–उत्तम अभ्यासको संरचना र विधि यस प्रकार व्याख्या गरिएको छ :

### प्रहरका लागि पूर्वाभ्यास (वायुयोग र आर्यताराको भावना)

सबैभन्दा पहिले एउटा शान्त ठाउँ रोज्नुपर्छ । त्यो ठाउँ दिनदिनैका विक्षेप, कोलाहलबाट मुक्त भएको हुनुपर्छ र तपाईंको अभ्यास अवधिभरी कुनै प्रकारको वाधा अड्चन खडा नगर्ने खालको हुनुपर्छ । त्यसपछि काय (ईर्यापथ), वाक् र चित्तका सबै सामान्य क्रियाकलापहरूलाई त्यागिन्छ । ढाडलाई वाणजस्तै सोझो पारेर मानसिक चिन्ता तनावबाट मुक्त भएर मेचमा वा चकटीमाथि पद्मासनमा आरामपूर्वक बस्नुपर्छ । वैरोचनका सात मुद्रायुक्त आसनमा बस्न बस्नुपर्छ वा खालि पद्मासनमा मात्रै पनि आरामदायी अवस्थामा बस्नुपर्छ । त्यसपछि वायुयोग गरिन्छ । साधकले सर्वप्रथम वायुयोग (लुङ् रो अभ्यास) को विधि सिक्नुपर्छ । त्यसपछि ठूलो श्रद्धाका साथ भित्री हृदयदेखि आर्यताराको प्रार्थना गरिन्छ । गुरुलाई आर्यताराभन्दा अभिन्न मानेर प्रार्थना र आफ्नो शरीरभित्र लय भएको भावना गरिन्छ ।

### मुख्य अभ्यास (मौल)का पूर्वागत अभ्यास (पहिलो उत्तम)

मुख्य महायान अभ्यासका लागि पूर्वागत अभ्यास भनेकै त्रि–उत्तमकै पहिलो उत्तम (लेग्सो धाङ्पो) हो । यो श्रावकयानसँग सम्बन्धित छ । पूर्वागत अभ्यासमा चार चित्त निवृति अभ्यास (लोडोए नाम्श्हिय) को चिन्तन तथा भावना अभ्यास गरिन्छ । चार चित्तनिवृत्ति अभ्यास भन्नाले १. क्षण र सम्पदले युक्त दुर्लभ मनुष्य शरीर, २. मृत्यु र अनित्य, ३. दुर्गतिका दुःखहरू र ४. कर्म हेतु र फल । त्यसपछि त्रिशरणगमन अभ्यास गरिन्छ । हरेक अभ्यासका सुरुमा माथिकै पूर्वाभ्यासलाई दोहऱ्याइन्छ । *प्रतिवेदन* का अनुसार माथि उद्दृत इन्टरनेटमार्फत गरिने आर्यताराको त्रि–उत्तम अभ्यास पद्धतिअन्तर्गत साधकले १८ हप्तासम्ममा ११० दिनहरूका लागि निर्देशित भावना अभ्यासहरू गर्नुपर्ने हुन्छ । हरेक विषयका उपदेशहरूको अभ्यास गर्नुभन्दा पहिले गुरु छ्योक्यि ञ्यिमा रिन्पोछेज्यूले सो विषयको मौखिक उपदेश दिनुहुन्छ र लामा तेन्जिन् स्हाङ्पोज्यूले सो विषयसम्बन्धी गोष्ठी तथा प्रवचन कार्यक्रमहरू सञ्चालन गर्नुहुन्छ । ज्याम्गोन कोन्टुलको भाष्यका अनुसार पहिलो त्रि–उत्तममा समावेश गरिएका उपदेशहरुले यस भवसागरको यथार्थ स्वभावलाई चिनाउँदछ । यसमा समावेश गरिएका चिन्तन र ध्यान भावनाहरुको अभ्यासले मनलाई वशमा ल्याउन सकिन्छ । चार चित्त निवृत्ति भावना, शरणागमन र चार आर्यसत्यहरू (दुःखसत्य, समुदयसत्य, निरोधसत्य र मार्गसत्य) को चिन्तनमननको नतिजा स्वरूप साधकको मनमा यस भवसागरमा रहेको दुःखबाट मुक्त हुने तीव्र चाहनाको विकास हुन्छ । त्यसलाई नै वैराग भनिन्छ । पहिलो उत्तमबाट साधकले दोस्रो र तेस्रो उत्तमका अभ्यासहरूका लागि दह्रो आधार खडा गर्दछ । समग्रमा पहिलो उत्तममा अभ्यास गरिने विषयहरू यस प्रकार रहेका छन् : १. दुर्लभ मनुष्य शरीर, २. अनित्यता, ३. दुर्गतिका दुःखहरू, ४. कर्म, हेतु र फल, ५. शरणगमन, ६. संसारको हेतु र ७. निर्वाणको हेतु । यी दुई विषयमा चार आर्य सत्यको चिन्तन तथा भावना गरिन्छ ।

### दोस्रो उत्तम : मैत्री र करुणाको बोधिसत्त्व मार्ग

दोस्रो उत्तममा महायानका उपदेशहरूको चिन्तन तथा भावना अभ्यास गरिन्छ । यो बीचको उत्तम हो र यसमा भएका अभ्यासहरू उत्तम पुरुष वा ठूलो अध्याशय भएकाहरूका लागि हुन् । यसका दुई खण्ड हुन्छन् । पहिलो खण्ड महायान अभ्यासको प्रवेशद्वार हो भने दोस्रो त्यसको विस्तार र कार्यान्वयन पक्ष हो । प्रतिवेदनका अनुसार इन्टरनेटमार्फत गरिने त्रि–उत्तमको दोस्रो उत्तममा यसलाई सरलताका निम्ति तीन खण्डमा विभाजन गरिएको छ । पहिलो खण्ड प्रणिधि बोधिचित्त उत्पाद सँग सम्बन्धित

छ र यसमा १. मैत्री, २. करुणा, ३. परात्मसमता, ४. परात्मपरिवर्तन, ५. प्रणिधि बोधिचित्तका भावना अभ्यासहरू समावेश छन् । त्यस्तै दोस्रो खण्ड उपाय पक्षको अभ्याससँग सम्बन्धित छ अर्थात् षट्पारमितामा प्रज्ञापारमिता बाहेक सबै ५ पारमिताहरूलाई उपाय भनिन्छ । तदनुसार दोस्रो खण्डमा ६. दानपारमिता, ७. शीलपारमिता, ८. क्षान्तिपारमिता, ९. वीर्यपारमिता, १०. ध्यानपारमिताका भावना अभ्यास समेटिएका छन् । त्यस्तै तेस्रो खण्ड षट्पारमिताको प्रज्ञापक्षसँग सम्बन्धित छ अर्थात् यसमा ११. प्रज्ञापारमिताको गम्भीर र सूक्ष्मरूपले चिन्तन र भावना अभ्यास गरिन्छ ।

**तेस्रो उत्तम : गुह्यमन्त्रको वज्रयान मार्ग**

यो सबैभन्दा अन्तिम उत्तम हो । यो पनि अनुत्तर साधककै लागि हो । यसमा साधकले वज्रयानका अनुत्तर र गुह्य अभ्यासहरू गर्नुपर्छ । ज्याम्‌गोएन् कोएन्टुलका अनुसार वज्रयानका उपायकौशल्य पद्धतिहरूको अभ्यास गरेर साधकले तारालाई साक्षात्कार गरेर वास्तवमा आफै तारा (ज्ञानसत्त्व) बन्न सक्दछन् । (कुन्साङ् एवं स्मिथ, २००७: १२५) यसमा वज्रयानका उपदेशहरूलाई तीन वर्ग वा शीर्षकमा प्रस्तुत गरिएको छ । पहिलो खण्डमा "सेवन (ञ्येन्पेइ छुल्)" पक्ष समेटिएको छ जसमा वाह्य क्रिया र चर्या तन्त्र अनुसार पुण्यसम्भार गर्ने अभ्यासहरू छन् । दोस्रो खण्डमा "सिद्धि (डुब्पेइ छुल्)" पक्ष समेटिएको छ जसमा योगतन्त्रका अभ्यासहरू समेटिएका छन् । यसमा अधिष्ठानहरू प्राप्त गरिन्छ । तेस्रो खण्डमा गुह्य अनुत्तरयोग तन्त्रका अभ्यासहरू समावेश छन् । त्यस खण्ड चार अभिषेकहरू (कलशाभिषेक, गुह्याभिषेक, प्रज्ञाज्ञानाभिषेक र शब्दाभिषेक वा चतुर्थाभिषेक) को मार्गक्रम हो । इन्टरनेटमार्फत गरिने त्रि-उत्तम अभ्यासलाई यी तीनै खण्डलाई यसरी सात भागमा विभाजित गरिएका छन् । भाग १ अन्तर्गत साधकले आर्यतारासँग सम्बन्धित क्रिया र चर्यातन्त्रका दुई बाह्य साधनाहरूमार्फत पुण्य र ज्ञान सम्भार प्राप्त गर्ने अभ्यास गर्दछ । *प्रतिवेदन* का अनुसार यसमा साधकलाई ११ हप्ताको अवधि दिइएको हुन्छ जसमा गुरु छ्योक्यि ञ्यिमा रिन्पोछेज्यूको २० वटा प्रवचन र ६४ वटा निर्देशित ध्यान प्रहरको पनि व्यवस्था गरिएको हुन्छ । दोस्रो भागमा साधकले योगतन्त्रको अभ्यास गर्दछन् । यस योगतन्त्रमा सलक्षण देवयोगलाई विशेष महत्वका साथ अभ्यास गरिन्छ र अरू प्रशस्त सहायक सामग्रीहरू सहित साधकले क्रमिकरूपले भित्री तारा साधनाको अभ्यास गरिन्छ । इन्टरनेट वा अनलाईन अभ्यासमा यसलाई ११ हप्ताको अभ्यास अवधि दिइएको छ । भाग ३ देखि ७ सम्म क्रमिक रूपमा साधकले वज्रयानको अभ्यासमा पूर्वागत अभ्यास, गुह्य ताराको साधना, विशेष नाडी, प्राण र बिन्दुको अभ्यास र अन्ततः महामुद्रा (छ्याग्या छेन्पो) एवं महासन्धि (जोग्पा छेन्पो) को अभ्यास गर्दछन् ।

**उपसंहार**

आर्यताराको परिचय र आर्यताराको त्रि-उत्तम अभ्यासको विषयलाई केन्द्रविन्दु बनाएर नेवाः बुद्धधर्म र तिब्बती बुद्धधर्म बीच एक किसिमको समन्वयात्मक सम्बन्ध स्थापना गर्ने हेतुले तिब्बती मूल श्रोत र अंग्रेजी दोयम् श्रोतको आधारमा यो लेख लेखिएको हो । यसलाई दुई खण्डमा विभाजित गरिएको छ । पहिलो खण्डमा लेखको प्रारब्धका रूपमा नेवाः बुद्धधर्ममा आर्यताराको महिमाको संक्षिप्त व्याख्या गरिसकेपछि आर्यताराको दुई स्वरूप अर्थात बोधिसत्त्व र ज्ञानसत्त्वको बारेमा परिचय दिने जमर्को गरिएको छ भने दोस्रो खण्डमा आर्यताराको चित्ततेर्मा (डोल्मा स्हाब्टिक घोङ्तेर) अन्तर्गतको त्रि-उत्तम (लेग् सो सुम्) को बारेमा सकेसम्म तिब्बती स्रोतकै आधारमा व्याख्या गरिएको छ । गुरु छ्योक्यि ञ्यिमा रिन्पोछेज्यूको अगाढ श्रद्धाका कारण उहाँका अनेक स्वदेशी (नेपाली) तथा विदेशी शिष्यहरूले आर्यताराको त्रि-उत्तम अभ्यास गरिरहेका छन् । यो अभ्यास भित्रको विषयवस्तु यसरी निर्माण गरिएको छ कि यसले साधकको मन नै छुने गर्दछ र नेपाली लगायत धेरै संख्यामा साधकहरूले आफ्नो जीवन पूरै परिवर्तन भएको स्वीकारेका छन् । आर्यताराको त्रि-उत्तम अभ्यास गर्ने साधकले गुरुसमक्ष रुँदै आफ्नो जीवनले अपत्यारिलो ढंगले

फङ्को मारेको कुरा सुनाउँदछन् । पहिले राग, द्वेष र मोह र स्वार्थी मानिसको मनमा यो अभ्यास गरिसकेपछि वैराग, मैत्री, करुणा र ज्ञानले वास पाउन थालेको छ । आर्यताराको त्रि-उत्तममा रहेका सबै विषयवस्तुहरूलाई व्यवहारिक रूपमा तयार गरिएको छ । यसको उद्देश्य भनेको नै बुद्धधर्मलाई हाम्रो दैनिक जीवनमा समाहित र एकीकृत गरेर जीवन रूपान्तरण गरी सुधार गर्ने हो । आर्यताराले नै चित्ततेर्माका रूपमा दिनुभएको उपदेश भएकोले यसमा उहाँको विशेष अधिष्ठान छ । अहिलेको व्यस्त जीवनमा घरैमा बसेर तीव्र रूपमा र व्यवहारिक रूपमा अभ्यास गर्न मिल्ने सम्पूर्ण बुद्धधर्म अर्थात् श्रावकयान, महायान र वज्रयान समेटिएको आर्यताराको त्रि-उत्तम सबैभन्दा उपयुक्त अभ्यास हो । इन्टरनेटमार्फत बुद्धधर्मको सम्पूर्ण मार्ग अर्थात् यस ज्ञानसत्त्व आर्यताराको त्रि-उत्तम अभ्यास गर्नेहरूले www.dharmasun.org वेबसाइटमार्फत यो अभ्यास गर्न सक्दछन् । अन्तमा आर्यतारा सम्बन्धी र उहाँको चित्ततेर्मा अन्तर्गतको त्रि-उत्तम अभ्यास सम्बन्धी धेरै अनुसन्धानमूलक कुराहरू लेख्न बाँकी नै छन् । तर ती सबै कुराहरू जानाजान यहाँ समेट्न सकिएन । त्यसैले यसमा अनुसन्धान गरिएका कुराहरू पूर्ण छैन । पछि यस विषयमा थप अनुसन्धान र अध्ययन गर्ने प्रतिबद्धता जाहेर गर्दै यो लेख यही समाप्त गरिन्छ । भवन्तु सर्व मङ्गलम् ।

## सन्दर्भग्रन्थ सूची


- कोन्टुल, ज्याम्गोएन्, *गोङ्तेर् डोल्मेइ स्हाब्टिक ले । लेग्सोसुम्घ्यि धोयन्ठि सल्वार् कोय्पा ढुब्ञ्यि थिग्ले* ( तिब्बती श्रोत)
- त्रिपाठी, रामशंकर एवं ठाकुरसेन नेगी (सं), २००९, *हेवज्तन्त्रम्: महापण्डिताचार्यरत्नाकरशान्तिविरचित-हेवज्रपञ्जिका-मुक्तावली-संवलितम्*, सारनाथ : केन्द्रिय उच्च तिब्बती शिक्षासंस्थानम् । (संस्कृत)
- नेगी, २००९, *वज्रयानदर्शनमीमांसा*, सारनाथः केन्द्रिय उच्च तिब्बती शिक्षासंस्थानम् ।
- बज्राचार्य गौतममुनि, दीपक बज्राचार्य एवं सानुमान बज्राचार्य, २०१६, *आर्य तारा स्तोत्र* (मूल संस्कृत, नेपाल भाषा, नेपाली, तिब्बती व अंग्रेजी सहित), ललितपुर : वज्राचार्य पूजाविधि अध्ययन समिति ।
- लिङ्पा, चोग्युर् देछेन्, *गोङ्तेर् डोल्मा स्हाब्टिक ले लेग्सो सुम्घ्यि धोयन्ठि*
- वैद्य, पि. एल. (सं.), १९७०, *महायान सूत्रालंकार*, दरभंगा : मिथिलाविद्यापीठ । (संस्कृत)
- शाक्य, मीन बहादुर, २००३, *अष्टोत्तरशतनाम तारा स्तोत्र*, ललितपुर : नागार्जुन बौद्ध अध्ययन संस्थान । (नेपालभाषा र नेपाली श्रोत)
- Bayer, Stephan, 2001, *Magic and Ritual of Tibet: The Cult of Tara*, Delhi: Motilal Banarsidas Publishers Pvt. Ltd.
- Chödön, Thubten, 2005. *How to Free Your Mind: Tara the Liberator*, New York & Colorado: Snow Lion Publications.
- Kunsang, Erik Pema (tr.), 2015, *The Tara Compendium: Feminine Principles Discovered*, Kathmandu: Rangjung Yeshe Publications.
- Kunsang, Erik Pema and Marcia Binder Scimidt (tr.), 2007, *Skillful Grace: Tara Practice for Our Times*
- Rinpoche, Tulku Thondup, 1997, *Hidden Teachings of Tibet: An Explanation of the Terma Tradition of Tibetan Buddhism*, Boston: Wisdom Publications.
- Shaw, Mirinda. *Buddhist Goddess of India*, New Delhi: Munshiram Manoharlal Publishers Pvt. Ltd., 2007.
- Sorenson, Per K, 1994. *The Buddhist Historiograpy The Mirror Illuminating The Royal Genealogies: An Annotated Translation of the XIVth Century Tibetan Chronicle: rGyal-rabs gsal-ba'I me-long*. Wiesbaden: Harrassowitz Verlag.
- Willson, Martin, 1996, *In Praise of Târâ: Songs to the Saviouress - Source texts from India and Tibet on Buddhism's Great Goddess*, Boston: Wisdom Publications


## इन्टरनेट स्रोतः


https://dharmasun.org/taras-triple-excellence-team, retrieved on February 26, 2020.

https://dharmasun.org/ne, retrieved on February 26, 2020.

http://rtz.tsadra.org/index.php/Terdzo-CHI-042, retrieved on February 26, 2020.

https://buddhism.redzambala.com/buddhism/buddha-aspects/tara-mother-of-tibetan-buddhism.html, retrieved on February 26, 2020.

http://rigpawiki.org/dex.php?title=Eight_great_fears



# प्रतीत्यसमुत्पाद

**डा. गौतमवीर वज्राचार्य**
**बौद्ध अध्ययन केन्द्रीय विभाग, त्रि.वि.वि.**

प्रतीत्यसमुत्पाद समग्र बुद्धोपदेश तथा धर्म दर्शनको मूल आधार स्तम्भ हो । वस्तुत: अनित्यता, अनात्मता, दु:खता, निस्वभावता, निर्वाण, एवं सर्वज्ञता आदि सबै विषयहरु प्रतीत्यसमुत्पादको शिक्षा भित्र समेटिएको छ । आश्रवक्षय ज्ञान अन्तर्गतको प्रतीत्यसमुत्पाद ज्ञानलाभ गरे पश्चात् नै 'श्रमण गौतम' 'सम्यक्सम्बुद्ध' बन्नु भएको थियो । यस अर्थमा समग्र बुद्धज्ञान नै प्रतीत्यसमुत्पाद हो भन्न सकिन्छ । यसको महत्त्व दर्साउन बुद्धले भन्नु भएको थियो "प्रतीत्यसमुत्पादमा कुशलता प्राप्त गरे बिना कुनै पनि भिक्षुलाई पण्डित भन्न सकिँदैन ।"

***"ये धर्मा हेतुप्रभवा: हेतु तेषां तथागतोऽह्यवदत् ।***
***तेषां च यो निरोधो, एवंवादी महाश्रमण:।।"***

"जो जति पनि धर्महरु छन्, ती सबै हेतुबाट निर्मित छन्, ती हेतुहरुको बारे वहाँ तथागतले वताउनु भएको छ । ती हेतुहरुको निरोध गर्ने उपायको बारे पनि महाश्रमणले बताउनु हुन्छ ।" सम्पूर्ण अस्तित्वको वैज्ञानिक व्याख्या समेटिएको यो वाक्यांश प्रतीत्यसमुत्पाद दर्शनको संक्षिप्त रुप हो । यो गाथा थेरवाद, महायान अन्तर्गतका बोधिसत्त्वयान र वज्रयान तीनै दर्शन परम्पराहरूमा उत्तिकै महत्त्वका साथ पाठ गरिन्छ । यी सबै परम्पराहरुमा प्रतीत्यसमुत्पादको स्थूल एवं सूक्ष्म भावना मार्फत शून्यता अवबोध गरी शाश्वतवाद र उच्छेदवादका दुई अन्तबाट मुक्त भई मध्यम प्रतिपदामा प्रतिस्थापित हुने परमार्थ अभ्यास गर्ने गरिन्छ । यसर्थ यो सिद्धान्त सबै बौद्ध परम्पराहरुका लागि आधार बिन्दु हुन् ।

पालि त्रिपिटक तथा अट्ठकथाहरू लगायत संस्कृत बौद्ध साहित्यहरुमा प्रतीत्यसमुत्पादको विस्तृत व्याख्याहरू पाइन्छ । बुद्ध वचनहरू बाहेक पछिल्ला बौद्धाचार्य तथा विद्वान्हरूले पनि प्रतीत्यसमुत्पादलाई गम्भीर तथा सुक्ष्म व्याख्या गर्दै धरै ग्रन्थहरू रचना गरेका छन् । यी मध्ये आचार्य नागार्जुन जसले सम्पूर्ण विचार–जगत्लाई एक नौलो दिशा प्रदान गरे, उनको माध्यमिक दर्शनको आधारशिला पनि प्रतीत्यसमुत्पाद नै हो । यस्तै महायान सूत्रालंकारका रचयिता आचार्य असंग, विज्ञप्तिमात्रतासिद्धि र अभिधर्मकोशका रचयिता आचार्य वसुबन्धु, प्रमाण मिमांसाका रचयिता आचार्य धर्मकीर्ति, तत्त्वसंग्रहका रचयिता आचार्य शान्तरक्षितहरुको दर्शन सिद्धान्तको आधारशिला पनि प्रतीत्यसमुत्पाद दर्शन नै हो । वसुबन्धुले अभिधर्मकोशमा भन्नुभएको छ – "मिथ्यादृष्टिको अन्त तथा परमार्थ ज्ञान प्राप्तीका लागी प्रतीत्यसमुत्पाद ज्ञान एक मात्र विकल्प हो ।"

यस लेखमा पालि वाङ्मयमा आधारित रहेर प्रतीत्यसमुत्पादको अर्थ, सिद्धान्तको प्रतिपादनका बारे र यसको अनुलोम र प्रतिलोम ज्ञानको बारे संक्षिप्त व्याख्या गरिएको छ ।

## प्रतीत्यसमुत्पादको अर्थ

प्रतीत्यसमुत्पाद संस्कृत शब्द हो । पालिमा यसलाई 'पटिच्चसमुप्पाद' भनिन्छ । अंग्रेजीमा Law of interdependent origination, Law of dependent origination, Law of cause & effect, wheel of life आदि विभिन्न शब्दावलीहरुमा

भनिन्छ । पालि तथा हिन्दी वाङ्मयका विभिन्न स्रोतहरुमा प्रतीत्यसमुत्पादको परिभाषा निम्नानुसार गरिएको छ ।

**१) शब्द निरुक्ति**

'प्रतीत्यसमुत्पाद' शब्दको निरुक्तिलाई हेर्दा यो शब्द 'प्रतीत्य' र 'समुत्पाद' दुई शब्द मिली बनेको देखिन्छ । 'प्रतीत्य' भनेको 'उक्त कारणले गर्दा' र 'समुत्पाद' भनेको 'साथमा उत्पन्न हुने' भन्ने अर्थ हुन्छ । तसर्थ यसको अर्थ 'उक्त कारणको साथमा यो उत्पन्न भयो' भन्ने अर्थ हुन्छ । 'प्रतीत्य' शब्दको पनि निरुक्ति हेर्ने हो भने 'प्रति' को अर्थ 'अभिमुख' वा 'अगाडि' हो भने 'इत्य'को अर्थ 'जानु' हो । यसर्थ 'प्रतीत्य' भनेको 'अगाडि जानु' हो । 'समुत्पाद' मा 'सम्'को अर्थ संगसंगै र 'उत्पाद'को अर्थ 'उत्पन्न हुनु' हो ।

**२) विशुद्धिमार्ग अनुसारको परिभाषा**

***पटिमुखतितोति वुत्तो हेतुसमुहो अयं पटिच्चोति । सहिते उप्पादेति च इति वुत्तो सो समुप्पादो ।।***

जुन यो संस्कार, विज्ञान आदि उत्पत्तिको निम्ति अविद्या आदि हेतु समूह परस्पर अगाडि गएको छ, त्यसैले 'प्रतीत्य' भनिएको हो । यो हेतु समूहले आफू संगसंगै परस्पर मिल्ने स्वभाव धर्मलाई उत्पत्ति गर्ने भएकोले 'समुत्पाद' भनिएको हो ।

सोहि ग्रन्थको नै अर्को एक स्थानमा 'प्रतीत्यसमुत्पाद' सम्बन्धमा यसरी पनि परिभाषित गरिएको छ, "पण्डितले जान्न योग्य भएकोले 'प्रतीत्य' भनिएको हो । उत्पन्न हुने बेला ठीक रूपमा उत्पन्न हुन्छ, एक्लै एक्लै उत्पन्न हुँदैन, अहेतुवाद पनि उत्पन्न हुँदैन, साथ साथै उत्पन्न हुन्छ, त्यसैले 'समुत्पाद' भनिन्छ । यसरी जुन धर्म प्रतीत्य छ, समुत्पाद छ त्यही 'प्रतीत्यसमुत्पाद' हो । प्रतीत्यसमुत्पादको पहिलो पद "प्रतीत्य" ले शाश्वत दृष्टिको अभावलाई र पछिल्लो पद 'समुत्पाद' ले उच्छेददृष्टिको प्रहाणलाई बुझाउँछ । तसर्थ यी दुवै पद जोडी "प्रतीत्यसमुत्पाद" शब्दले बौद्ध न्याय शास्त्रलाई पनि प्रकाशित गरेको छ । प्रतीत्यसमुत्पादलाई धर्मस्थिति, धर्म नियामता, तथता, अवितथता पनि भनिन्छ । जुन तथागत उत्पन्न भएतापनि नभएतापनि रही नै रहन्छ भन्ने सन्दर्भमा विशुद्धिमार्गमा उल्लेख गरिएको पाइन्छ ।

**३) अभिधम्मत्थसंग्गहो अनुसारको परिभाषा**

***पच्चयसामग्गिं पटिच्च सम सह च पच्चयुपन्न धम्मे उप्पादेतीति पटिच्चसमुप्पादो ।***

अर्थात् जुन प्रत्यय समूह प्रत्यय सामग्रीको अपेक्षा गरी समान प्रत्ययोत्पन्न धर्मको उत्पाद हुन्छ, त्यस प्रत्यय समूह प्रतीत्यसमुत्पाद हो । उत्पत्तिको कारण भएको धर्म 'प्रत्यय' हो र उत्पत्ति हुने धर्म 'प्रत्योत्पन्न' हो । "अविज्जा पच्चया संखारा"मा 'अविज्जा' प्रत्यय हो भन्ने 'संस्कार' प्रत्योत्पन्न हो । समुत्पादमा 'सम्' शब्दको अर्थ 'सह' र 'उत्पाद'को अर्थ 'उत्पन्न गर्नु' हो । अविद्याद्वारा संस्कार उत्पन्न गर्ने बेला अविद्याले केवल संस्कारलाई मात्र उत्पन्न गर्दैन वरु संस्कारसंग मिल्ने चित्त चैतसिक धर्मलाई पनि एकसाथ उत्पन्न गर्छ । तर संस्कार प्रधान हुने भएकोले प्रधान नय अनुसार अविज्जा पच्चया संखारा भनिएको हो ।

**४) आचार्य नरेन्द्रदेवद्वारा लिखित पुस्तक 'बौद्ध धर्म दर्शन' को परिभाषा**

प्रतीत्यसमुत्पादको अर्थ हेतु प्रत्ययको अपेक्षा गरी भावको उत्पाद या प्रादुर्भाव हुनु हो ।

**प्रतीत्यसमुत्पादको प्रतिपादन**

पालि साहित्य अन्तर्गतको संयुक्त निकाय, निदानवर्ग अनुसार, प्रतीत्यसमुत्पाद सिद्धान्तको प्रतिपादन सम्बन्धमा बुद्ध वचन यस प्रकार रहेको छ । "भिक्षुहरु ! बुद्धत्व प्राप्त गर्नुअघि बोधिसत्त्व अवस्थामा रहँदा मेरो मनमा यस्तो कुरा आयो । यो लोक दुःखमा परिरहेको छ । जन्म हुन्छ, वृद्ध हुन्छ, मृत्यु हुन्छ, फेरी जन्म हुन्छ । जरामरणको यस दुःखचक्रबाट निःशरण अर्थात् उन्मुक्ति हुने कुरा थाहा पाउन सकेको छैन । अहो ! जरामरणको दुःखबाट छुटकारा पाउने कुरा मैले कहिले

पत्ता लगाउने ?"

"भिक्षुहरु ! त्यसपछि मलाई लाग्यो - के भएमा जरामरण हुन्छ ? के कारणले जरामरण हुन्छ ? भिक्षुहरु त्यसपछि मैले योनिसोमनसिकार (उचित ढंगले) गरी विचार गरेपछि प्रज्ञा उत्पन्न भयो । मलाई थाहा भयो कि जाति (जन्म) भएपछि जरामरण हुन्छ । जन्म भएकोले नै बुढो भई मृत्यु भएको हो ।"

यसरी बोधिसत्त्वले योनिशोमनसिकार गरी एकपछि अर्को कारण पत्ता लगाउँदै जानु भयो । जन्म किन हुन्छ ? भव भएकोले हुन्छ । भव उपादानले हुन्छ । उपादान तृष्णाले हुन्छ । तृष्णा वेदनाले हुन्छ । वेदना स्पर्शले हुन्छ, स्पर्श षडायतनले हुन्छ । षडायतन नामरुपले हुन्छ । नामरुप विज्ञानले हुन्छ । विज्ञान संस्कारले हुन्छ । संस्कार अविद्याले हुन्छ । यसरी अविद्याको समुदयले संस्कारको समुदय हुन्छ, संस्कारको समुदयले विज्ञानको समुदय हुन्छ, विज्ञानको समुदयले नामरुपको समुदय हुन्छ । एवं प्रकारले क्रमशः षडायतन, स्पर्श, वेदना, तृष्णा, उपादान र भव समुदय हुँदै जन्म जरामरण आदि केवल दुःखस्कन्धको समुदय हुन्छ । यहि क्रमले अविद्याको निरोधले संस्कारको निरोध हुन्छ, संस्कारको निरोधले विज्ञानको निरोध हुन्छ, विज्ञानको निरोधले नामरुपको निरोध हुन्छ । एवं प्रकारले क्रमशः षडायतन, स्पर्श, वेदना, तृष्णा, उपादान र भवको निरोध हुँदै जन्म निरोधले जरामरण आदि सम्पूर्ण दुःखस्कन्धको निरोध हुन्छ । यसरी १२ वटा कडीमा गाँसिएको हेतुफलको चक्र नै प्रतीत्यसमुत्पाद ज्ञान हो । यही ज्ञान प्राप्त गरी बुद्ध हुनु भएको सम्बन्धमा उहाँको उद्‌गार यस्तो थियो । "भिक्षुहरु ! समुदयले समुदय बन्ने कुरा, निरोधले निरोध हुने कुरा जुन पहिले कहिल्यै नसुनेको धर्ममा चक्षु उत्पन्न भयो, ज्ञान उत्पन्न भयो, विद्या उत्पन्न भयो, आलोक उत्पन्न भयो ।"

## प्रतीत्यसमुत्पादको गाम्भीर्यता

प्रतीत्यसमुत्पादको दर्शन गम्भीरातिगम्भीर हो भन्ने कुरा बुद्ध स्वयम्‌ले पनि व्यक्त गर्नु भएको छ । बुद्धत्व प्राप्तिको सात हप्तापछि अजपाल वृक्ष मुनि बसी बुद्धले विचार गर्नुभयो – "यो धर्म गम्भीर छ, दुर्ज्ञेय (जान्न गाह्रो), दुर्बोध (बुझ्न गाह्रो) छ, शान्त छ, प्रणीत (उत्तम) छ, तर्कले मात्र अप्राप्य छ, निपुण छ र पण्डितले मात्र बुझ्न सकिने किसिमको छ । सांसारिक तृष्णा मोहको आश्रयमा भुलिरहेका मानिसहरूले यो प्रत्ययबाट यो उत्पन्न हुन्छ भनी देख्नु पर्ने गम्भीरातिगम्भीर प्रतीत्यसमुत्पाद धर्म अवबोध गर्न कठिन हुनेछ । सबै संस्कार र तृष्णाहरू निरोध भएपछि निर्वाण हुन्छ भन्ने कुरा बुझ्न पनि सजिलो हुने छैन । अरुले नबुझेपछि मैले उपदेश गरे पनि व्यर्थको प्रयास मात्र हुनेछ ।"

यसरी भगवान् धर्मोपदेश गर्नमा उत्साहरहित हुनुभएको बुझी सहम्पति महाब्रम्हा भगवान्‌को सामु प्रकट भई धर्मोपदेश गर्नको निम्ति प्रार्थना गर्नुभयो । उहाँको प्रार्थना स्वीकार गर्नु भई भगवान्‌ले ऋषिपतन मृगदावनमा प्रथम धर्मचक्र प्रवर्तन गर्नुभयो । उहाँले प्रथम धर्मचक्र प्रर्वतनमा चतुरार्यसत्यको उपदेश गर्नुभयो । त्यसपछि अनित्य, दुःख र अनात्माको बारेमा अनात्म-लक्षणसूत्र देशना गर्नुभयो । प्रतीत्यसमुत्पाद गम्भीर धर्म भएकोले यसलाई प्रत्यक्ष रूपमा पछि मात्र देशना गर्नुभएको थियो ।

## प्रतीत्यसमुत्पाद र प्रतीत्यसमुत्पन्नधर्म

संयुत्त निकाय, निदान संयुक्तको पटिच्चसमुप्पाद सुत्तमा बुद्धले भन्नुभएको छ – "भिक्षुहरू प्रतीत्यसमुत्पाद भनेको के हो ? भिक्षुहरू ! अविद्याको प्रत्ययले संस्कार हुन्छ । संस्कारको प्रत्ययले विज्ञान हुन्छ । विज्ञानको प्रत्ययले नामरूप हुन्छ । नामरूपको प्रत्ययले षडायतन हुन्छ । षडायतनको प्रत्ययले स्पर्श हुन्छ । स्पर्शको प्रत्ययले वेदना हुन्छ । वेदनाको प्रत्ययले तृष्णा हुन्छ । तृष्णाको प्रत्ययले उपादान हुन्छ । उपादानको प्रत्ययले भव हुन्छ । भवको प्रत्ययले जाति हुन्छ । जातिको प्रत्ययले जरा, मरण, शोक, परिदेव, दुःख, दौर्मनस्य र उपायास हुन्छ । यसरी यो केवल दुःखस्कन्धको समुदय हुन्छ । भिक्षुहरू यसैलाई 'प्रतीत्यसमुत्पाद' भनिन्छ ।

"जुन अविद्या अशेषरूपले विराग निरोध भएपछि संस्कार निरोध हुन्छ । संस्कार निरोध भएपछि विज्ञान

निरोध हुन्छ । विज्ञान निरोध भएपछि नामरूप निरोध हुन्छ । नामरूप निरोध भएपछि षडायतन निरोध हुन्छ । षडायतन निरोध भएपछि स्पर्श निरोध हुन्छ । स्पर्श निरोध भएपछि वेदना निरोध हुन्छ । वेदना निरोध भएपछि तृष्णा निरोध हुन्छ । तृष्णा निरोध भएपछि उपादान निरोध हुन्छ । उपादान निरोध भएपछि भव निरोध हुन्छ । भव निरोध भएपछि जाति निरोध हुन्छ । जाति निरोध भए पछि जरा, मरण, शोक, परिदेव, दु:ख, दौर्मनस्य र उपायास सबै निरोध हुन्छ । यसरी साराका सारा दु:खस्कन्ध निरोध हुन्छ ।"

यस्तै संयुक्त निकायकै पच्चयसुत्तमा भगवान् बुद्धले प्रतीत्यसमुत्पादलाई सार्वजनिक, सार्वकालिक र सनातन हो भनी यस प्रकारले व्यक्त गर्नुभएको छ – "भिक्षुहरू प्रतीत्यसमुत्पाद भनेको के हो ? भिक्षुहरू ! जातिको कारणले जरामरण हुन्छ । तथागत उत्पन्न भएको भएपनि उत्पन्न नभएको भएपनि प्रकृतिको यो नियम छ कि एउटा धर्म भयो भने अर्को धर्म उत्पन्न हुन्छ, यसलाई तथागतले राम्ररी बोध गरी जानीकन दर्शाउनु हुन्छ, देशना गर्नुहुन्छ, उपदेश गर्नुहुन्छ, भन्नु हुन्छ, सिद्ध गर्नुहुन्छ, उजागर गर्नुहुन्छ । हेर भिक्षुहरू ! जातिको कारण जरामरण हुन्छ ।"

"भिक्षुहरू ! भवको कारण जाति हुन्छ पूर्ववत् उपादानको कारण भव हुन्छ । तृष्णाको कारण उपादान हुन्छ । वेदनाको कारण तृष्णा हुन्छ । स्पर्शको कारण वेदना हुन्छ । षडायतनको कारण स्पर्श हुन्छ। नामरूपको कारण षडायतन हुन्छ । विज्ञानको कारण नामरूप हुन्छ। संस्कारको कारण विज्ञान हुन्छ । अविद्याको कारण संस्कार हुन्छ । तथागत उत्पन्न भएको भएपनि उत्पन्न नभएको भएपनि प्रकृतिको यो नियम छ कि एउटा धर्म भयो भने अर्को धर्म उत्पन्न हुन्छ, यसलाई तथागतले राम्ररी बोध गरी जानीकन दर्शाउनु हुन्छ, देशना गर्नुहुन्छ, उपदेश गर्नुहुन्छ, भन्नु हुन्छ, सिद्ध गर्नुहुन्छ, उजागर गर्नुहुन्छ, हेर भिक्षुहरू ! जातिको कारण जरामरण हुन्छ । भिक्षुहरू ! यसरी यस्तो कुरा सत्य छ, अवितथता (कहिल्यै फरक नहुने) छ, अन्यथा नहुने हुन्छ, कार्य कारण भएको हुन्छ, भिक्षुहरू ! यसलाई प्रतीत्यसमुत्पाद भनिन्छ ।"

"भिक्षुहरू ! प्रतीत्यसमुत्पन्न धर्म भनेको के हो ? भिक्षुहरू ! जरा मरण अनित्य हो, संस्कृत हो, प्रतीत्यसमुत्पन्न हो, क्षय धर्म हो, व्यय धर्म हो, विराग धर्म हो, निरोध धर्म हो । यसरी नै भिक्षुहरू जाति, भव, उपादान, तृष्णा, वेदना, स्पर्श, षडायतन, नामरूप, विज्ञान, संस्कार, अविद्या पनि अनित्य हो, विराग हो, धर्म हो, निरोध हुने धर्म हो । भिक्षुहरू ! यसैलाई प्रतीत्यसमुत्पन्न धर्म भनिन्छ ।"

भिक्षुहरू ! आर्यश्रावकले यी प्रतीत्यसमुत्पादको नियम र प्रतीत्यसमुत्पन्न धर्मलाई राम्ररी यथार्थरूपले प्रज्ञाले देखेपछि उसलाई - म भूतकालमा थियो कि थिएन ? भूतकालमा म को थिएँ ? म भूतकालमा कस्तो (कस्तो रूप आकारको) थिएँ ? भूतकालमा के के भएर आएको थिएँ ?आदि (पूर्वजन्म) पूर्वान्त सम्बन्धी मिथ्यादृष्टि हुँदैन। यस्तै उसलाई म भविष्यमा हुन्छ कि हुँदैन ? भविष्यमा म के हुन्छु ?, भविष्यमा म कस्तो हुन्छु ? के के हुन्छ ? भन्ने (पुनर्जन्म) अपरान्त सम्बन्धी मिथ्यादृष्टि हुँदैन । यस्तै उसलाई– म छ, म छैन, म के हो ?, म कस्तो हो ?, मेरो जीव कहाँबाट आएको हो ?, कहाँ जाने हो ? भनी वर्तमान समयलाई लिएर पनि आफूमा शंका हुँदैन ।

यसरी शंका नभएको के कारणले ? भिक्षुहरू आर्यश्रावकले प्रतीत्यसमुत्पाद र प्रतीत्यसमुत्पन्न धर्मलाई राम्ररी यथार्थरूपले प्रज्ञा ज्ञानले देखिसकेको हुनाले हो ।"

पच्चयसुत्तमा यसरी भनिएको छ – जातिको समुदयले जरामरणको समुदय हुन्छ । जातिको निरोधले जरामरणको निरोध हुन्छ । यी आर्यअष्टाङ्गिक मार्ग नै जरामरण निरोधगामिनी प्रतिपदा हो । आर्यअष्टाङ्गिक मार्ग यस प्रकार छ - १. सम्यक् दृष्टि, २. सम्यक् संकल्प, ३. सम्यक् वाचा, ४. सम्यक् कर्मान्त ५. सम्यक् आजीव, ६. सम्यक् व्यायाम, ७. सम्यक् स्मृति ८. सम्यक् समाधि । एवं प्रकारले कारणद्वारा समुदय हुने सबै धर्मको निरोध तिर लग्ने मार्ग नै आर्य अष्टाङ्गिक मार्ग हो भनी बताउनु भएको छ । (संयुक्त निकाय, पृ. २९७)

**अनुलोम प्रतीत्यसमुत्पाद (संसारचक्र सञ्चालन)**

प्रतीत्यसमुत्पादको अनुलोम ज्ञान भन्नाले अविद्या देखि क्रमश: दु:ख समुदय हुने क्रमलाई भनिन्छ । यस अनुलोम ज्ञानले संसार चक्र संचालनको व्याख्या गर्दछ र यसको अवबोधले दु:ख र दु:ख समुदय आर्य सत्यको बोध हुन्छ । यहाँ अनुलोमको क्रममा बाह्रैवटा कडिहरूका बारे संक्षिप्तमा व्याख्या गरिएको छ ।

**१) अविद्याको कारणले संस्कारको उत्पत्ति (अविज्जा पच्चया संखारा)**

अविद्या भनेको सहिरूपमा नजान्नु, थाहा नपाउनु हो । "न विदतीति अविज्जा" – न जान्नुलाई नै अविद्या भनिन्छ । चतुआर्य सत्य, प्रतीत्यसमुत्पाद, पूर्वजन्म (पूर्वान्त), पुनर्जन्म (अपरान्त)लाई नजान्नुलाई नै अविद्या भनिएको हो । यस्तै कुशल अकुशल कर्म र त्यसको फलको ज्ञान नहुनु पनि अविद्या हो । त्यसैले अविद्यालाई अर्को शब्दमा 'अज्ञान', 'मोह' वा 'अन्धकार' पनि भनिन्छ ।

अविद्या भनेको के हो ? भन्ने बारेमा भगवान् बुद्धले प्रश्नोत्तर शैलीमा प्रतीत्यसमुत्पाद विभंग पालिमा यसरी बताउनु भएको छ –

*तत्थ कतमा अविज्जा ? दुक्खे अञ्ञाणं, दुक्ख समुदये अञ्ञाणं, दुक्ख निरोधे अञ्ञाणं, दुक्ख निरोधगामिनिया पटिपदाय अञ्ञाणं, अयं वुच्चति अविज्जा ।"*

अर्थात् "अविद्या भनेको के हो ? दु:ख सत्यलाई नजान्नु, दु:ख समुदय सत्यलाई नजान्नु, दु:ख निरोध सत्यलाई नजान्नु, दु:ख निरोधगामिनी प्रतिपदा सत्यलाई नजान्नु जुन स्वभाव छ त्यसैलाई अविद्या भनिएको हो । चतुरार्यसत्यलाई सही रूपमा नजान्नु र मिथ्यारूपले जान्नु यी दुई प्रकारका स्वभावलाई अट्ठकथामा अविद्या भनिएको छ । अट्ठकथाको आधार लिएर महासी सयादोले आफ्नो कवितामा यसरी व्यक्त गर्नु भएको छ –

*"जान्दैन सहीरूपले, हेरेर मिथ्यारूपले अविद्याको कारण*
*सुख हुन्छ ठानी ।*
*आशा राख्दै व्यवस्था गर्छ - त्रिविध कर्मको ।*
*विज्ञान जोडी, नामरूप टाँसी*
*षडायतन ६ अनि ६ स्पर्श वेदनाको कारण ६ तृष्णा उत्पन्न*
*हुन्छ उपादान फेरी ।*
*उत्पत्ति कारण कर्म पोखेर राम्रो नराम्रो भव उत्पन्न हुन्छ ।*
*वृद्ध, मरण र शोक सन्ताप- विलाप अनि शारीरिक ग्लानी,*
*मानसिक पीडा परिडाह जम्मै, यी हुन् सबै मात्र दु:खस्कन्ध ।"*

यथार्थतालाई नजान्नाले दु:खलाई नै सुख, शुभ सम्झी सुखको आशा र कामना गरी उद्योग गरिरहन्छन् । उद्योग गरिरहेको भन्नाले कायसंस्कार, वचीसंस्कार र मनोसंस्कार नामक काय, वची र मनोकर्महरु गरिरहेका हुन् । यी कर्महरु कुशल पनि हुनसक्छ, अकुशल पनि हुनसक्छ । विभङ्ग पालिमा अविद्याको कारणले संस्कार उत्पन्न हुने सम्बन्धमा यसरी उल्लेख गरिएको छ –

*"तत्थ कतमे अविज्जा पच्चया संखारा ? पुञ्ञाभि संखारो, अपुञ्ञाभि संखारो, आनेञ्जाभी संखारो, काय संखारो, वची संखारो, चित्त संखारो।"*

अविद्याबाट संस्कार कसरी उत्पन्न हुन्छ भन्ने सम्बन्धमा यस गाथामा एक किसिमले पुण्याभिसंस्कार, अपुण्याभिसंस्कार र आनेञ्जाभिसंस्कार, अर्को किसिमले कायसंस्कार, वचीसंस्कार र चित्तसंस्कारको उल्लेख गरेको छ । यहाँ पुण्याभिसंस्कार भनेको दान, शील, भावनादि कामावचर कुशल चेतना र रूपावचर कुशल चेतना अथवा कुशल कर्म हुन् । यस्तै कामावचर अकुशल चेतना अथवा अकुशल कर्म अपुण्याभिसंस्कार हो । अरूपावचर कुशल चेतना आनेञ्जाभिसंस्कार हो । 'आनेञ्ज' भन्नाले 'अचल' भन्ने बुझिन्छ ।

शरीरको आधारमा गरिने पुञ्ञाभिसंस्कार, अपुञ्याभिसंस्कारहरू सबै कायसंस्कार हुन् । वचनको आधारमा गरिने पुण्य, अपुण्यादि सबै संस्कार वचीसंस्कार हुन् । शरीर र वचनको आधार बिना सिद्ध हुने पुण्य, अपुण्यादि सबै संस्कार चित्तसंस्कार हुन् । यी सबै संस्कार अविद्याको कारणले उत्पन्न हुने संस्कार हुन् ।

अविद्याको स्वभाव नै सत्यलाई छोप्ने हुनाले यो

'अन्धकार' हो । वास्तविक रूपमा दु:खको खानी भएको पञ्चस्कन्धलाई नै सुख सम्झनाले आशक्ति उत्पन्न हुने हो । अन्य शरीर, कामविषयहरु वा पञ्चस्कन्धप्रति मनपर्ने भाव, मायामोह उत्पन्न भएर आशक्ति उत्पन्न हुने हो । त्यस अविद्याले समुदय सत्यलाई पनि छोप्ने भएकोले त्यो आसक्ति नै दु:खोत्पतिको कारण हो भनेर देख्दैन । त्यो आसक्ति र माया सुखोत्पत्तिको कारण जस्तै लाग्दछ । यसै प्रकारले यथार्थमा सुख भनेको पञ्चस्कन्धको निरोध भई दु:ख निरोध भए पश्चात्को अवस्था निर्वाण हो भनेर नजान्नु अविद्या हो । यस्तै दु:ख निरोधगामिनी प्रतिपदा मार्गलाई नजान्नु पनि अविद्या नै हो । यसको कारण मिथ्या मार्गमा लाग्नु अविद्या हो ।

अविद्याले मूढ भएका प्राणीहरू आफ्नो पञ्चस्कन्ध रूपी शरीर पोषण गर्न, सुखमय बनाउन, सौभाग्यशाली बनाउन, आफ्नो परिवार, ज्ञातिबन्धु, मित्रादिलाई सुखी खुशी तुल्याउन जेसुकै अकुशल कर्म गर्न पनि तयार हुन्छन् र गर्दछन् । यी सबै अविद्याको कारणले उत्पन्न हुने अपुञ्ञाभिसंस्कार हुन् । यी अकुशल अपुण्याभिसंस्कारले अपाय दुर्गतिमा समेत पुऱ्याउँछ । कोही व्यक्तिहरू यो जीवन र अर्को जीवन राम्रो उज्ज्वल बनाउने मात्र उद्देश्य राखी दानशीलादि पुण्य गर्दछन् । ध्यान भावना गर्दछन् । यी सबै वर्तमान र अनागत स्कन्ध सम्बन्धमा अविद्याको कारण पुण्याभिसंस्कार उत्पन्न हुने तरिका हुन् । यी पुण्याभिसंस्कारले पुण्यको स्तर अनुसार मनुष्य, देव र रूप ब्रम्हलोकमा पुऱ्याउन सक्ने हुन्छ । अरूपावचर ध्यान आनेञ्जाभिसंस्कारले अरूप ब्रम्हलोकमा पुऱ्याउन सक्नेहुन्छ ।

यी सबै संस्कारहरू अविद्याको कारणले उत्पन्न हुने संस्कारहरू हुन् । अविद्या र तृष्णाको कारणबाट सुगतिगामी कर्म भन्दा दुर्गतिगामी कर्म संस्कारहरू बढी बन्दछ ।

**२) संस्कारको कारणले विज्ञानको उत्पत्ति (संखार पच्चया विञ्ञाणं)**

संस्कार नामक कुशल कर्म, अकुशल कर्मको कारणले फल भएको विपाक विज्ञान (प्रतिसन्धि चित्त) उत्पन्न हुन्छ । विभङ्ग पालिमा ६ प्रकारका विज्ञानहरूको उल्लेख गरिएको छ - जुन संस्कारका हेतुद्वारा उत्पन्न हुन्छन् ।

***"तत्थ कतमं संखार पच्चया विञ्ञाणं ? चक्खु विञ्ञाणं, सोत विञ्ञाणं, घाण विञ्ञाणं, जिव्हा विञ्ञाणं, काय विञ्ञाणं, मनो विञ्ञाणं, इदं वुच्चति संखार पच्चया विञ्ञाणं ।"***

ती ६ प्रकारका विज्ञानहरू के के हुन् ?– चक्षुविज्ञान, श्रोतविज्ञान, घ्राणविज्ञान, जिव्हाविज्ञान, कायविज्ञान र मनोविज्ञान । आलम्बन अर्थात् पालिभाषामा आरम्मण तथा विषयवस्तुलाई जान्ने स्वभावलाई विज्ञान भनिन्छ । आँखाले रूपारम्मण देख्ने बेलामा उत्पन्न हुने चक्षुविज्ञान, कानले शब्द सुन्ने बेलामा उत्पन्न हुने श्रोतविज्ञान, नाकले गन्ध सुँघ्ने बेलामा उत्पन्न हुने घ्राणविज्ञान, जिब्रोले रस स्वाद लिने बेलामा उत्पन्न हुने जिव्हाविज्ञान, शरीरले स्पर्श गर्ने बेलामा उत्पन्न हुने कायविज्ञान र मनले धर्मलाई आलम्बन गर्दा उत्पन्न हुने मनोविज्ञान गरी ६ प्रकारका विज्ञानहरू छन् ।

चार सत्यलाई थाहा नपाउने अविद्याको कारणले संस्कारादि कुशलाकुशल कर्महरू संचय गरेको व्यक्ति मरेपछि आफ्नो कर्मको कारणले त्यस कर्म अनुरूप कुनै स्थानमा कुनै भवमा मनोविज्ञानको उत्पत्ति हुन जान्छ । कुनै भव (जन्म)मा सर्वप्रथम उत्पन्न हुने मनोविज्ञानलाई प्रतिसन्धि विज्ञान भनिन्छ । पूर्वजन्ममा गरेको पुण्याभि संस्कारले गर्दा अहिलेका जन्ममा काम सुगतिभूमि र रूपभूमिमा प्रतिसन्धि विज्ञान उत्पत्ति हुन्छ । अपुण्याभिसंस्कारले अपाय दुर्गतिभूमि र आनेञ्जाभिसंस्कार ले अरूपभूमिमा प्रतिसन्धि विज्ञानको उत्पत्ति हुन्छ । 'प्रतिसन्धि'को अर्थ 'प्रतिसन्धान' अथवा 'जोड्नु' हो । एक जन्मपछि अर्को जन्म जोड्ने कार्यलाई 'प्रतिसन्धि कृत्य' भनिन्छ । पूर्व भवको संस्कारले यो प्रत्युत्पन्न भवको प्रवृतिकालमा चक्षुविज्ञान, श्रोतविज्ञान आदि विपाक चित्तहरू पनि उत्पन्न हुन्छ ।

अतीत कर्मको कारणले प्रतिसन्धि विज्ञान उत्पन्न भई पुनर्जन्म हुने कुरा बुझ्न धेरै कठिन र दुष्कर छ । यस संसारमा पुनर्भवमा विश्वास गर्ने र नगर्नेहरू छन् । पुनर्भवका विश्वासीहरू मध्ये पनि कसैले 'प्राण' भन्ने तत्त्व एक शरीरबाट अर्को शरीरमा जानाले पुनर्भव सिद्ध हुन्छ भन्ने दृष्टि राख्दछ भने कसैले 'आत्मा' भन्ने तत्त्व एक शरीरबाट अर्को शरीरमा जानाले पुनर्भव सिद्ध हुन्छ भन्ने दृष्टि राख्दछ । कसैले नित्य विज्ञान तत्त्व पुरानो शरीरबाट नयाँ शरीरमा प्रवेश गर्नु नै पुनर्भव हुनु हो भन्ने दृष्टि राख्दछ । यी दृष्टिहरूलाई भगवान् बुद्धले 'शाश्वत दृष्टि' भन्नु भएको छ । त्यस्तै पुनर्भव नै छैन, मरेपछि केहि पनि रहँदैन भन्ने दृष्टिलाई 'उच्छेद दृष्टि' हो भन्नु भएको छ । यी दुबै दृष्टिहरू मिथ्यादृष्टि नै हुन् । मिथ्यादृष्टि अविद्याको अर्को रूप हो ।

संस्कारको कारणले नयाँ जन्मको लागि प्रतिसन्धि विज्ञान उत्पन्न हुन्छ भन्ने विषयमा राम्ररी बुझ्न सकेन भने मिथ्यादृष्टि हुन जान्छ । यस्तै प्रत्येक जन्ममा मरण हुने बेलामा च्यूति चित्त सहित सम्पूर्ण नामरूपहरू निरोध भएर जान्छन्। यसरी सम्पूर्ण नामरूपहरू निरोध भएर गए पनि क्लेशहरू सर्वथा निरोध निर्मूल नभएसम्म कुशल कर्म अकुशल कर्म नामक संस्कारको कारणले नयाँ जन्ममा त्यस ठाउँमा प्रतिसन्धि विज्ञान सहित नयाँ नामरूपहरू अटूट रूपमा उत्पन्न भइरहन्छन् । कारण र कार्य सम्बन्ध राख्ने पद्धतिलाई थाहा नपाउनाले मिथ्यादृष्टि हुन जाने प्रबल सम्भावना हुने भएको कुरालाई आफ्नो 'प्रतीत्यसमुत्पाद' ग्रन्थमा महासी सयादोले उल्लेख गर्नुभएको छ ।

विपश्यना ध्यान भावनाको उदयव्यय ज्ञानस्तरमा पुगेका योगीहरूले आफ्नो अनुभवबाट यथार्थ कुरा फेला पार्न सकिन्छ । अघिल्लो चित्त अन्त हुने बित्तिकै पछिल्लो चित्त एक एक आलम्बनलाई आधार लिइ उत्पन्न हुन्छ । त्यसरी एक चित्त पछि अर्को चित्त निरन्तर उत्पन्न भइरहेको देख्दा योगीमा मरण हुन्छ भनेको सम्पूर्ण जीव जम्मै मरण र विनाश भएर गएको होइन । ती चित्तक्षणहरू जस्तै एउटा चित्त विनाश भएर गएको रहेछ । नयाँ जन्म उत्पन्न हुन्छ भनेको पनि सम्पूर्ण जीव जम्मै एक घन (घनीभूत भई) उत्पन्न भएर आएको सरेर आएको होइन । यी चित्तहरू जस्तै एउटा नयाँ चित्त ( अघिल्लो जन्मको मरणासन्न अवस्थामा प्राप्त गरेको आलम्बनलाई आधार बनाई) उत्पन्न भएको रहेछ भनी चित्त बुझ्ने गरी अवबोध गर्न सकिन्छ ।

### ३) विज्ञानको कारणले नामरूपको उत्पत्ति (विञ्ञाण पच्चया नामरूपं)

नयाँ जन्मको विपाक चित्त उत्पन्न भएर आएको बेलामा ती विज्ञानहरुसंग सम्प्रयुक्त भई अरु वेदना, संज्ञा, संस्कार नामक नाम र कर्मबाट बनेको रूप उत्पन्न हुन्छन् । प्रतित्यसमुत्पाद देशनामा प्रतिसन्धि अवस्थामा उत्पन्न हुने नामरूपलाई विज्ञानको कारणले उत्पन्न हुने नामरूप भनिन्छ।

संयुक्तनिकायको विभङ्ग सुत्तमा बुद्धले भन्नुभएको छ – "भिक्षुहरु, नामरूप भनेको के हो ? वेदना, संज्ञा, चेतना, स्पर्श र मनसिकार । यसलाई नाम भनिन्छ । चार महाभूतको आधार लिई उत्पन्न हुने जुन रूप हो त्यसैलाई रूप भनिन्छ । प्रतिसन्धि चित्त उत्पन्न हुने अवस्थामा त्यसको आलम्बन भइरहेको कर्म, कर्मनिमित्त र गतिनिमित्तलाई आलम्बनगरी अनुभव गर्ने वेदना पनि संगै उत्पन्न हुन्छ । त्यस आलम्बनलाई प्रत्यक्षरुपमा छुने स्पर्श प्रेरणा दिने चेतना र हृदयगम गर्ने मनसिकार चैतसिकहरु पनि एक साथ नै उत्पन्न हुन्छन् । मनुष्य, देव, ब्रम्हाहरूमा त अलोभ, अद्वेष, अमोह नामक तीन हेतुहरू पनि प्रतिसन्धि चित्तसंगै उत्पन्न हुन्छन् । त्यसैले तिनीहरूलाई तिहेतुक प्रतिसन्धि भनिन्छ ।

प्रतिसन्धि चित्तसंगै पृथ्वी, जल, तेज, वायु नामक चार महाभूत, वर्ण, गन्ध, रस, ओज, जीवित रूप नामक कर्मज रूपकलापहरू उत्पन्न हुन्छन् । यी रूपहरूका साथै कायप्रसादरूप, स्त्रीभाव तथा पुरुषभाव नामक भावरूप तथा वस्तुरूप भनेको प्रतिसन्धि, भव, च्युति आदि मनोविज्ञान चित्तहरूको आधाररूप हो । यसरी यी कर्मजरूपकलाप समूहलाई पालिमा 'पठमं कललं होति'

अर्थात् 'सर्वप्रथम कलल जलप्रसाद उत्पन्न हुन्छ' भनिएको छ । यो रूप ज्यादै सूक्ष्म हुने भएकोले प्राकृतिक आँखाले देख्न सकिदैन । यो रूप आमाको गर्भमा शुक्र सोणित रूपको आश्रय लिएर उत्पत्ति वृद्धि भएर आउँछ । शुक्र सोणित भन्नाले आमाबाबुको सहवासबाट शुक्र धातु र ऋतुमति हुने आमामा हुने रक्त अण्ड (डिम्ब) सोणित रुप हुन् ।

यो प्रतिसन्धि विज्ञानले अरूपभूमि, जहाँ रूप हुदैंन, त्यहाँ नाम धर्ममा उत्पति गर्छ । असंज्ञिभूमि, जहाँ नाम हुदैंन त्यहाँ रूप मात्र र पंचवोकार भूमि अथवा पञ्चस्कन्ध भएको कामरूप भूमिमा नाम एवं रूप दुवैको उत्पाद गराउँछ । गर्भबाट उत्पन्न हुने र फुलबाट उत्पन्न हुने प्राणीहरूको नामरूप उत्पत्ति प्राय उस्तै नै हुन्छ । देव, ब्रम्हा, प्रेत आदि औपपातिक प्रतिसन्धि हुनेहरूको नामरूप परिपूर्ण अवस्थामा एकैसाथ उत्पन्न हुन्छ । फोहरमा हुने संस्वेदज प्रतिसन्धिमा पनि आँखा आदि अंग भंग नभएमा पूर्ण अवस्थामै एकै साथ उत्पति हुन्छ भनिएको छ ।

### ४) नामरूपबाट षडायतनको उत्पत्ति (नामरूप पच्चया सलायतनं)

नामरूपको कारणले चक्षु, श्रोत, घ्राण, जिव्हा, काय र मन उत्पन्न हुन्छ जसलाई षडायतन भनिन्छ । चक्षुविज्ञान, श्रोतविज्ञान आदि चित्त चैतसिक धर्महरू चक्षु, श्रोत आदिको आश्रय लिई उत्पन्न हुने भएकोले यिनीहरुलाई आयतन भनिएको हो । चक्षु, श्रोत आदि आयतनहरू त्यस द्वारमा उत्पन्न हुने चक्षुविज्ञान, श्रोतविज्ञान आदिको निवासस्थान, उत्पत्तिस्थान, जुड्नेस्थान तथा तान्ने, फैलाउने, प्रवर्तित हुने स्थान भएकोले तिनीहरुलाई क्रमश:चक्षुआयतन, श्रोतआयतन आदि भनिन्छ ।

नामरूपमध्ये नामद्वारा मन आयतन नामक विपाक चित्तको उत्पत्ति हुन्छ । कर्मजरूपद्वारा चक्षु, श्रोत, ध्राण, जिव्हा र काय आयतनको उत्पत्ति हुन्छ । यसरी पञ्चवोकारभूमिमा नाम र रूपद्वारा षडायतनको उत्पत्ति हुन्छ भने रूपभूमिमा चक्षु, श्रोत र मनआयतन उत्पन्न हुन्छ र अरूपभूमिमा मन आयतनको मात्र उत्पत्ति हुने कुरा अनुरुद्धाचरियप्पणीतोको "अभिधम्मत्थसङ्गहो"मा उल्लेख गरिएको छ ।

### ५) षडायतनबाट स्पर्शको उत्पत्ति (सलायतन पच्चया फस्सो)

षडायतन ६ आयतनहरूको कारणबाट ६ प्रकारका स्पर्शहरू उत्पन्न हुन्छन् । ती हुन् चक्षुसंस्पर्श, स्रोतसंस्पर्श, घ्राणसंस्पर्श, जिव्हासंस्पर्श, कायसंस्पर्श, मनसंस्पर्श । चक्षु र रुपालम्वनलाई आधार लिएर चक्षुविज्ञान उत्पत्ति हुन्छ । चक्षु, रुपालम्वन र चक्षुविज्ञान - यी तीनै धर्महरूको संगम हुनुको कारणले स्पर्श उत्पन्न हुन्छ । यसलाई चक्षु संस्पर्श भनिन्छ । यसरी नै श्रोत, शब्दालम्बन र श्रोतविज्ञानको संयोगले श्रोतसंस्पर्शको उत्पत्ति हुन्छ । सोहि प्रकारले घ्राण-गन्धारम्मण-घ्राणविज्ञान, जिव्हा-रसारम्मण-जिव्हाविज्ञान, काय-फोट्ठवारम्मण-कायविज्ञान, मन-धर्मारम्मण-मनोविज्ञान - यी तीन तीनवटाको संयोगले क्रमश: ध्राणसंस्पर्श, जिव्हासंस्पर्श, कायसंस्पर्श र मनसंस्पर्शको उत्पत्ति हुन्छ। यसरी षडायतनबाट स्पर्शको उत्पत्ति हुने कुरा अनुरुद्धाचरियप्पणीतोको "अभिधम्मत्थसङ्गहो" मा चर्चा गरिएको पाइन्छ ।

### ६) स्पर्शबाट वेदनाको उत्पत्ति (फस्स पच्चया वेदना)

स्पर्शको कारणले वेदनाको उत्पत्ति हुन्छ । चक्षुसंस्पर्शको कारणले चक्षुसंस्पर्शजा वेदना उत्पत्ति हुन्छ । त्यस्तै श्रोत, घ्राण, जिव्हा, काय, मन संस्पर्शले क्रमश: श्रोतसंस्पर्शजावेदना, ध्राणसंस्पर्शजावेदना, जिव्हासंस्पर्शजावेदना, कायसंस्पर्शजावेदना र मनस्पर्शजा वेदना उत्पत्ति हुन्छ । यी वेदनाहरु पनि सुखवेदना, दु:खवेदना र उपेक्षा वेदना गरी तीन प्रकारका हुन्छन् । यी वेदनाहरू प्राय गरी राम्रो दृष्य, सुमधुर शब्द, सुगन्ध, मिठो स्वाद, नरम कोमल वस्तु र मनलाई आनन्द दिने विचार आदि इष्ट आलम्बन भयो भने सुख वेदना उत्पन्न

हुन्छ । नराम्रो दृष्य, कठोर शब्द, दुर्गन्ध, नमिठो स्वाद, खस्रो वस्तु र मनलाई दु:ख, कष्ट, पीडा दिने विचार कल्पना इत्यादि अनिष्ट आलम्बन भयो भने दु:ख वेदना उत्पन्न हुन्छ । अदु:ख असुख प्रकारको विषयवस्तु आलम्बन भयो भने उपेक्षा वेदना उत्पन्न हुन्छ ।

### ७) वेदनाबाट तृष्णाको उत्पत्ति
### (वेदना पच्चया तण्हा)

वेदनामा आसक्त हुने स्वभावले तृष्णा उत्पन्न हुन्छ । धर्मचक्र प्रवर्तन सूत्रमा तृष्णालाई नन्दीराग सहगत अथवा आसक्त हुने, जहाँ तहीं रमाउने स्वभावको भनी बताइएको छ ।

चक्षुसंस्पर्शजा वेदना आदि ६ प्रकारका वेदनाबाट ६ प्रकारकै तृष्णा उत्पत्ति हुन्छ । ती हुन् - रूपतृष्णा, शब्दतृष्णा, गन्धतृष्णा, रसतृष्णा, स्प्रष्टव्यतृष्णा एवं धर्मतृष्णा ।

अर्को दृष्टिकोणबाट तृष्णा तीन प्रकारका छन् - कामतृष्णा, भवतृष्णा र विभवतृष्णा । मन पराउने कामगुणमा प्यास लाग्नु कामतृष्णा हो । शरीर नष्ट भएपनि सत्त्व, जीव वा आत्मा नष्ट हुँदैन, अर्को शरीर पाई सधैं स्थीर रहन्छ भन्ने शाश्वतदृष्टि सहितको तृष्णा भवतृष्णा हो । मृत्युपछि अर्को जन्म हुँदैन भन्ने उच्छेद दृष्टिले युक्त भई उत्पन्न हुने तृष्णा विभवतृष्णा हो । यहाँ भवको अर्थ फेरि उत्पन्न हुनु र विभवको अर्थ फेरि उत्पन्न नहुनु, विनष्ट हुनु हो । माथि उल्लिखित रूपतृष्णा, शब्दतृष्णा आदि छ प्रकारका तृष्णालाई तीन तृष्णा (कामतृष्णा, भवतृष्णा र विभव तृष्णा) ले गुणन गर्दा १८ प्रकारका तृष्णाहरु हुन्छन् ।

सुखवेदनाप्रति आसक्त भई तृष्णा उत्पत्ति हुन्छ । दु:खवेदना हुँदा पनि त्यो दु:खबाट छुटकारा पाई कहिले सुख हुन्छ होला भनी सुख आलम्बनको नै कामना गर्दा तृष्णा उत्पन्न हुन्छ । उपेक्षा वेदना पनि शान्त स्वभावको हुने भएकोले सुख कै सरह हुन्छ र कतिपय अवस्थामा यसको कामना रहिरहन्छ । यसरी वेदनाको कारणले तृष्णा उत्पत्ति हुन्छ ।

### ८) तृष्णाबाट उपादानको उत्पत्ति
### (तण्हा पच्चया उपादान)

उपादान भनेको दृढ आसक्ति हो । यो तृष्णा कै बलियो रूप हो । 'उप' शब्दको 'अतिय', 'अतिरेक', 'दृढतापूर्वक' भन्ने अर्थ हुन्छ । 'आदान'को अर्थ 'ग्रहण' गर्नु हो । रूपालम्बन, शब्दालम्बन आदिमा तृष्णाको प्रथम उत्पत्ति भएपछि त्यसलाई दृढतापूर्वक ग्रहण गरी उपादानको उत्पत्ति हुन्छ । रूपलाई नहेरेसम्म हेर्न मन लाग्नु तृष्णा हो भने हेरेपछि हेरेको हेरै हुनु, फेरि फेरि हेर्न मनलाग्नु, छोड्न नचाहनु उपादान हो । उपादान चार प्रकारका छन् -

१) काम उपादान - कामच्छन्द, कामरागमा लिप्त हुनु । २) दृष्टि उपादान - मिथ्यादृष्टि हुनु, गलत धारणामा तीव्ररुपले आसक्त हुनु । ३) शीलव्रत उपादान - गोव्रत अर्थात गो-चरित्र, कुकुरव्रत अर्थात कुकुर-चरित्र आदिमा दृढ विश्वास हुनु र आसक्त हुनु, ४) आत्मवाद उपादान - आत्मामा दृढ विश्वास हुनु । यी सबै उपादान तृष्णाले नै उत्पत्ति हुन्छ । तसर्थ तृष्णा नै सम्पूर्ण दोषको बीज हो ।

### ९) उपादानबाट भवको उत्पत्ति
### (उपादान पच्चया भव)

उपादानको कारणले भव उत्पन्न हुन्छ । *'भवतीति भवो'* अर्थात् भवको शाब्दिक अर्थ "हुनु" (भवति) हो । भव दुई प्रकारका छन् - कर्म भव र उपपत्ति भव । कर्मले फलको उत्पत्ति हुन्छ । अनागत भवमा फल प्राप्तिको निम्ति गरिने कुशल अकुशल कर्मलाई कर्म भव भनिन्छ । तर वर्तमान भवमा फल प्राप्तिको निम्ति अतीत भवमा उत्पन्न भएको चेतना कर्मलाई त संस्कार नै भनिन्छ । त्यस्तै अनागत भवमा उत्पन्न हुने फलविपाक स्कन्धलाई उपपत्ति भव भनिन्छ । उपादानको कारणले अनागतमा सुख प्राप्तिको निम्ति कुशल अकुशल कर्म गरिन्छ र यसले कर्म भव र उपपति भवको उत्पत्ति हुन्छ । सबै भवगामि कर्मलाई कर्म भव भनिन्छ । उपपति भव भन्नाले कामभव, रूपभव,

अरूपभव, संज्ञाभव, असंज्ञाभव, नैवसंज्ञानासंज्ञाभव, एकवोकार, चतुवोकार, पञ्चवोकार भन्ने बुझिन्छ । यी भवहरु उपादानको कारणबाट सृजना हुन्छ ।

**१०) भवबाट जाति उत्पन्न हुनु**
**(भव पच्चया जाति)**

जातिको अर्थ जन्म हुनु हो । ती ती सत्त्वहरूको त्यस त्यस सत्त्वनिकाय योनीमा स्कन्धको प्रादुर्भाव हुनु, आयतन प्रतिलाभ हुनु, ती ती भूमिमा विपाकचित्त तथा कर्मजरूपको उत्पत्ति हुनु, उपपत्ति भवको उत्पत्ति हुनुलाई नै जाति भनिन्छ । कर्मभव नभएमा उपपति भव हुँदैन र उपपत्ति भवको अभावमा जाति पनि हुँदैन । अर्थकथाहरुमा कर्मभवबाटै जातिको उत्पाद हुने मानिएतापनि अर्थकथा कै मूलटीका ग्रन्थहरुमा कर्मभव र उपपत्ति भव दुवै नै जातिको उद्‌भव स्थल मानिएको छ । यस्तै प्रवृतिकालमा चक्षुविज्ञान आदि विपाक नामरुपको उत्पत्तिलाई पनि जाति भनिएको छ । 'अभिधर्मभाजनीय' मा कुशल, अकुशल, क्रिया, ऋतुज, आहारज एवं चित्तज रूपको उत्पादलाई पनि 'जाति' मानिएको कुरा अनुरुद्धाचरिय-प्पणीतोको "अभिधम्मत्थसङ्गहो" मा उल्लेख छ ।

**११) जातिबाट जरामरण (जाति पच्चया जरामरण)**

**जाति अर्थात् जन्मको कारणले जरामरण आदि दुःखहरु उत्पन्न हुन्छन् । यस संसारमा जन्मने प्रत्येक जीवलाई जरामरण आदि दुःखले पछ्याइरहन्छ । यी मध्ये जरामरण दुई प्रकारका छन् -**

१) प्रकट जरामरण २) अप्रकट जरामरण ।

रूपको छिपेको अवस्था (स्थिति क्षण)लाई जरा भनिन्छ । यसको विनाश हुने अवस्था (भू क्षण) लाई मरण भनिन्छ । यो जरामरण स्पष्टरूपले प्रकट नहुने हुँदा 'अप्रकट जरामरण' भनिन्छ । दाँत झर्नु, कपाल फुल्नु, छाला चाउरिनु, आँखाले नदेखिनु, कानले नसुन्नु, ढाड कुप्रिनु इत्यादिलाई आँखाले स्पष्ट रुपले देखिने हुँदा 'प्रकट जरामरण' भनिन्छ । जीवनको अन्तिम समयमा नामरूपको च्यूति काल अर्थात् मर्नुलाई आँखाले देखिने हुँदा 'प्रकट मरण' भनिन्छ ।

जातिकै कारणले बन्धुबान्धव, यशकीर्ति सम्पत्ति विनाश तथा रोगादिद्वारा ग्रसित हुँदा मनमा हुने अनुताप, परिदेव (शोक, रोइकराई विलाप गर्ने), शारिरीक दुःख, प्रिय वियोग, अप्रिय संयोग, इच्छा गरेको पूरा नहुनु, यशकीर्ति धनजन विनाश भएकोले मनमा हुने दौर्मनस्य, शोक परिदेव भन्दा चर्को हुनेगरी बाहिर निस्कन नसकी भित्रभित्रैबाट पोलिराख्ने क्लान्त हुने, थाक्ने, मूर्छा हुने उपायास उत्पन्न हुन्छ । यसरी 'जाति'को कारणले यी सारा दुःखहरू उत्पन्न हुन्छन् ।

**प्रतिलोम प्रतीत्यसमुत्पाद (संसारचक्रको निरोध)**

प्रतीत्यसमुत्पादको प्रतिनुलोम ज्ञान भन्नाले अविद्या निरोध गर्दै क्रमशः सम्पूर्ण दुःखस्कन्धको निरोध क्रमलाई बुझिन्छ । यस प्रतिलोम ज्ञानले संसारचक्र निरोध हुने ज्ञानको व्याख्या गर्दछ र यसको अवबोधले दुःख निरोध सत्य र दुःख निरोधगामिनी सत्यको बोध हुने कुरा संयुक्त निकायको निदान-संयुक्तमा उल्लेख गरिएको छ ।

अविज्जायत्वेव असेस विराग निरोधा संखार निरोधो, संखारा निरोधा - विञ्ञाण निरोधो, विञ्ञाण निरोधा - नामरुप निरोधो, नामरुप निरोधा - सलायतन निरोधो, सलायतन निरोधा - फस्स निरोधो, फस्स निरोधा - वेदना निरोधो, वेदना निरोधा - तण्हा नरोधो, तण्हा निरोधा -उपादान निरोधो, उपादान निरोधा - भव निरोधो, भव निरोधा - जाति निरोधो, जाति निरोधा - जरा मरणं, सोक, परिदेव, दुक्खदोमनस्सुपायासा निरुज्झन्ति । एवमेतस्स केवलस्स दुक्खखन्धस्स निरोधो होति ।

लोकोत्तर मार्ग ज्ञानसहित विद्याको कारणले गर्दा अविद्याको निरवशेष निरोधबाट संस्कारको पनि निरोध हुन्छ । संस्कारको निरोधबाट प्रतिसन्धि विज्ञानको निरोध हुन्छ । प्रतिसन्धि विज्ञानको निरोधबाट नामरुपको निरोध हुन्छ । नामरुपको निरोधबाट चक्षु आदि षडायतनको निरोध हुन्छ ।षडायतनको निरोधबाट चक्षुसंस्पर्शआदि छ स्पर्शहरुको निरोध हुन्छ । स्पर्शको

निरोधबाट वेदनाको निरोध हुन्छ । वेदनाको निरोधबाट तृष्णाको निरोध हुन्छ । तृष्णाको निरोधबाट उपादानको निरोध हुन्छ । उपादानको निरोधबाट (कर्म/उपपत्ति) भवको निरोध हुन्छ । भवको निरोधबाट जाति (जन्म लिने) को निरोध हुन्छ । जातिको निरोधबाट जरामरण, शोक, परिदेव, दु:ख, दौर्मनस्य, उपायासादि सबै दु:खहरुको निरोध हुन्छ ।

"अविज्जा पच्चया संखारा......." आदि देशना अनुलोम प्रतीत्यसमुत्पाद हो । "अविज्जायत्वेव असेस विराग निरोधा संखार निरोधो......" आदि देशना प्रतिलोम प्रतीतत्यसमुत्पाद हो । अनुलोम प्रतीतत्यसमुत्पादबाट संसारचक्र दर्शाउँछ भने प्रतिलोम प्रतीतत्यसमुत्पादबाट संसारचक्रको समाप्ती अर्थात् निर्वाण दर्शाउँछ ।जबसम्म अविद्या र तृष्णा समूल नष्ट हुँदैन, तब सम्म अनिश्चित कालीन हेतुफल परम्परा (प्रतीत्यसमुत्पाद) वा दु:खचक्रको अन्त असम्भव छ । भूतकाल र वर्तमान कालका सारा दु:ख समुदयको निरोध वा अन्तबाट मात्र निर्वाणफल प्राप्त गर्न सकिन्छ । यसर्थ सत्त्वप्राणीहरुलाई दु:ख चक्रबाट मुक्त गराउनका लागी नै बुद्धद्वारा प्रतीत्यसमुत्पाद सिद्धान्त को देशना गर्नु भएको हो ।

## सन्दर्भ सूची


- आचार्य, नरेन्द्रदेव - *बौद्धधर्म दर्शन,* विहार, राष्ट्रभाषा परिषद्, प्रथम संस्करण, वि.सं. २०१३
